सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १२ | २०७८, असोज १६-३१ | पूर्णाङ्क ७०२



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	९	इजलास नं. ८	२
इजलास नं. २	५	इजलास नं. ९	४
इजलास नं. ३	३	इजलास नं. १०	३
इजलास नं. ४	२	इजलास नं. ११	१
इजलास नं. ५	७	इजलास नं. १२	१२
इजलास नं. ६	४	इजलास नं. १३	१
इजलास नं. ७	५		
जम्मा	**३५**	**जम्मा**	**२३**

कूल जम्मा ३५ + २३ = ५८

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, असोज – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – ११**
१.	बन्दी प्रत्यक्षीकरण	दावा भन्ने तेम्डी शेर्पा वि. जिल्ला प्रशासन कार्यालय, भक्तपुर	१
२.	लिखत दर्ता बदर	मिना महर्जनसमेत वि. बटुप्रसाद गौतमसमेत	१
३.	उत्प्रेषण	महिन्दर मण्डल वि. भूमिसुधार कार्यालय सुनसरी, इनरूवासमेत	२
४.	उत्प्रेषण / परमादेश	ध्रुवबहादुर के.सी.समेत वि. पुनरावेदन अदालत पाटनसमेत	३
५.	उत्प्रेषण	ददी ढोली वि. उच्च अदालत दिपायल, डोटीसमेत	४
६.	लेनदेन	विशेश्वर राय वि. भुटा राय यादव	५
७.	उत्प्रेषण	सरिता शाही वि. उच्च अदालत तुलसीपुरसमेत	६
८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मुक्तिलाल चौधरीसमेत	७
९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. अर्जुन भन्ने दुर्गाबहादुर खड्कासमेत	८
इजलास नं. २			**११ – १६**
१०.	मानव बेचबिखन तथा ओसारपसार	स्मृति श्रेष्ठ वि. नेपाल सरकार	११
११.	लागु औषध इन्जेक्सन	नेपाल सरकार वि. विष्णु भट्टचनसमेत	१२
१२.	बन्दी प्रत्यक्षीकरण	शारदा क्षेत्री वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत	१४
१३.	निर्णय बदर	बलिरामप्रसाद तेली वि. नेपाल मेडिकल कलेज	१५
१४.	उत्प्रेषण / परमादेश	चिन्तामणी न्यौपाने वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत	१६
इजलास नं. ३			**१६ – २०**
१५.	उत्प्रेषण	वनु सिजापति वि. गृह मन्त्रालय सिंहदरबारसमेत	१६
१६.	उत्प्रेषण	धनबहादुर गुरूङ वि. मालपोत कार्यालय, संखुवासभासमेत	१८
१७.	मूल्य अभिवृद्धि कर	शंकरप्रसाद खरेल वि. प्रकाश भट्टराई	१९

इजलास नं. ४			**२० – २३**
१८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामशङ्कर थारूसमेत	२०
१९.	फैसला बदर	सुनकुमार हयौङ्जु वि. राजकुमार हयौङ्जुसमेत	२२
इजलास नं. ५			**२३ – ४०**
२०.	लिखत बदर दर्ता बदर दर्ता कायम	काजीमान पौडेल वि. टंककुमारी खनाल (भट्टराई) समेत	२३
२१.	उत्प्रेषण / परमादेश	भाइराजा राईसमेत वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	२५
२२.	पुनः मतगणना गरिपाऊँ	भिमबहादुर साउद वि. हर्कबहादुर साउदसमेत	३१
२३.	राजीनामा लिखत बदर	थमनबहादुर पुर्जासमेत वि. ज्ञानु पुर्जा	३३
२४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामबाबुप्रसाद साह कानू	३६
२५.	उत्प्रेषण	मखमली डंगोल वि. भूमिसुधार कार्यालय, काठमाडौंसमेत	३८
इजलास नं. ६			**४० – ४४**
२६.	हाडनातामा जबरजस्ती करणी	निसन भन्ने बुद्धिबहादुर लिम्बू वि. नेपाल सरकार	४०
२७.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. सलामत मन्सुरीसमेत	४२
२८.	करारको यथावत् परिपालन गरिपाऊँ	दिपक नेपाल वि. औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय बालाजुसमेत	४२
२९.	जग्गा खिचोला घर उठाई चलन	चन्द्रकला देवी यादवनी वि. सुकल यादवसमेत	४३
इजलास नं. ७			**४४ – ४८**
३०.	उत्प्रेषण	सत्यनारायण सुतिहार शर्मा वि. निजामती किताबखानासमेत	४४
३१.	बन्दी प्रत्यक्षीकरण	खिमबहादुर कार्की वि. जिल्ला प्रहरी कार्यालय, पर्वतसमेत	४५
३२.	उत्प्रेषण	शम्भुकुमार प्रसाई वि. सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबारसमेत	४६
३३.	डाँका	नेपाल सरकार वि. सुरेश तामाङ लामा	४७
इजलास नं. ८			**४८ – ५२**
३४.	ठगी	नेपाल सरकार वि. घिउकुमारी बस्नेतसमेत	४८
३५.	लागु औषध	नेपाल सरकार वि. विश्वराज गिरीसमेत	५०

इजलास नं.९			**५२ - ५७**
३६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामकुमार खत्रीसमेत	**५२**
३७.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. रामलोचनप्रसाद शाहसमेत	**५३**
३८.	कर्तव्य ज्यान	भानुभक्त गिरी वि. नेपाल सरकार	**५४**
३९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. दिनेश राय	**५५**
इजलास नं.१०			**५७ - ६०**
४०.	जबरजस्ती करणी उद्योग र ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. रूदल सहनी मलाह	**५७**
४१.	जबरजस्ती करणी	सर्वजित वि.क. वि. नेपाल सरकार	**५८**
४२.	उत्प्रेषण	कृतिका गोल्छा वि. हेमनारायण माझी थारूसमेत	**६०**
इजलास नं.११			**६० - ६२**
४३.	जालसाजी	कमलापती कलवार वि. बृजे लोनिया	**६०**
इजलास नं.१२			**६२ - ६७**
४४.	निर्णय बदर, हक कायम	मिना मिश्र वि. आशाकाजी महर्जनसमेत	**६२**
इजलास नं.१३			**६७ - ६८**
४५.	बन्दी प्रत्यक्षीकरण	सविता त्रिताल घिमिरे वि. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबारसमेत	**६७**

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री अनिलकुमार सिन्हा, *०७५-WH-००६३, बन्दीप्रत्यक्षीकरण, दावा भन्ने तेम्डी शेर्पा वि. जिल्ला प्रशासन कार्यालय, भक्तपुर*

हातहतियार तथा खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति २०७४।१२।१५ को फैसलाले मलाई लागेको कैद वर्ष १ कैदमा बसी भुक्तान गरिसकेको अवस्थामा जरिवाना रकम बुझाउन निवेदन पठाउँदा नबुझी म हालसम्म थुनामा नै रहेकोले जरिवाना रकम बुझी थुनामुक्त गरिदिनु भनी विपक्षीका नाउँमा आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेकोमा निवेदकले जरिवाना बुझाएका छैनन् जरिवाना बुझाएमा थुनामुक्त हुने नै हुँदा निवेदन खारेज गरिपाउँ भन्ने दावा भन्ने तेम्डी शेर्पाको लिखित जवाफ रहेको देखिने।

निवेदक मिति २०७३।०८।३० देखि हालसम्म अर्थात् १ वर्ष ११ महिना २५ दिन थुनामा रहेको देखिँदा निजलाई फैसलाले लागेकोभन्दा ११ महिना २५ दिन बढी अवधि कैद बसेको देखिन आयो । फैसलाले लागेको कैदको हकमा भुक्तान भइसकेको र जरिवाना रू.६०,०००।– को हकमा निज ११ महिना २५ दिन बढी थुनामा बसेको अवधिको कानूनबमोजिम हुन आउने रकम जरिवानाबाट कट्टा गरी बाँकी जरिवानाबापतको रकम निवेदकले बुझाउन ल्याए बुझी लिई बन्दीलाई तत्काल थुनाबाट छाडिदिनु भनी विपक्षीका नाउँमा आदेश जारी हुने।

इजलास अधिकृत: चिन्तामणी शर्मा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७५ साल मङ्सिर २५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६८-CI-०७९५, लिखत दर्ता बदर, मिना महर्जनसमेत वि. बटुप्रसाद गौतमसमेत*

वादीहरू र निरन्जनकुमार गौतम अंशियार भएकोमा विवाद देखिँदैन। वादीहरूले अंश पाइसकेको भन्ने निज प्रतिवादीहरूको जिकिर रहेको पनि देखिँदैन । अंशबन्डा भइसकेको कुनै प्रमाण प्रतिवादी पक्षबाट पेस हुन आएको पाइँदैन । निरन्जनकुमारले सो जग्गा निजी आर्जनबाट खरिद गरेको भन्ने पनि देखिँदैन । मुलुकी ऐन, अंशबन्डाको १९(१) र (२) को व्यवस्थाले प्रतिवादीले आफूखुस गर्न पाउने सम्पत्ति रहेको पनि देखिँदैन। अंशबन्डाको १९(२) को अवस्थाको जिकिर प्रतिवादी पक्षले लिए पनि स्वयम् प्रतिवादी निरन्जनकुमारले सो जिकिर लिई प्रतिउत्तर लगाएको अवस्था छैन भने सो अवस्था रहेको भन्ने जग्गा खरिदकर्ता प्रतिवादी पुनरावेदक पक्षले देखाउन सकेको पनि छैन । प्रतिवादी निरन्जनकुमारको एकलौटी हक लाग्ने सम्पत्ति रहेको भन्ने पुष्टि नभइरहेको अवस्थामा त्यस्तो सम्पत्तिमा आफ्नै आमा बाबुसमेतको हक लाग्दैन भन्नु कानूनसम्मत नहुने।

जग्गाधनी निञ्जनकुमार गौतमले कित्ता नं. ३०२ को जग्गा प्रतिवादी अमृता शाक्यलाई रजिस्ट्रेसन नं.२०६७ बाट मिति २०६१/०५/०९ मा लिखत पारित गर्दा एकासगोलका अंशियारको मन्जुरी लिएको र लिखतमा साक्षी राखेको भन्ने देखिएन। सो लिखतको लागि मुद्दा चलिरहेको अवस्थामा प्रतिवादी अमृता शाक्यले रजिस्ट्रेसन नं. ४७१(घ) बाट मिति २०६३/०१/०४ मा प्रतिवादी रंगिला प्रजापती र मिना महर्जनलाई राजीनामाको लिखत पारित गरी बिक्री गरेको देखियो । लगाउको यिनै पुनरावेदक बटुप्रसाद गौतम र प्रतिवादी अमृता शाक्यसमेत भएको दे.पु.नं. ०६७-DP-०१०१४ को लिखत बदर मुद्दामा प्रतिवादी

अमृता शाक्यले राजीनामा गरी लिएको रजिस्ट्रेसन नं. २०६७ बाट मिति २०६१/०५/०९ मा पारित मूल लिखत नै बदर भई मुद्दा अन्तिम भई बसेको देखिने।

यसरी प्रतिवादी अमृता शाक्यले राजीनामा गरी लिएको रजिस्ट्रेसन नं. २०६७ बाट मिति २०६१/०५/०९ मा पारित मूल लिखत नै बदर भइसकेको उल्लिखित तथ्यबाट देखिँदा प्रतिवादी अमृता शाक्यले रजिस्ट्रेसन नं. ४५१(घ) बाट मिति २०६३/०१/०४ मा प्रतिवादीहरू रंगिला प्रजापती र मिना महर्जनलाई राजीनामा पारित गरेको लिखतले समेत कानूनी मान्यता प्राप्त गर्न नसक्ने देखिँदा पुनरावेदन अदालत पाटनबाट लिखत बदर हुने गरी भएको फैसला मनासिब देखिन आउने।

तसर्थ, उपर्युक्त आधार र प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने गरी मिति २०६६/०१/२८ मा भएको फैसला उल्टी भई वादी दाबीबमोजिम नरम गरम मिलाई वादी बटुप्रसाद, यशोदा र राजुको हकमा चार भागको तीन भाग तथा कल्पना गौतमको हकमा मूल चार भागको निरन्जनकुमारको भागमा पर्ने एक भागलाई पुनः चार भाग गरी सोको एक भाग लिखत र प्रतिवादी रंगिला प्रजापती र मिना महर्जनको दर्ता बदर भई वादीहरूका नाउँमा दर्तासमेत हुने ठहरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/०५/१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल माघ १४ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-WO-११६६, उत्प्रेषण, महिन्दर मण्डल वि. भूमिसुधार कार्यालय सुनसरी, इनरूवासमेत*

प्रत्यर्थी राम जानकी गुठीको नाउँमा दर्ता रहेको जिल्ला सुनसरी इनरूवा वडा नं. ३(ख) कि.नं. २७ को क्षेत्रफल ०-९-१३ $^{१}/_{३}$, ऐ. कि.नं. ३० को क्षेत्रफल ०-१२-१६ $^{१}/_{३}$, ऐ. वडा नं. ४(क) कि.नं. २१४ को क्षेत्रफल ०-११-२, ऐ. ऐ. कि.नं. ९५९ को क्षेत्रफल ०-०-१४ र ऐ. ऐ. कि.नं. ९६० को क्षेत्रफल ०-८-१४ समेत जम्मा ज.वि. २-३-०-० जग्गाको निवेदक मोहियानी हकवाला मोही रहेकोमा, निवेदकको भागमा जम्मा ज.वि. २-३-०-० को आधा अर्थात् १-१-१० जग्गा छुट्याई बाँडफाँट गरिनुपर्नेमा ०-१६-० मात्र निवेदकको भागमा छुट्याई बाँडफाँट गर्ने गरी भएको भूमिसुधार कार्यालय सुनसरी इनरूवाको मिति २०७३।१२।१६ को निर्णयउपर चित्त नबुझाई निवेदक महिन्दर मण्डलको तर्फबाट यस अदालतमा निवेदन पर्न आएको देखिने।

प्रत्यर्थी भूमि सुधार कार्यालय सुनसरी, इनरूवाले जिल्ला सुनसरी इनरूवा ४ को कि.नं. ९५९ को ज.वि. ०-०-१४ ससिमै, ऐ. वडा नं. ३(ख) कि.नं. ३० को क्षेत्रफल ०-१२-१६ $^{१}/_{२}$ ससिमै र ऐ. कि.नं. २७ को ज.वि. ०-९-१३- $^{१}/_{२}$ मध्ये पश्चिमतर्फबाट ०-२-१० $^{१}/_{२}$ जग्गा मोहीका नाउँमा र कि.नं. २१४ को ज.वि. ०-११-२, कि.नं. ९६० को ज.वि. ०-८-१४ र कि.नं. २७ को ०-९-१३ $^{१}/_{२}$ जग्गामध्ये पूर्वतर्फबाट बाँकी जग्गा राम जानकी गुठीको नाउँमा बाँडफाँट हुने गरी भएको निर्णय माथि उल्लिखित भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) बमोजिम भए गरेको नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) बमोजिम नरम करम मिलाई जग्गा आधा आधा बाँडफाँट गर्नुपर्ने हो, जसबमोजिम निवेदकले ज.वि. १-१-१० पाउन सक्नेमा ०-५-१० जग्गा कम पाएको अवस्था छ। मिति ०७३।११।१५ मा सर्जमिन भई १८ गते सोउपर निवेदकले निवेदन दिएकोमा सो निवेदनको सन्दर्भमा कुनै कुराको उल्लेख भूमि सुधार कार्यालयको निर्णयबाट भएको देखिँदैन। सर्जमिनमा सही गरे पनि सही गरेकै आधारबाट हक जाँदैन। मोहीले आधा आधा

जग्गा पाउन सक्ने उसको कानूनी हक हो । कानूनी हकको कुरामा विबन्धनको सिद्धान्त आकर्षित पनि नहुने ।

तसर्थ, भूमि सुधार कार्यालय सुनसरी, इनरूवाको मिति २०७३।१२।१६ को निर्णय तथा तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदकको मोही हक रहेको सो जग्गामा नरम करम मिलाई निवेदकको भागमा आधा जग्गा पर्ने गरी बाँडफाँट गर्नु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-WO-०९२८, उत्प्रेषण / परमादेश, ध्रुवबहादुर के.सी.समेत वि. पुनरावेदन अदालत पाटनसमेत*

मिति २०६६/०७/२४ को बन्डा मुचुल्काअनुसार कित्ता नं.१०९६ बाट कित्ताकाट भई कायम भएको कित्ता नं.२११९ को घर जग्गा वादीको नाममा दाखिल खारेज नामसारी भएको देखियो । मिति २०७१/०१/१७ मा भएको नक्सा मुचुल्काको नक्सा नं.५ को कित्ता नं.२११९ को वादीले प्राप्त गरेको घरजग्गा प्रतिवादी पक्षले हटक गरेको भनी मिति २०६८/०६/०५ मा भएको चलन चलाउने आदेश बदर गरी सुरू ललितपुर जिल्ला अदालतले मिति २०७१/०४/१६ मा पुन: चलन चलाई दिएको देखिन्छ । सो चलन चलाउने आदेशउपर अ.बं.१७ नं. को निवेदन परेकोमा पुनरावेदन अदालत पाटनले मिति २०७१/०७/१३ मा उक्त चलन चलाउने सुरू आदेशलाई सदर गरेको देखिने ।

एकपटक अन्तिम भइसकेको फैसला कार्यान्वयन हुँदासमेत प्रतिवादी पक्षले अदालतबाट चलन चलाई दिएकोमा सो चलनमा हटक गरी फैसला कार्यान्वयन हुन नदिने हो भने वास्तविक रूपमा न्याय पाउन सक्ने अवस्था आउँदैन । प्रतिवादी पक्षले सक्षम अदालतबाट फैसला भई अन्तिम भएपछि फैसला कार्यान्वयन हुन नदिई अवरोध गरी चलनमा हटक गरेको कार्यलाई न्यायसङ्गत मान्न सकिँदैन । फैसला कार्यान्वयन गर्न सहयोग गर्नु मुद्दाका पक्षको पनि दायित्व हुन्छ । सो दायित्व पूरा गर्नेतर्फ प्रतिवादी पक्षबाट कुनै सहयोग भएको देखिँदैन । फैसला अन्तिम भएपछि फैसला कार्यान्वयन गरिपाउँ भनी निवेदन परेपछि फैसला कार्यान्वयन गरिदिने दायित्व कानूनले सुरू जिल्ला अदालतलाई तोकेको पाइन्छ । सो दायित्व पूरा गर्ने सिलसिलामा कानूनले तोकेको प्रक्रिया पूरा गरी सुरू ललितपुर जिल्ला अदालतले फैसला कार्यान्वयन गरेको देखिन्छ । सुरू अदालतले कानूनबमोजिम गरेको फैसला कार्यान्वयनको कार्यलाई प्रतिवादी पक्षले पुनरावेदन अदालतमा चुनौती दिएकोमा उक्त फैसला कार्यान्वयन गर्ने सुरू अदालतको आदेशलाई पुनरावेदन अदालत पाटनले सदर गरेको देखिँदा उक्त आदेश कानूनबमोजिम नै भएको देखिने ।

चलन पाएको घर जग्गा आफूहरूले हटक नै नगरेको भन्ने मूल रिट निवेदन जिकिर रहेको देखिन्छ । अदालतको फैसलाअनुसार आफूले प्राप्त गरेको सम्पत्ति वादीले चलन पाउनुपर्छ भन्ने कुरामा विवाद छैन । सो सम्पत्ति प्राप्त गरी सकी निर्विवाद भोग चलन गरिरहेको अवस्थामा हटक गरेकोले पुन: चलन चलाइपाउँ भनी विनाकारण निवेदन दिनुपर्ने अवस्था पनि आउँदैन । अदालतबाट जिती पाएको वस्तु वादी पक्षले पाएको स्थिति हो । सोलाई अन्यथा अर्थ गरी भएको फैसलालाई नै असर पार्ने गरी व्याख्या गर्न मिल्दैन । यसरी अदालतबाट भएको फैसला कार्यान्वयन भएको सन्दर्भमा त्यसलाई अनेक बहानाबाजीमा रोक्नु फैसलाको अन्तिमताको सिद्धान्त प्रतिकूलसमेत हुन जाने ।

उक्त फैसला कार्यान्वयनको आदेशले रिट निवेदकहरूको के कुन हक अधिकार के कसरी हनन हुन गएको हो । सो विषयमा रिट निवेदनमा स्पष्ट खुलाउन सकेकोसमेत पाइँदैन । सक्षम अदालतबाट अन्तिम भएको फैसलालाई कार्यान्वयन गरेको विषयले निवेदकहरूको संवैधानिक हक एवम् कानूनी हक अधिकार हनन हुने अवस्था हुँदैन । सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ । कानूनबमोजिम भएको कार्यले निवेदकहरूको हक अधिकार हनन नभएको अवस्थामा त्यस्तो कार्यउपर रिट निवेदन जारी गर्नसमेत मिल्ने देखिँदैन । अतः प्रस्तुत रिट निवेदनमा कानूनले तोकेको प्रक्रिया पूरा गरी अदालतबाट अन्तिम भएको फैसलाबमोजिम वादी पक्षलाई अंश छुट्याई चलन चलाई दिएको कार्यबाट यी रिट निवेदकहरूको मौलिक हक एवम् कानूनी हक अधिकार हनन भएको अवस्था मिसिल संलग्न कागज प्रमाणबाट नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल फाल्गुण ८ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी, *०७३-WO-०९३४, उत्प्रेषण, ददी ढोली वि. उच्च अदालत दिपायल, डोटीसमेत*

निवेदक ददी ढोलीले कैलाली जिल्ला अदालतबाट जारी भएको पुनरावेदनको म्याद बेरितको भएको भनी बदर गरी पाउन मुख्य दाबी लिएको देखिन्छ । निवेदकले दाबी लिएको यी निवेदककै नामको उक्त तामेली पुनरावेदनको म्यादको मिसिल संलग्न प्रतिलिपि हेर्दा निवेदकले प्रस्तुत निवेदनमै उल्लेख गरेको वतन कैलाली जिल्ला चौमाला गा.वि.स. वडा नं. ३ मा म्याद जारी भएको देखिन्छ । उक्त तामेली म्यादको बेहोरामा म्यादवाला ददी ढोली र निजका घर परिवारसमेत घर आँगनमा म्याद बुझाउन गएका बखत फेला नपरेकोले घर दैलोमा टाँस गरिदिएको छ भन्ने उल्लेख भएको देखिन्छ । साथै सोही वडा नं. ३ कै दुई जना व्यक्तिहरू रोहबरमा बसी दस्तखतसमेत गरेको पाइन्छ । त्यसैगरी एक प्रति म्याद चौमाला गा.वि.स. का मुखिया दिलबहादुर खत्रीको रोहबरमा उक्त गा.वि.स. मा टाँस गरेको र सो गा.वि.स. को छापसमेत लागेको देखिन आएको देखिने ।

उक्त म्याद तामेल गर्ने तामेलदारको नामसमेत स्पष्ट उल्लेख भई निजको दस्तखतसमेत परेको देखिन्छ । निवेदकले आफू उक्त घरमा नबसी अन्यत्र बस्ने गरेको भनी दाबी लिन सकेको देखिँदैन । उक्त तामेली म्याद के कति आधारमा बेरितको भयो भनी स्पष्ट कारण निवेदकले खुलाउन सकेको देखिएन । निवेदकको नाम तथा ठेगानासमेत सही रूपमा उल्लेख भई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं.बमोजिम रीतपूर्वक तामेल भएको सो तामेली म्यादलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको कार्यविधिअनुसार नै निवेदकको पुनरावेदन म्याद तामेल भएको देखिएको हुँदा निवेदकले म्याद तामेली बेरितको भयो भनी दाबी लिएको आधारमा मात्र त्यस्तो कानूनअनुरूप भएको तामेली पुनरावेदन म्यादलाई बेरितको भन्न मिल्ने देखिन आएन । कैलाली जिल्ला अदालतबाट उक्त म्याद बदर नहुने गरी भएको आदेश तथा सो आदेश सदर गरेको उच्च अदालत दिपायलको आदेशसमेत कानूनअनुरूप नै भएको देखिँदा निवेदन दाबीबमोजिम उक्त आदेश बदर हुनुपर्ने नदेखिने ।

उपर्युक्तबमोजिमको आधार कारणबाट जबरजस्ती करणी मुद्दाका प्रतिवादी यी निवेदक ददी ढोलीका नाममा कैलाली जिल्ला अदालतबाट जारी भएको पुनरावेदनको म्याद रीतपूर्वक नै तामेल भएको देखिन आएकोले सो म्यादभित्र पुनरावेदन नगरी हाल

फैसला कार्यान्वयनको क्रममा पक्राउ परेपश्चात् मात्र पुनरावेदन गर्ने अवसर नपाएको भनी उक्त म्याद बदर गरिपाउँ भनी निवेदकले लिएको दाबी युक्तिसङ्गत देखिन आएन । निवेदकको नामको पुनरावेदनको म्याद मुलुकी ऐन, अ.बं.११० नं बमोजिमको कार्यविधिअनुसार नै तामेल भएको र निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भाद्र ९ गते रोज ६ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६८-CI-१०७९, लेनदेन, विशेश्वर राय वि. भुटा राय यादव*

वादी दाबीको कपाली तमसुकमा परेको सहीछापलाई यथास्थितिमा राखी लिखतको सम्पूर्ण बेहोरा केमिकलबाट उडाई पछिबाट बेहोरा थैली मितिसमेत किर्ते व्यवहारबाट लेखी वादीले प्रस्तुत नालेस गरेका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी विशेश्वर राय यादवले अ.बं. ७८ नं. बमोजिम बयान गरेको देखिँदा विवादित लिखतमा लागेको सहीछाप प्रतिवादीको भएकोमा विवाद रहेन । उक्त लिखतको बेहोरा केमिकलबाट उडाई पछिबाट बेहोरा, थैली तथा मितिसमेत मिलाइएको हो वा होइन भन्ने नै विवादको प्रमुख विषयवस्तु रहेको देखिने।

लिखतमा केमिकल प्रयोग गरी लेखाई बेहोरा उडाइएका सङ्केतहरू पाइन्छन्, तर के कति बेहोरा उडाइएका हुन्, यकिन गर्न सकिएन भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट लिखत परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ । उक्त प्रतिवेदनबाट स्पष्ट र यकिन राय व्यक्त भएको पाइएन । पुनरावेदन अदालतको आदेशअनुसार लिखत परीक्षण गर्ने विशेषज्ञ मुकुल प्रधानले बकपत्र गर्दासमेत के कति बेहोरा उडाइएको हो यकिन गर्न नसकिएको भनी उल्लेख गरेको पाइन्छ। त्यस्तो यकिन हुन नसकिएको भन्ने विशेषज्ञको अस्पष्ट राय तथा बकपत्रलाई भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

वादी दाबीको सक्कल लिखत हेर्दा लिखतको प्रकृति र अवस्थासमेतबाट केमिकल प्रयोग गरी उडाई बेहोरा थप गरेको भन्ने स्पष्टरूपमा देखिन आउँदैन। लिखतमा भएको बेहोरा उडाउँदा लिखतमा पर्न सक्ने प्रतिकूल असरसमेतको चिह्नहरू देखिँदैन। रसायन प्रयोग गरी लिखतको बेहोरा उडाएको भए उक्त रसायनको प्रभाव लिखत कागजमा समेत पर्ने हुन्छ । कागज फुलेको अवस्था देखिँदैन। लिखतका अक्षरहरू रसायन प्रयोग गरी मेटाई अर्को बेहोरा थप गरिएको भए सो थप भएको बेहोरा लिखत परीक्षण गर्दा देखिनु पर्ने हो। तर लिखत परीक्षण प्रतिवेदनबाट सो कुरा यकिन हुन सकेको नपाइने।

पुनरावेदक प्रतिवादीले दस हजारको लिखत गरिदिएको कुरा स्वीकार गरेको देखिन्छ। वादी दाबीको लिखतको बेहोरा अस्वीकार गरे पनि लिखतमा भएको सहीछाप आफ्नो भएको तथ्य स्वीकार गरेको देखिन्छ । प्रतिवादीले लिखतमा भएको सहीछाप स्वीकार गरेको अवस्थामा उक्त लिखतमा लेखिएका बेहोरा अन्यथा हुन् भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीको रहेकोमा सो बेहोरा अन्यथा हो भनी प्रमाणित गराउन सकेकोसमेत नदेखिने।

लिखतमा भएको बेहोरा अन्यथा भनी प्रमाणित हुन नसकेको अवस्थामा सो लिखतको बेहोरा सही सद्दे नै रहे भएको मान्नुपर्ने देखिन आउँछ। यस अवस्थामा लिखतबमोजिमको सावाँ तथा ब्याजसमेत भराइपाउने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म अन्यथा देखिन नआउने।

वादीले प्रतिवादीलाई किर्तेतर्फ सजाय

गराउन पुनरावेदन गरेकोसमेत मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन । सुरू फैसलाले प्रतिवादीबाट सावाँ ब्याज भरिपाउने ठहरेउपर प्रतिवादीको पुनरावेदन परेकोमा पुनरावेदन जिकिरमा केन्द्रित रही निर्णय गर्नुपर्नेमा पुनरावेदन दाबीभन्दा बाहिर गई दण्ड सजायको १८ नं. अनुसार प्रतिवादीलाई नै सजायसमेत हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला न्यायोचित मान्न नसकिने।

अतः उल्लिखित आधार, कारणबाट लिखतअनुसार वादीले प्रतिवादीबाट सावाँ ब्याज भराई पाउने ठहर गरेको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६८।९।१३ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, दण्ड सजायको १८ नं. अनुसार तजबिजी रू.१०,०००।- (दश हजार) जरिवानासमेत हुने ठहऱ्याएको हदसम्म उक्त फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई जरिवाना गरिरहन नपर्ने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पौष २४ गते रोज २ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-WO-०६१९, उत्प्रेषण, सरिता शाही वि. उच्च अदालत तुलसीपुरसमेत*

विवादित कि.नं. ११५ को जग्गा नयाँ नापी भइसकेपछि श्यामसुन्दर खेतानबाट आफूले खरिद गरिलिएको, सोको जानकारी विपक्षी विजया शर्मालाई समेत रहे भएको, उक्त जग्गामा आफूले नल र पर्खालसम्म निर्माण गरेको, आफ्नो भोगचलनमा रहेको जग्गा आफूलाई नबुझी विपक्षी विजया शर्माले चलन लिएको अवस्थामा सुरू बाँके जिल्ला अदालतले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को कानूनी व्यवस्थाबमोजिम मिति २०७३।९।२६ मा गरेको आदेश र सोही आदेशलाई सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्जको मिति २०७४।२।१८ को आदेश र सो आदेशहरूबाट भए गरेका काम कारबाही गैरकानूनी छ, उक्त सम्पूर्ण काम कारबाही बदर हुनुपर्छ भन्ने निवेदिकाको जिकिर रहेको पाइयो । सो सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को व्यवस्था हेर्दा, "फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाका पक्षले निवेदन दिएमा अदालतले त्यस्तो सम्पत्ति लेनदेन गर्ने व्यक्तिलाई सात दिने म्याद जारी गरी बुझी सोही मिसिलबाट कारबाही र किनारा गर्न सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत कानूनी व्यवस्थाको रोहबाट हेर्दा, फैसला कार्यान्वयन जस्तो महत्त्वपूर्ण जिम्मेवारी पाएका सुरू अदालतहरूबाट फैसला कार्यान्वयनको चरणमा आइपर्ने समस्या, बाधा, व्यवधानहरूको समाधानका निम्ति मुद्दाका पक्ष विपक्षहरूलाई म्याद जारी गरी झिकाई आवश्यक कुरा बुझ्ने र समस्या समाधानका निम्ति कारबाही किनारा गर्ने अधिकार निजमा निहित रहे भएको देखिएको स्थितिमा निज विपक्षी बाकेँ जिल्ला अदालतको आदेश कानूनविपरीत रहेको भन्ने नदेखिने।

निवेदिकाले उक्त जग्गा श्यामसुन्दर खेतानबाट खरिद गरेको देखिन्छ। निज श्यामसुन्दर खेतानले सो जग्गा लेनदेन मुद्दामा भएको लिलाम सकारबाट प्राप्त गरेकोमा विवाद छैन । सोउपर परेको निज विपक्षी विजया शर्माको लिलाम दा.खा. दर्ता बदर हक कायम गरी चलन चलाई पाउँ भन्ने मुद्दामा यस अदालतसम्म पुनरावेदन परी फैसला अन्तिम भइसकेपछि फैसलाको कार्यान्वयनको क्रममा निज श्यामसुन्दर खेतानले लिलाम सकारेको कार्य बदर भएको अवस्था छ। अतः प्रस्तुत विवादको कि.नं. ११५ को जग्गा सम्बन्धमा मुद्दा चल्दाचल्दैको अवस्थामा पनि उक्त विवादित

जग्गाको खरिद बिक्री, हक हस्तान्तरण हुने कार्य भए गरेको देखिएको र उक्त कार्यबाट फैसला कार्यान्वयनमा चुनौती हुने विश्लेषण गरी जिल्ला अदालत नियमावली, २०७२ को नियम ७८क बमोजिम मुद्दा चल्दाचल्दैको अवस्थामा भएका सम्पूर्ण लिखतहरू बदर गर्ने गरी भएको सुरू अदालतको मिति २०७३।९।२६ को आदेश र सोही आदेशलाई सदर गरेको पुनरावेदन अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७४।२।१८ को आदेश अन्यथा नदेखिँदा प्रस्तुत मुद्दाको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ, विपक्षी विजया शर्माले दायर गरेको लिलाम दा.खा. दर्ता बदर हक कायम मुद्दामा यस अदालतबाट भएको फैसलाबमोजिम निवेदिकाका जग्गादाता श्यामसुन्दर खेतानले सकारेको लिलामबाट निज जग्गाधनी कायम भएको देखिएको र उक्त लिलाम सकारको कार्य नै बदर हुने गरी फैसला भई उक्त फैसला अन्तिम भई बसेको देखिएको अवस्थामा फैसला कार्यान्वयन क्रममा भए गरेको विपक्षीहरूको कार्य अन्यथा नदेखिएको स्थितिसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको काम कारबाहीबाट निज निवेदिकाको संवैधानिक एवं कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल भाद्र २४ गते रोज १ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-०४०९, ०७४-RC-०१५२, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुक्तिलाल चौधरीसमेत, नेपाल सरकार वि. काशीलाल चौधरीसमेत*

प्रतिवादीहरू मुक्तिलाल चौधरी, मोहिलाल चौधरी, उचितलाल चौधरी, भगतराम चौधरी, लालबहादुर चौधरी, धनिलाल चौधरी, जिवनारायण चौधरी, आनन्दलाल चौधरी, अगमलाल चौधरी, इन्द्रनारायण चौधरी, विद्यानन्द चौधरी र रामनारायण चौधरीको कुटपिटबाट गम्भीर घाइते भएका विजयकुमार चौधरीको उपचारको क्रममा मिति २०६६।०७।२९ मा मृत्यु भएको भन्ने बेहोराको जाहेरी रहेको देखिन्छ। मृतकको दुवै खुट्टामा चोट लागेको, पछाडि ढाडमा निलडाम रहेको, टाउकोमा चोट देखिएको भन्ने बेहोराको लास जाँच मुचुल्का रहेको देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको टाउकोमा लागेको चोटको कारण मृत्यु भएको भन्ने उल्लेख गरिएको छ। वारदात स्थलमा रगतको छिटाहरू छरिएको, जमिनमा मानिसको पैतालाले कुल्चिएका पाइलाहरू, सो स्थानमा टुप्पोमा रगत लागी सुकेको अवस्थामा रहेको बाँसको खम्बा फेला परी बरामद गरेको भन्ने बेहोराको घटनास्थल मुचुल्का रहेको देखिन्छ। यसरी, उल्लिखित जाहेरी दरखास्त, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा घटनास्थल मुचुल्काको बेहोराबाट विजयकुमार चौधरीको मृत्यु कुटपिटबाट लागेको चोटको कारण भएको तथ्य विवादरहित रूपमा पुष्टि भएको देखिने।

पुनरावेदन नगर्ने प्रतिवादीहरूमध्येका काशीलाल चौधरी, मसिलाल चौधरी र छविलाल चौधरीको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट फैसला भएकोमा साधकको रोहमा विचार गर्दा, निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा लेनदेनको विषयमा विवाद भई निजहरूले विजयकुमार चौधरीलाई कुटपिट गरेको तथ्य स्वीकार गरी सोही कुटपिटका कारण गम्भीर चोट लागी उपचारको क्रममा विजयकुमार चौधरीको मृत्यु भएको भनी एक अर्कालाई पोल गरी बयान गरेको देखिन्छ। सोही बेहोरा उल्लेख

गरी सुरतलाल चौधरी, सन्जुकुमारी चौधरी, भुटीदेवी चौधरी, सुदिलाल चौधरी, निरकुमार चौधरी, शोभानन्द चौधरी, देवानन्द चौधरी र जयकान्त चौधरीले कागज गरिदिएको देखिने।

वस्तुस्थिति मुचुल्काका उमाकान्त चौधरी, अचमितलाल चौधरीसमेत; घटना विवरण कागज गर्ने सोभानन्द चौधरी, शकुन्तला चौधरी, सञ्जुकुमारी चौधरीसमेत र जाहेरवाला मुक्तिलाल चौधरीले सुरू अदालतमा आई बकपत्र गर्दा अनुसन्धानको क्रममा भनेको भनाइविपरीत बकपत्र गरे तापनि सो बकपत्रलाई अन्य मिसिल संलग्न प्रमाणले समर्थन गरेको देखिँदैन । तसर्थ, प्रतिवादीहरूमध्येका काशीलाल चौधरी, मसिलाल चौधरी र छविलाल चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको देखिँदा परिवर्तन गर्नुपर्ने नदेखिने।

मुक्तिलाल चौधरीसमेतका अन्य बाह्र जना प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ हुने ठहराई भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेकोतर्फ विचार गर्दा, निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा सुरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निज प्रतिवादीहरूले वारदात स्थलमा उपस्थितसम्म रहेको भन्ने तथ्य स्वीकार गरी अनुसन्धानको क्रममा बयान गरेका छन्। तर वारदात स्थलमा उपस्थित भएकै एक मात्र कारण फौजदारी दायित्व सिर्जना हुने होइन । वारदात स्थलमा उपस्थित भई त्यस्तो व्यक्तिले कुनै आपराधिक कार्य गरेको वा वारदातमा संलग्नता रहेको भन्ने स्वतन्त्र एवं विश्वसनीय प्रमाणबाट पुष्टि हुनुपर्ने।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपर वारदात स्थलमा गई ज्यान मार्नमा सहयोग गरेको अभियोगमा सजाय माग गरिए तापनि कुन प्रतिवादीले के कसरी वारदात स्थलमा सहयोग पुऱ्याएको वा के कस्तो संलग्नता रहेको भन्ने स्पष्ट उल्लेख गरी शंकारहित तवरबाट वादी पक्षले प्रमाणित गर्न सकेको अवस्था देखिँदैन । केवल शंकाको आधारमा मात्र फौजदारी अपराधमा कसुरदार ठहऱ्याई सजाय गरिनु फौजदारी न्यायशास्त्रको सिद्धान्तविपरीत हुन जाने।

प्रतिवादीहरू कुटपिट गर्ने कार्यमा संलग्न रहेको भन्ने वादी पक्षले शंकारहित तवरले पुष्टि गर्न नसकेको र सो स्थितिमा शंकाको सुविधा अभियुक्तहरूले पाउने देखिँदा निज प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहराई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादीहरूमध्येका काशीलाल चौधरी, मसिलाल चौधरी र छविलाल चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।२।१ मा भएको फैसला मिलेकै देखिँदा निजहरूको हकमा साधक सदर हुने ठहर्छ। प्रतिवादीमध्येका मुक्तिलाल चौधरी, मोहितलाल चौधरी, उचितलाल चौधरी, भगतराम चौधरी, लालबहादुर चौधरी, धनिलाल चौधरी, जिवनारायण चौधरी, आनन्दलाल चौधरी, अगमलाल चौधरी, इन्द्रनारायण चौधरी, विद्यानन्द चौधरी र रामनारायण चौधरीलाई अभियोग दाबीबाट सफाइ पाउने ठहराई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल पुस १ गते रोज १ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-०७४५, कर्तव्य*

ज्यान, नेपाल सरकार वि. अर्जुन भन्ने दुर्गाबहादुर खड्कासमेत

मिसिल संलग्न जिल्ला स्वास्थ्य कार्यालय, बागलुङबाट मिति २०७०।५।७ मा भएको मृतक तुलसी खड्काको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Asphyxia due to hanging – cause of death will be confirmed on the basis of biochemical analysis of Viscera भनी उल्लेख भएको देखिन्छ। मृतकको शरीरमा विषादीको मात्रा रहे नरहेको वा मृतकको मृत्युको कारण विषादीको सेवन रहे नरहेको भन्ने सन्दर्भको निर्क्यौलका लागि केन्द्रीय प्रहरी प्रयोगशालामा पठाइएको मृतकको Viscera परीक्षणबाट मृतकको शरीरमा विषादीको मात्रा नरहेको भन्ने प्रतिवेदन मिसिल सामेल देखिने।

मृतकको मृत्यु भएकोमा विवाद नदेखिएको प्रस्तुत वारदातमा मृतकको मृत्यु प्रतिवादीहरू अर्जुन भन्ने दुर्गाबहादुर खड्का, प्रतिवादीहरू रीता कार्की, यममाया कार्की, भुमाकुमारी खड्का र रविन कार्कीको कर्तव्यबाट भएको हो वा मृतकको मृत्यु आत्महत्याबाट भएको हो ? मृतकको मृत्यु प्रतिवादीहरूको कर्तव्यबाट भएको हो भने प्रतिवादीहरू क-कसको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भन्ने सन्दर्भमा निजहरूको कसुरजन्य कार्यमा रहेको संलग्नता एवं सोको गाम्भीर्यसमेतलाई विश्लेषण गरी हेर्नुपर्ने देखिने।

सुरू बागलुङ जिल्ला अदालतबाट सफाइ पाएका प्रतिवादीहरू रीता कार्की, भुमाकुमारी खड्का, रविन कार्की र सीता भन्ने यममाया कार्कीलाई सफाइ दिने ठहऱ्याएको फैसला सदर गर्ने र सुरू अदालतबाट अभियोग दाबीबमोजिम कसुरदार ठहर भएका प्रतिवादीहरू अर्जुन भन्ने दुर्गाबहादुर खड्का र एम.बि. भन्ने मनबहादुर थापालाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत बागलुङको फैसला नमिलेकोले बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिने।

प्रतिवादी एम.बि. भन्ने मनबहादुर थापाले अदालतमा आई निजले मृतक तुलसीसँग फोनमा वार्तालाप गरेको, मेसेज आदान प्रदान गरेको, तुलसीलाई पठाएका मेसेज प्रतिवादी दुर्गाबहादुरलाई पठाएको, साउदीबाट निजको खातामा रकम पठाएको, घर फर्किंदा एक मोबाइल सेट ल्याइदिएकोमा निज लिन नआएको र मिति २०७०।५।५ को राति दुर्गाबहादुरले फोन गरी बागलुङमा तुलसीलाई पठाएका मेसेजका सम्बन्धमा कुराकानी गर्न भोलिपल्ट बोलाउँदा राति तुलसीले रूँदै कुरा गरेकी, आफूले डराउन पर्दैन भनेकोमा भोलिपल्ट निजहरू बागलुङ नआएकोले मेरी श्रीमती, साली र म फर्की गएपछि तुलसीको मृत्यु भएको थाहा पाएको हो, मैले कर्तव्य गरी मारे मराएको होइन भनी मृतक तुलसी खड्कालाई आफू विदेशमा रहँदा बस्दा मृतकले आफू अविवाहित हो भन्ने गरेकोले पछि विवाह गर्ने उद्देश्यले निजसँग टेलिफोनमा कुराकानी गर्ने गरेको, निजलाई विदेशबाट पैसा पठाइदिने गरेको भनी आफ्ना समस्त कुरा लेखाई गरेको बयान र निजका साक्षीहरूले अदालतमा आई गरिदिएको बकपत्रको बेहोराबाट निजको बयान समर्थित हुन आएको देखिने।

मिसिल संलग्न कागजातबाट निज प्रतिवादीले मृतकलाई मर्ने, मार्नेसम्मका के गतिविधि गरेका थिए वा उक्त मर्ने, मार्ने कार्यमा निजले के कस्तो प्रकारको षड्यन्त्र गरेका थिए भन्ने कुरा नि:सन्देह स्थापित हुन सकेको देखिँदैन। साथै निज प्रतिवादीले यो यसप्रकारको षड्यन्त्रकारी भूमिका निर्वाह गरेको हो भन्ने कुरा अभियोजन पक्षले सबुद प्रमाणबाट पुष्टि गर्न सकेको स्थिति नदेखिने।

अन्य प्रतिवादीहरू रीता कार्की, भुमाकुमारी खड्का, रविन कार्की र सीता भन्ने यममाया कार्की र अर्जुन भन्ने दुर्गाबहादुर खड्कालाई अभियोग दाबीबमोजिम सजाय नगरेको फैसला मिलेन भन्ने जिकिर सम्बन्धमा हेर्दा, निज प्रतिवादीहरूले

अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरी निजहरूले आफूहरूसमेत भई मृतकलाई मारेको नभई मृतक गोठमा झुन्डिएर आत्महत्या गरेको अवस्थामा देखेको भन्ने बेहोराको एकै मिलानको बयान गरेको देखिने।

फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादीको हुने कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा उल्लेख छ। उक्त कानूनी व्यवस्थाको रोहमा विचार गर्दा, अभियुक्तउपरको कसुर प्रमाणित गर्ने दायित्व अभियोजन पक्षमा रहने र अभियोजन पक्षले वादी दाबी वस्तुनिष्ठ आधारबाट पुष्टि गर्न सकेको अवस्थामा मात्र निजउपर कसुर स्थापित हुन्छ भन्ने हो। फौजदारी मुद्दामा कसैउपर अभियोग लगाउँदा अभियोगबमोजिमको कार्य प्रतिवादीहरूबाट भएको हो भनी शंकारहित तवरबाट प्रमाणित गर्नुपर्ने।

शंकाको भरमा र अपराध भएको सुनेको भरमा कसुरदार कायम गर्न न्यायोचित हुँदैन। कर्तव्य ज्यान जस्तो सङ्गीन फौजदारी मुद्दामा प्रतिवादीहरूको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भन्ने वस्तुनिष्ठ आधार अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा केवल अपुष्ट बेहोराको जाहेरी दरखास्तहरूलाई स्वतन्त्र एवं अकाट्य प्रमाणका रूपमा ग्रहण गरी प्रतिवादीहरूलाई सजाय गर्नु कानून, न्यायका सर्वमान्य सिद्धान्त एवं प्रतिपादित नजिरसमेतको विरूद्ध हुन जाने।

चस्मदिद गवाहको सर्वथा अभाव रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरू मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेको अवस्था एवं मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीहरूको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भनी प्रतिवादीहरूउपरको कसुर प्रमाणित हुन नसकेको अवस्था विद्यमान रहेको देखिने।

शंकाको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to accused) भन्ने अपराधशास्त्रको एक महत्त्वपूर्ण मान्यता स्थापित छ, जसको अर्थ अभियुक्तउपर लगाइएको अभियोग यथेष्ट आधार, कारणबाट पुष्टि नहुञ्जेल कुनै पनि व्यक्तिलाई निर्दोष रहेको अनुमान गर्ने गरिन्छ र शंकाको आधारमा मात्र कसैलाई दोषी करार गर्न हुँदैन भन्ने हो। अर्थात् उक्त सिद्धान्तको मकसद पर्याप्त आधार, प्रमाणबिना नै कसैउपर लगाइएको अभियोग मात्र निजलाई दोषी ठहर गर्ने वस्तुनिष्ठ आधार बन्न सक्दैन भन्ने हुने।

partial hanging भएको अवस्थामा करिब ४.५ के.जी.सम्मको तौलले समेत घाँटीमा रहेका रक्तशीराहरूले गर्ने रक्तसञ्चार कार्य अवरोध हुन पर्याप्त रहने, होचो स्थानमा झुन्डिएकोमा लासले खुट्टा टेकेको वा घुँडा टेकेकोसमेत हुनसक्ने भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। यस हिसाबले लास प्रकृति मुचुल्कामा उल्लेख भएको मृतक तुलसी खड्काको लासमा देखिएका लक्षणहरू चिकित्सा विधिशास्त्रमा झुन्डिएर मरेको देखिने लक्षणहरू भनी मोदीको जुरिस्प्रुडेन्समा वर्णन गरिएको बेहोरासँग मिल्न गएकोले जाहेरीमा उल्लेख भएअनुसार प्रतिवादीहरूले हत्या गरी अपराधबाट बच्नलाई झुन्ड्याएको भन्ने कथनलाई यकिन रूपमा मान्न मिल्ने अवस्था नरहने।

मृतकको मृत्यु Asphyxia due to Hanging भनी उल्लेख भएको मृतकको शव परीक्षण प्रतिवेदन र सोहीअनुरूपको शव परीक्षण गर्ने चिकित्सकको बकपत्र एवं प्रतिवादीहरूउपरको वादी दाबी मिसिल संलग्न अन्य स्वतन्त्र सबुद प्रमाणबाट वस्तुनिष्ठ तवरले पुष्टि हुन नसकेको स्थिति, आधार, कारणलाई विश्लेषण गरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत बागलुङको फैसला अन्यथा देखिएन। यस स्थितिमा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोहीअनुरूपको विद्वान् शाखा अधिकृतको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विश्लेषण भएअनुसार प्रत्यर्थी प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरबाट तथ्यगत रूपमा अभियोजन पक्षले पुष्टि गर्न सकेको नपाइएको र शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहे भएको हुँदा प्रत्यर्थी प्रतिवादीहरू रीता कार्की, भुमाकुमारी खड्का, रविन कार्की, सीता भन्ने यममाया कार्की, अर्जुन भन्ने दुर्गाबहादुर खड्का र प्रतिवादी एम.बि. भन्ने मनबहादुर थापालाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भाद्र २७ गते रोज ४ शुभम् ।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-CR-२०४२, मानव बेचबिखन तथा ओसारपसार, स्मृति श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीहरूले मिलेमतो गरी पासपोर्ट र रूपैयाँविना नै विदेशमा पठाइदिने लालसा देखाई ललितपुरबाट हेटौंडा हुँदै भैरहवासम्म पुऱ्याई भारतको बम्बईमा लगी त्यहाँबाट विदेश पठाइदिने प्रलोभन देखाई बिक्री वितरण गरी वेश्यावृत्तिमा लगाउन खोजेको हुँदा प्रतिवादीहरू विना मानन्धर, स्मृति श्रेष्ठ, रामलाल तामाङ र धनबहादुर वि.क.लाई मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुनुपर्छ भनी पीडित जाहेरवालाहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरी सो बयान आफूहरूले स्वतन्त्रतापूर्वक गरेको हो भनी सुरू अदालतमा आई आफूले गरेको बयानलाई समर्थन गरेको र निजहरूले आफ्नो जाहेरी दरखास्तसमेतलाई समर्थन हुने गरी बकपत्रसमेत गरेको देखिने ।

प्रतिवादी स्मृति श्रेष्ठले जाहेरवालाहरूलाई साउदी लैजान भनी म तथा धनबहादुर वि.क. र रामलाल तामाङ भई ललितपुरको मंगलबजारबाट हेटौंडा हुँदै सुनौलीतर्फ लिई जाने क्रममा भैरहवामा पुग्दा सर्भ नेपाल संस्थाका महिलाले गाडी रोकी चेक जाँच गर्दा मसमेत भागी गएको हो । जाहेरवालीहरूलाई विना मानन्धरको सल्लाहबमोजिम बम्बईमा लगी त्यहाँबाट धनबहादुरले अर्काको पासपोर्टमा साउदी लैजाने सल्लाहअनुसार लगेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र अर्की पुनरावेदक प्रतिवादी विना मानन्धरले अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा समेत बयान गर्दा, जाहेरवालीहरूलाई भारतको बम्बई हुँदै पासपोर्ट र पैसाविना साउदीसमेतका देशमा पठाउने गरी लैजान लागेका हौं । त्यसमा निजहरूलाई साउदी अरब पठाउने कार्य मसमेतका प्रतिवादीहरूको संलग्नतामा भएको हो भनी उल्लेख गरेको देखिने ।

प्रतिवादीहरू स्मृति र विना दुवैको बयान बेहोराबाट जाहेरवालीहरूलाई वैदेशिक रोजगारीका लागि साउदी पठाइदिने भनी भारतको बम्बै लैजाने क्रममा ललितपुर मंगलबजारबाट ल्याई हेटौंडा बसी भैरहवा पुग्दा पक्राउ परेको तथ्यमा समेत साबित नै रहेको देखियो । पीडित जाहेरवालीहरूसँग नेपाली नागरिकता एवं पासपोर्टसमेत नभएको तथ्यमा प्रतिवादीहरूसमेतको विवाद रहेको देखिन आएन । स्मृति श्रेष्ठको पति प्रतिवादीमध्येका रामलाल तामाङ भूमिश्वर इन्टरनेसनल प्रा.लि.का सञ्चालक रहेको र वैदेशिक रोजगारीको लागि कामदार पठाउने कार्य गर्ने गरेको भन्ने निजैहरूको बयान बेहोराबाट नै खुल्न आएको र पुनरावेदक प्रतिवादी विना मानन्धर सोही प्रा.लि.मा कार्यरत कर्मचारी भएको भन्ने देखिएको हुँदा यी पुनरावेदक प्रतिवादीहरूलाई पासपोर्ट र भिसा नभईकन वैदेशिक रोजगारका लागि मानिस पठाउन सकिँदैन भन्ने तथ्य थाहा नहुने भन्ने

देखिँदैन । यस्तो अवस्थामा पासपोर्ट नै नभएका पीडित जाहेरवालीहरूलाई वैदेशिक रोजगारीका लागि साउदी पठाउन लागेको भन्ने निजहरूको बयान बेहोरा विश्वासलायक देखिन नआउने ।

प्रतिवादी र पीडितहरूको बिचमा कुनै नाता सम्बन्ध र अन्य निकट सम्बन्ध रहेको भन्ने पनि देखिँदैन । प्रतिवादी स्मृति र निजको पति रामलालले आफैँले खर्च हाली पीडितलाई लैजानुपर्ने अन्य कारण अवस्थासमेत मिसिल संलग्न प्रमाणबाट नदेखिएको हुँदा पुनरावेदक प्रतिवादीहरूले पीडितहरूलाई नेपालबाट भारतको बम्बैसम्म लैजानुको उद्देश्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(२) को कसुरजन्य कार्यबाहेक अन्य उद्देश्य वा कार्य रहे भएको भन्ने प्रमाणहरूबाट देखिन नआएकोले पुनरावेदक प्रतिवादीहरूले आरोपित कसुर गरी पीडितहरूलाई भारतको बम्बैसम्म लैजाने उद्देश्यले नेपालभित्रै एक ठाउँबाट अर्को ठाउँ ललितपुरको मंगलबजारदेखि हेटौंडा हुँदै भैरहवासम्म पुऱ्याउने कार्य गरेको तथ्य प्रमाणबाट स्थापित हुन आएको देखिने ।

पुनरावेदक प्रतिवादीहरू स्मृति श्रेष्ठ र विना मानन्धरसमेतले जाहेरवालीहरू सिता वि.क. र रोसनी तामाङलाई विदेशमा राम्रो जागिर पाउँछ भनी प्रलोभनमा पारी ललाई फकाई विदेश जान आवश्यक पर्ने नागरिकता, पासपोर्टसमेतका कागजात र रूपैयाँसमेत केही नभएका व्यक्तिहरूलाई आफैँले रूपैयाँ हाली ललितपुरको मंगलबजारबाट लगी एक दिन हेटौंडा राखी अर्को दिन सुनौली पुऱ्याई त्यहाँबाट बम्बई लगी त्यसपश्चात् अर्काको पासपोर्टबाट साउदी पठाउने योजना बनाई जाहेरवालीहरूलाई नेपाल भारतको सीमामा भारतमा बाबु आमा भेट्न जान लागेको भनी बनावटी कुरा गर्न लगाई आफूहरू अगाडि गई जाहेरवालीहरूलाई छुट्टै जान भनी शंकास्पद व्यवहार गरी जाहेरवालीलाई रूपन्देही जिल्लाको भैरहवासम्म पुऱ्याई पुनरावेदक प्रतिवादी स्मृति श्रेष्ठ र विना मानन्धरले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र दफा ४(२) (ख) बमोजिमको कसुर अपराध गरेको पुष्टि भएकोले निजहरूलाई सोही ऐनको दफा १५(१) को खण्ड (ङ) को देहाय (२) बमोजिम सजाय गर्ने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिन आउने ।

तसर्थः माथि विवेचित आधार कारणहरूसमेतबाट पुनरावेदक प्रतिवादी स्मृति श्रेष्ठ र विना मानन्धरले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा ३(१) र दफा ४(२) (ख) बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निजहरूलाई सोही ऐनको दफा १५(१) को खण्ड (ङ) को देहाय (२) बमोजिम १० वर्षका दरले कैद र रू.५०,०००/- का दरले जरिवाना हुने र सोही ऐनको दफा १७(१) बमोजिम प्रतिवादीहरूबाट पीडितहरूले जनही रूपमा रू.२५,०००/- का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७०।०५।२६ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।११।२६ को फैसला सदर हुने ।

इजलास अधिकृत: मिनबहादुर कुँवर र नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस २२ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७१-CR-०६१४, लागु औषध इन्जेक्सन, नेपाल सरकार वि. विष्णु भट्टचनसमेत*

लागु औषध बिक्री वितरणको लागि लिई हिँडेको, बिक्री गरेको वा यो यस व्यक्तिलाई बिक्री गर्नलाई ल्याएको वा बिक्री गर्न लागेको भन्ने पुष्टि हुने

प्रमाण देखिँदैन। सेवन गर्नको लागि ल्याएको भनिएको लागु औषधलाई ओसार पसार गरेको भनी तर्क गर्न न्यायसङ्गत हुँदैन। कानूनमा प्रयुक्त भएको खरिद गर्ने, ओसारपसार गर्ने भन्ने वाक्यांश बिक्री वितरणको लागि ओसारपसार गरेको कार्यसँग तादम्य रहेको देखिन्छ। लागु औषध खरिद गर्न र ओसार पसार आफैँमा स्वतन्त्र कार्य नै देखिए पनि कुन प्रयोजनका लागि खरिद गरी ल्याएको हो भन्ने तथ्य यकिन गरिनुपर्ने।

लागु औषध खरिद वा ओसारपसारको कसुर गरेको देखिने आधारहरूमा बरामदी लागु औषधको प्रकृति, त्यसको मात्रा प्रतिवादीहरूको लागु औषधको कारोबारोमा यसअघि रहेको संलग्नतासमेतलाई विचार गर्नुपर्ने हुन्छ। प्रतिवादीहरूको बासस्थान काठमाडौंमा रहेको भन्ने अभियोगपत्रमा उल्लेख भएको र सोही वतन रहेको भन्ने प्रतिवादीहरूको बयानबाट पनि देखिएको छ। लागु औषधसाथ पक्राउ परेका दुवै जना प्रतिवादीहरूले बयान गर्दा आफूहरू लागु औषध इन्जेक्सनबाट सेवन गर्ने गरेको, काठमाडौंमा किन्दा महङ्गो पर्ने भएकोले भारत रक्सौलमा सस्तो पाइने भएकोले भारत रक्सौलमा गई बरामदी लागु औषध खरिद गरेको भन्ने उल्लेख गरेको देखिने।

बरामद भएको लागु औषधको संख्यात्मक गणना गर्दा २२५ थान देखिए पनि बरामदी लागु औषध तीन प्रकारको रहेको देखिन्छ। ती बरामदी लागु औषधको सेवनका मात्रामा ती तीनथरी नै मिलाएर एक सेट लागु औषधको रूपमा इन्जेक्सनद्वारा सेवन गर्ने भन्ने प्रतिवादी विवेक राईको बयानबाट देखिएको छ। आफूले सेवन गर्ने लागु औषध खरिद गर्न काठमाडौंदेखि भारत रक्सौलसम्म गई खरिद गर्दा प्रतिवादी विवेक राईबाट ३८ सेट, ज्योति भट्टचनबाट ३७ सेट बरामद भएको लागु औषधको मात्रालाई ठुलो मात्राको लागु औषध रहेको र सो परिमाण बेचबिखन गर्ने उद्देश्यबाटै खरिद गरी ल्याएको भनी अर्थ गर्ने अवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा देखिन नआउने।

बरामदी मुचुल्का, बरामदी परिमाण प्रतिवादीहरूको मौकाको र अदालतमा भएको बयानमा उल्लिखित बेहोरासमेतबाट यी प्रतिवादीहरूले उक्त लागु औषध बिक्री वितरण तथा ओसार पसारको लागि खरिद गरी ल्याएको हो भन्ने पुष्टि हुने कुनै आधार प्रमाण देखिँदैन। बरामदी लागु औषधको परिमाण बिक्री कारोबार प्रयोजनकै लागि खरिद गरेको भन्ने र प्रतिवादीहरूले बिक्री वितरण गर्ने गरेको भन्ने देखिने प्रमाणको अभावमा प्रतिवादी विवेक राई र ज्योति भट्टचनले अभियोगपत्रमा दाबी लिएको लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ) र (च) को कसुर गरेको भन्ने देखिन आएन। निजहरूको अनुसन्धानको क्रममा भएको बयान, बरामद भएको लागु औषध सेवनको प्रक्रिया तथा परिमाणसमेतबाट यी दुवै प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिम निषेधित लागु औषध सेवनको कसुर गरेको देखिन आएकोले सुरू पर्सा जिल्ला अदालतले निजहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (ङ) र (च) को कसुर कायम गरी सोही ऐनको दफा १४(१)(झ) बमोजिम जनही २ वर्ष कैद र रू. १,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याएको मिति २०७०/०७/११ मा भएको फैसला केही उल्टी गरी अब उक्त ऐनको दफा ४ को खण्ड (छ) को कसुर कायम गरी सोही ऐनको दफा १४(१)(ज) बमोजिम जनही २ महिना कैद र २ (दुई) हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०३/१७ मा भएको फैसला मनासिब देखिने।

प्रतिवादीहरू ज्योति भट्टचन र विवेक राईले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत बयान गर्दा उक्त लागु औषध खरिद गर्न भनी स्कुटर प्रयोग गर्न यी प्रतिवादी विष्णु भट्टचनसँग अनुमति लिएको भन्ने अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष गरेको बयानमा उल्लेख भएको देखिँदैन। यी प्रतिवादीले विष्णु

भट्टचनको स्वीकृतिबेगर प्रतिवादीहरू ज्योति भट्टचन र विवेक राईले यी प्रतिवादी विष्णु भट्टचनको नाउँ दर्ता रहेको बा.५१ प ६८०० नं. प्रयोग गरेको देखिएको र प्रतिवादी ज्योति भट्टचन र विवेक राईउपरको लागु औषध कारोबार गरी लागु औषध खरिद एवं ओसारपसारमा लिएको अभियोग दाबी पुग्न नसक्ने ठहर भएकोसमेतबाट लागु औषध ओसारपसारमा प्रयोग भएको भनी जफत हुने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०७०/०७/११ को फैसला उल्टी गरी स्कुटर जफत नहुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०३/१७ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीहरू ज्योति भट्टचन र विवेक राईलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम लागु औषध सेवन गर्ने कसुर ठहर गरी बरामद स्कुटर जफत नहुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०३/१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरू ज्योति भट्टचन र विवेक राईलाई अभियोग मागदाबीबमोजिम सजाय गरी प्रतिवादी विष्णु भट्टचनको नाउँ दर्ताको बरामद भएको स्कुटर जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-WH-००७७, बन्दीप्रत्यक्षीकरण, शारदा क्षेत्री वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदक गंगाहरी न्यौपानेले छाउनी अस्पतालमा कार्यरत सिपाही गौरीशंकर पोखरेललाई विदेश शान्ति सेना पठाइदिन्छु भनी रकम ठगी गर्न खोजेको अवस्थामा पक्राउ गरी ल्याई प्रारम्भिक अनुसन्धान हुँदा निज प्रतिवादीले नेपाली सेनाको जबरजंग गण रूपन्देहीमा कार्यरत हुँदा समुन्द्र पौडेललाई विदेश शान्ति सेना पठाइदिन्छु भनी निजले विभिन्न नक्कली कागजातहरू बनाई निज समुन्द्र पौडेल कार्यरत रहेको स्थानमा शान्ति सेना छनौट गरिएको भन्ने बेहोराको पत्र पठाई निजले निज समुन्द्र पौडेलसँग रू. ४,००,०००।- रकम ठगी गरेको भन्ने जाहेरी पर्न आएको हुँदा सोही विषयमा अनुसन्धानको लागि मिति २०७४/०१/०६ गतेबाट लागु हुने गरी काठमाडौं जिल्ला अदालतबाट म्याद थप अनुमति लिई अनुसन्धान हुँदा निज प्रतिवादीले विभिन्न व्यक्तिहरूलाई ठगी गर्नको लागि सर्वोच्च अदालतको छाप, नेपाली सेना कार्यरथी विभागको छापसमेत बनाई नक्कली कागजात तयार गर्न डेरा कोठामा लुकाई छिपाई राखेको अवस्थामा बरामद भई ठगी तथा किर्ते मुद्दामा अनुसन्धान कार्य पूरा गरी हाल सक्कल मिसिल जिल्ला सरकारी वकिल कार्यालयमा पेस भइसकेको अवस्था छ भन्ने महानगरीय प्रहरी वृत्त स्वयम्भूसमेतको लिखित जवाफबाट देखिएको।

कानूनद्वारा निषेधित कार्य गरेको भनी उजुर परी अपराध अनुसन्धान गर्न कानूनद्वारा अख्तियारप्राप्त निकायको तर्फबाट निवेदिकाको पति गंगाहरी न्यौपानेलाई पक्राउ गरी अदालतको आदेशअनुसार थुनामा राखी अनुसन्धान भइरहेको देखिएकोले निजलाई गैरकानूनी रूपमा पक्राउ गरी थुनामा राखेको देखिन आएन । कानूनबमोजिम अपराधमा अनुसन्धानको क्रममा अदालतको अनुमति लिई थुनामा राखेको देखिएकोले निवेदन मागदाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी., *०६८-CI-०७३६, निर्णय बदर, बलिरामप्रसाद तेली वि. नेपाल मेडिकल कलेज*

कि.नं. ६५ को जग्गाको फिल्डबुकमा नापीका बखत पर्ती जनिए पनि किसानको बेहोरामा यो जग्गा का.ई. बागदरबार बस्ने रामबहादुर कार्कीको हो भनी उल्लेख भएको देखिन्छ । फिल्ड बुकमा पर्ती जनिएकै आधारमा कोही कसैले कमाएका रहेनछन् भनी भन्न मिल्ने देखिँदैन । मिति २०१९।१।३ मा द्वारिकादास श्रेष्ठको नाममा र.नं ३९१९ को पारित राजीनामाबाट आएको देखिन्छ । सो जग्गा मिति २०१९।१।३ को लिखतबमोजिम नामसारी गरिपाउँ भनी मिति २०३९।०५।१० मा सुशिल संशेर ज.ब.रा. ले गुठी लगत तथा तहसिल कार्यालय भद्रकालीमा निवेदन दिई मिति २०४१।१०।२६ मा उक्त कि.नं. ६५ को जग्गा नापीका बखत पर्ति भन्ने जनिएकोले जग्गाधनीको महलमा श्री पशुपति शंकराचार्य मठ गुठी र दर्तावाला तथा किसानको महलमा पछि ठहरेबमोजिम हुने गरी खाली नै राखी जग्गाधनी प्रमाणपुर्जा माग गर्नु भन्ने गुठी संस्थान केन्द्रीय कार्यालयबाट आदेश भएकोमा उक्त जग्गाको मोहीमा सुशिल संशेरको नाउँ उल्लेख गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त भएको देखिन्छ । उक्त जग्गाको सम्बन्धमा गुठी लगत तथा तहविल कार्यालयबाट श्री पशुपति शंकराचार्य मठ गुठीलाई मिति २०३९।०५।०२।५ मा कि.नं. २५ ३९ र विवादित कि.नं. ६५ को जग्गासमेत सुशिल संशेरको हक कायम कसरी हुन आएको हो भनी सोधनी भएकोमा उक्त मठ गुठी पशुपति देवपतनले पुरानो लगतबमोजिम गजन सिंह थापाले मोहियानी कायम गरेको र त्यसपछि द्वारिकामान श्रेष्ठ र पछि सुशिल संशेर ज.ब.रा.ले उक्त जग्गाको मोहियनी कायम गरी लगतबमोजिम तिर्नुपर्ने तिरो तिर्दै आएको भनी जानकारी गराइएबमोजिम गुठी कार्यालयको उक्त मिति २०४३।०६।७ को निर्णयबमोजिम सुशिल संशेरको नाममा मोहियानी कायम भएको देखिन्छ । सोही मिति २०४३।०६।०७ को निर्णय बदर गरिपाउँ भनी मिति २०४४।५।११ मा राजनबहादुर भन्ने राजन बाबु रिसालले यसै अदालतमा उत्प्रेषणको निवेदन दिएकोमा यस अदालतबाट उक्त निवेदन खारेज हुने ठहरी मिति २०४५।४।३१ मा फैसला भएको देखिने ।

विवादित कि.नं. ६५ को जग्गा सुशिल संशेर ज.ब.रा.बाट तहतह बिक्री हुँदै नेपाल मेडिकल जोरपाटीले राजीनामा पारित गरिलिएको देखिन्छ । उक्त साबिक कि.नं. ६५ को जग्गा रैतानी गरिपाउँ भनी मेडिकल कलेजले गुठी संस्थानमा निवेदन दिएकोमा गुठी संस्थानबाट उक्त नेपाल मेडिकल कलेजले अक्षय कोष राखी रैतानी परिणत गर्ने गरी मिति २०५७।०३।३० मा गुठी संस्थानबाट रैतानी परिणत गरेको देखिन्छ । यसरी विवादित जग्गामा २०४३ सालमा गुठी लगत तथा तहविल कार्यालयबाट मिति २०४३।०६।०७ मा भएको निर्णयमा गुठी संस्थान केन्द्रीय कार्यालयले सहमति जनाई रैतानीमा परिणत भइसकेको जग्गालाई लामो समयपछि उक्त निर्णयको प्रतिकूल हुने गरी गुठी संस्थान केन्द्रीय कार्यालयबाट २०६४।०४।२० मा भएको निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने ।

तसर्थ, काठमाडौं जिल्ला, जोरपाटी गाउ विकास समिति वडा नं ७(ख) कि.नं. ६५ को जग्गा कित्ता काट भई हाल कायम हुन आएका सम्पूर्ण कित्ता जग्गासमेत गुठी अधीनस्थतर्फ दर्ता भई रैतानी नम्बरीमा परिणत भएको लगत कट्टा गरी पशुपति शंकराचार्य मठ गुठीको तैनाथी जग्गा कायम हुने ठहऱ्याई गुठी केन्द्रीय कार्यालयबाट मिति २०६४।०४।२० मा भएको निर्णय कानून र न्यायसङ्गत नहुँदा उक्त निर्णय बदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट

२०६७।११।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २५ गते रोज २ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३-WO-१०३१, उत्प्रेषण / परमादेश, चिन्तामणी न्यौपाने वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत*

निवेदकलाई विभागीय कारबाही गर्ने अधिकार शिक्षा नियावली, २०५० को नियम १४३ को उपनियम (१क) बमोजिम विद्यालय व्यवस्थापन समितिलाई रहेको देखिन्छ। उक्त नियम (१क) विपरीत यी निवेदकलाई विभागीय कारबाही गर्न उल्लिखित कानूनी व्यवस्थाअनुसार तोकिएको अधिकारीबाट सजाय नभई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयको हवाला दिँदै निर्णय गरेको जिल्ला शिक्षा कार्यालय स्याङ्जाको निर्णयलाई कानूनसम्मत मान्न मिल्ने नदेखिने।

निवेदकलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रले विभागीय कारबाहीको लागि पठाएकोमा जिल्ला शिक्षा कार्यालयबाट निवेदकको ३ वर्ष तलब वृद्धि रोक्का गर्ने निर्णय गर्दा सुनुवाइको मौका दिएको भन्ने लिखित जवाफबाट देखिँदैन। कुनै पनि व्यक्तिलाई निजका विरूद्ध लागेको कसुरका सम्बन्धमा सुनुवाइको मौका दिई प्रतिरक्षा गर्ने अवसर दिनुपर्ने हुन्छ। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनमा विभागीय कारबाही गरेको देखिएको र त्यसरी विभागीय कारबाही गर्दा सुनुवाइको मौका नदिई ३ वर्ष तलब वृद्धि रोक्का राख्ने गरी जिल्ला शिक्षा कार्यालयबाट भएको निर्णय स्वच्छ सुनुवाइ गरी भएको नभई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको नदेखिने।

तसर्थ, शिक्षा नियमावली, २०५९ को नियम १४३ को उपनियम (१क) मा विद्यालयमा कार्यरत शिक्षक तथा प्रधानाध्यापकलाई सजाय गर्ने अधिकारी व्यवस्थापन समिति हुने भन्ने स्पष्ट कानूनी व्यवस्थाविपरीत सुनुवाइको मौकासमेत नदिई जिल्ला शिक्षा अधिकारीबाट निवेदक चिन्तामणी न्यौपानेको ३ वर्षसम्म तलब वृद्धि रोक्का राख्ने गरी मिति २०७३।६।१८ मा भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिएको सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकले कानूनबमोजिम प्राप्त गर्ने तलब वृद्धि रोक्का नगरी निजलाई दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत *:* जगतबहादुर पौडेल

कम्प्युटर *:* प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ १७ गते रोज १ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०६७-WO-०७३६, उत्प्रेषण, वनु सिजापति वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

निवेदक मागबमोजिमको उत्प्रेषणको आदेश जारी हुने हो वा होइन ? भन्ने सम्बन्धमा हेर्दा रिट निवेदक वनु सिजापतीको नाममा कि.नं. ४५९ को क्षे.फ. ०-१-१३ रहेको भन्ने कुरा निजको निवेदन बेहोराबाट देखिन्छ। उक्त कि.नं. ४५९ साबिक कि.नं. ४२१ बाट कित्ताकाट भई ४५८ तथा ४५९ कायम भएको पनि मिसिल संलग्न जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिबाट देखिन्छ। कि.नं. ४५८ को जग्गाधनी डम्बरकुमारी सिजापती रहेको र यी निवेदकको नाममा रहेको कि.नं. ४५९ को क्षे.फ. निवेदकले निवेदनमा उल्लेख गरेअनुरूप ०-१-१३ नभई ०-४-१२ $^{3}/_{4}$ रहेको पेस हुन आएको ज.ध. प्रमाणपुर्जाबाट देखिइरहेको

अवस्थामा आफ्नो स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल के कति हो भनी यकिन गरी प्रस्टरूपमा उल्लेख गर्न सकेको नदेखिने।

निवेदकले दाबी गरेको कि.नं. ४५९ को जग्गा २०१६ सालमा अधिग्रहण गर्ने निर्णय भई मिति २०४३।४।१७ मा निजको नामबाट विपक्षी खेलकुद विकास समितिका नाममा दाखिल खारेज नामसारी गर्ने निर्णय भएको भनी निवेदन बेहोरा तथा विपक्षीको लिखित जवाफसमेतबाट देखिन्छ । २०४३ सालमा दाखिल खारेजको निर्णय भएको जग्गाको सम्बन्धमा मिति २०६७।१०।१८ मा आई निवेदकले दायर गरेको उत्प्रेषणको रिट ने.का.प. २०४२, अङ्क ७, नि.नं. २४४१ को निवेदक हरिप्रिया शर्मा विरूद्ध विपक्षी काठमाडौं जिल्ला अदालतसमेत भएको उत्प्रेषण वा अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्ने विषयको रिट निवेदनमा **"आफ्नो हकको प्रचलन गराउनेतर्फ समयमै सजग भई नआई तेस्रो व्यक्तिको हक सिर्जना भइसकेपछि रिट निवेदन दिन आउनेलाई अदालतले मद्दत गर्न सक्दैन"** भनी प्रतिपादित विलम्बको सिद्धान्तका आधारमा समेत प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिने।

क्षतिपूर्ति नै नदिई जग्गा अधिग्रहण गरेको निर्णय बदर हुनुपर्ने भन्ने निवेदन जिकिर रहेकोमा निवेदकको जग्गाको मुआब्जाका लागि प्रकाशित अन्तिम सूचनामा सम्पर्क राख्न नआएको कारण क्षतिपूर्ति प्रदान गर्न नसकिएको भन्ने विपक्षी गृह मन्त्रालयको लिखित जवाफबाट देखिन्छ । अधिग्रहणमा परेको आफ्नो सम्पत्तिका सम्बन्धमा समयमै सम्बन्धित निकायमा गई क्षतिपूर्तिको रकम बुझ्नका लागि सम्पर्क गरेको भन्ने पनि मिसिलबाट देखिँदैन । सम्बन्धित निकायबाट प्रदान गरेको क्षतिपूर्तिको रकममा चित्त नबुझेको भए सो सम्बन्धमा निवेदन दर्ता गराएको भन्ने पनि मिसिलबाट देखिँदैन । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३७ मा यस ऐनको विभिन्न दफाहरूमा क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा स्थानीय अधिकारीले त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्नुपर्ने छ । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिने छ भन्ने व्यवस्था रहेकोमा उक्त कानूनी व्यवस्थाको आधारमा समेत हाल यी निवेदकले क्षतिपूर्ति पाउन सक्ने अवस्था देखिन आएन । यसका अतिरिक्त यस्तै प्रकृतिको रि. नं. ३३९२ को निवेदक डम्बरकुमारी सिजापती विपक्षी नेपाल सरकार गृह मन्त्रालयसमेत भएको उत्प्रेषण परमादेशसमेतको रिट निवेदनमा मागबमोजिम रिट जारी हुने भनी आदेश भएपछि उक्त रिट निवेदनको रूप विचार गरी प्रस्तुत रिट निवेदन दायर हुन आएको देखिने।

तसर्थ, आफूलाई मर्का परेको विषयमा बेलैमा उपचार नखोजी अर्को रिट निवेदनमा हुने आदेशको रूप विचार गरी दायर हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक सफा हातले अदालत प्रवेश गरेको अवस्थासमेत देखिन आएन । यस अवस्थामा "**ने. का.प. २०३७ भाग २२, अङ्क १० नि.नं. १४१०-१ को निवेदक कमल शर्मा विरूद्ध श्रीमान प्रमुखज्यू विद्यार्थी हित शाखा त्रि.वि.वि. शिक्षा शास्त्र अध्ययन संस्थानसमेत**" भएको मुद्दामा निवेदक सफा हातले आएको नदेखिएबाट रिट निवेदन खारेज गर्ने गरेको इन्साफ मनासिब ठहर्ने भनी भएको परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुद्दालगायत विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भइसकेको समेत हुँदा निवेदक मागबमोजिम उत्प्रेषण एवं परमादेशको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

इति संवत् २०७५ साल असार १८ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०६७-WO-०९१५, उत्प्रेषण, धनबहादुर गुरूङ वि. मालपोत कार्यालय, संखुवासभासमेत*

२००० सालको नम्बरीमा जसबहादुर गुरूङ दर्ता भएको जग्गा र.नं. ६८ बाट मिति २०४८।५।१७ मा राजीनामा पारित गरिलिई तिरो तिरान गरी भोग चलन गरी आएको चौहद्दीभित्रको उक्त जग्गा सर्भे नापीमा दिदीङ गा.वि.स. वडा नं. ६ कि.नं. ५०७, ५१३, ५१५, ५२८, ५३६ र ५०४ गरी ६ कित्तामा विभाजन गरी नाप नक्सा भएको जग्गा मेरो नाममा दर्ता गरिपाउँ भनी रिट निवेदक धनबहादुर गुरूङले मालपोत कार्यालय, संखुवासभामा निवेदन दिएको र उक्त निवेदनमा कि.नं. ५१५ मध्ये उत्तरतर्फबाट दुई रोपनी जग्गा कित्ताकाट गरी दर्ता गरिदिने जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११ख. बमोजिमको समितिको निर्णयअनुसार दर्ता गरिदिने र अन्य कित्ताको हकमा सम्बन्धित अदालतबाट उक्त ११ख. बमोजिमको समितिको निर्णय बदर गराई हक कायम गरी ल्याएका बखत कानूनबमोजिम कारबाही हुने गरी मिसिल दायरी लगत कट्टा गरिदिने भनी मालपोत कार्यालय, संखुवासभाबाट मिति २०६७।११।८ मा निर्णय भएको देखिने।

अब उक्त समितिको गठन के कुन प्रयोजनका लागि भएको हो र उक्त समितिको क्षेत्राधिकारभित्र रिट निवेदकले निवेदनमा उठाएको जग्गा दर्ताको विषय पर्छ पर्दैन भन्ने सम्बन्धमा हेर्दा तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्को निर्णयबाट मिति २०४८।११।२६ को राजपत्रमा प्रकाशित सूचनामा श्री ५ को सरकारले संखुवासभा, सोलुखुम्बु, दोलखा, रूकुम, रोल्पा, दैलेख, अछाम, बझाङ, बाजुरा, बैतडी र कालीकोट जिल्लाहरूमा जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख मा उल्लेख भएका अवस्था पर्न गई समस्या उठ्न गएको वा उठेमा सो समस्याहरू सुल्झाउने काममा आवश्यक निर्णय गर्न जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख. बमोजिम उपर्युक्त जिल्लाहरूका लागि निम्न पदाधिकारीहरू भएको एक/एक वटा छुट्टाछुट्टै समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्य अवधि निम्नबमोजिम तोकेको छ भन्दै समितिको काम, कर्तव्य र अधिकारहरूअन्तर्गत २ नं. को देहाय २ मा सरकारी वन जंगल तथा व्यक्ति विशेषको हक भोगको जग्गाको साँधसिमाना यकिन गरी दर्ता गर्न समस्या परेमा सो सम्बन्धमा छानबिन गरी आवश्यक निर्णय गर्ने भनी उल्लेख भएको देखिने।

यसरी गठित अधिकारप्राप्त उक्त समितिको सोही मितिको निर्णयले केही जग्गा निवेदकका नाममा दर्ता गर्ने भनी निर्णय गरेकोसमेत देखिन्छ। श्री ५ को सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख. बमोजिम समिति गठन भएको र उक्त समितिले आवश्यक जाँचबुझ गरी सबुद प्रमाण बुझी तथ्यगत आधारमा निवेदकका जग्गाहरू वन क्षेत्रमा परेकोले दर्ता गर्न नमिल्ने भनी निर्णय गरेको र सोही आधारमा मालपोत कार्यालय संखुवासभाले उक्त विवादित कित्ता जग्गाहरू दर्ता गर्न नमिल्ने भनी निर्णय गरेको देखिन्छ। यस प्रकार दाबीको जग्गाको दर्ता स्रेस्ता, दाबीको जग्गा वनक्षेत्रभित्र पर्ने नपर्ने जस्ता भोगको स्थिति, सम्बद्ध प्रमाण बुझी निर्णय गर्नुपर्ने देखिएको प्रस्तुत विवादमा यस अदालतको असाधारण क्षेत्रबाट निर्णय गर्न नमिल्ने।

संलग्न प्रमाणसमेतलाई मध्यनजर राखी तथ्यगत आधारमा जग्गा नापजाँच ऐन,२०१९ को दफा ११(ख) द्वारा गठित समितिले गरेको औचित्यगत

निर्णय मिले, नमिलेको भनी पुनरावेदन तहमा झैं रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भनी यस अदालतबाट संवत् २०५५ सालको रि.नं.३७०५ को उत्प्रेषणको रिट निवेदनमा प्रतिपादित नजिरसमेतका आधारमा यस्तै प्रकृतिको संवत् २०५७ सालको रिट नं. ३२८० को उत्प्रेषणसमेतको रिट निवेदन खारेज हुने ठहर्छ भनी भएको आदेशसमेतका आधारमा प्रस्तुत रिट निवेदनमा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ असार १८ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-RB-०१५५, मूल्य अभिवृद्धि कर, शंकरप्रसाद खरेल वि. प्रकाश भट्टराई*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) को संशोधनपूर्वको व्यवस्थामा कर लिन पाउने र कर कट्टी गर्न पाउने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेभएको पाइँदैन । पछि भएको संशोधनले उक्त ऐनको दफा ८(२) बमोजिम कर कट्टी लिन पाइने र दफा १७(५)(ख) बमोजिम कर कट्टी गर्न दिइने व्यवस्था गरेको देखिन्छ । "कानूनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन" भन्ने तत्कालीन अन्तरिम संविधान, २०६३ को धारा ८९ मा संवैधानिक व्यवस्था रही हाल प्रचलित नेपालको संविधानको धारा ११५ मा समेत सोही व्यवस्थालाई निरन्तरता दिइएको छ । उक्त संवैधानिक प्रावधानका आधारमा पनि स्पष्ट कानूनी व्यवस्थाको अभावमा कर लगाउन वा असुल गर्न पाइने भन्न मिल्ने नदेखिने ।

कानून संशोधनको खास मकसद र उद्देश्य रहेको हुन्छ । साबिकमा भएको कानूनी व्यवस्थाले सम्बोधन गर्न नसकेको अवस्थामा सम्बोधन हुन नसकेको कुराको उचित सम्बोधनका लागि नै कानूनमा संशोधन वा थप कानूनी व्यवस्था गरिनुपर्ने हुन्छ । यसबाट पनि दफा ८(२) मा रहेको कानून अपर्याप्त भएकै कारण सो दफामा संशोधन र दफा १७(५)(ख) थप भएको हो भन्ने देखिन्छ । यसलाई मिति २०६६।४।१ मा गोरखापत्रमा प्रकाशित सूचनाले समेत थप पुष्टि गरेको पाइने ।

त्यसैगरी सारवान् कानून भूतप्रभावी हुन सक्दैन भन्ने कानूनको मान्य सिद्धान्त हो । यस आधारमा पनि आर्थिक ऐन, २०६६ ले मूल्य अभिवृद्धि कर ऐनमा गरेको संशोधनको आधारमा ऐनको भूतप्रभावी प्रभाव हुने गरी लगाइएको कर सो संशोधनपूर्व लाग्न सक्ने अवस्था नदेखिने ।

यसरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा आर्थिक ऐन, २०६६ द्वारा संशोधन हुनुपूर्वको कारोबारमा कर लगाउनु "कानूनको भूतप्रभावी असर हुन नहुने भन्ने कानूनको प्रचलित सिद्धान्त तथा कानूनबमोजिम बाहेक कर लगाउन र उठाउन नपाइने भन्ने नेपालको अन्तरिम संविधान, २०६३ एवम् नेपालको संविधानले प्रस्ट उल्लेख गरेको अवस्थासमेतका आधारमा पहिलेको कारोबारमा पछि संशोधित ऐनको प्रावधानको आधारमा कर निर्धारण गर्न नमिल्ने भनी सुरू ठुला करदाताको कार्यालयको निर्णय सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय उल्टी गरी मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज तिर्नु नपर्ने ठहर्‍याई भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला अन्यथा देखिन नआउने ।

अतः उपर्युक्त विवेचित आधार र कारणबाट प्रत्यर्थी वर्ल्डलिंक कम्युनिकेसन प्रा.लि. लाई २०६५

सालको चैत्र महिना एवं २०६६ सालको ज्येष्ठ र आषाढ महिनाको थप मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज लाग्ने गरी ठुला करदाता कार्यालय हरिहरभवनबाट भएको निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६८।०३।२९ को फैसला उल्टी गरी निवेदकको उक्त अवधिको मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज लाग्न नसक्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७१।८।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल कार्तिक २८ गते रोज ३ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-CR-०३७२, ०७५-RC-०११६, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामशङ्कर थारूसमेत, नेपाल सरकार वि. चिन्का भन्ने कृष्णकुमार थारू*

वारदात रातको समयमा भएको देखिएको तथा प्रत्यक्षदर्शीसमेत कोही रहेभएको देखिएन । कसुरदार ठहर भएका प्रतिवादीमध्येका चिन्का भन्ने कृष्णकुमार थारूले मौकामा तथा अदालतसमक्षको बयानमा समेत मृतकलाई कर्तव्य गरी मार्नमा प्रतिवादीहरू रामशङ्कर थारू र छोटेलाल चौधरीको संलग्नता नभएको भनी बेहोरा लेखाएको पाइन्छ । मिसिल संलग्न लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट मृतकलाई एउटै मात्र चोट लागेको देखिएकोसमेतका आधार कारणबाट जाहेरवालाले मौकामा सबै प्रतिवादीहरूउपर किटानी जाहेरी दिए तापनि अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । प्रमाण ऐन, २०३१ को दफा २५ मा ***फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ*** भन्ने उल्लेख भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले समेत मृतकलाई कुटपिट गरी घाइते बनाई मृतकको मृत्यु भएको हो भनी निजहरूसमेत उपर अभियोग दाबी लिए तापनि सो कुरालाई पुष्टि गर्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नपाइँदा केवल जाहेरीलाई मात्र आधार मानी यी प्रतिवादीहरू रामशङ्कर थारू र छोटेलाल चौधरीलाई समेत कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी अभियोगमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तसमेतले न्यायोचित देखिएन । तसर्थ, यी प्रतिवादीहरू रामशङ्कर थारू र छोटेलाल चौधरीलाई समेत ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेकै देखिँदा परिवर्तन गरिरहन पर्ने नदेखिएकाले निजहरूलाई अभियोग दाबीअनुसार हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अर्का प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूको हकमा साधकको रोहबाट निर्णयतर्फ विचार गर्दा, उक्त वारदातमा निजको संलग्नता के कस्तो थियो भन्ने सम्बन्धमा हेर्दा, मौकामा यी प्रतिवादीसमेत उपर किटानी जाहेरी परेकोमा निजले उक्त कसुर गरेको स्वीकार गरी बाबु, आमालाई मेहबुब आलमले कुटपिट गरेको कारण रिस उठी घटनास्थलमा बरामद भएको भनिएको खटियाको काठले मृतक मेहबुब आलमलाई टाउकोमा प्रहार गरेको हुँ भनी अनुसन्धान अधिकारीसक्षम बयान गरेको पाइन्छ । मृतकको टाउकोमा चोट रहेको भन्ने मृतकको शव परीक्षण

प्रतिवेदनले निज प्रतिवादीको बयान भनाइ समर्थित भएको छ । निजले अदालतसमक्ष बयान गर्दासमेत बरामद भएको काठले मृतक मेहबुब आलमलाई टाउकोमा प्रहार गरेको हुँ, मैले प्रहार गरेको चोटको कारण मेहबुब आलमको मृत्यु हुन गएको हो भनी बेहोरा लेखाएको पाइने।

त्यसैगरी उक्त वारदातका सहप्रतिवादीहरू रामशङ्कर थारू र छोटेलाल चौधरीले मौका तथा अदालतसमक्षको बयानमा मृतक मेहबुब आलमलाई प्रतिवादीमध्येका कृष्णकुमार थारूले खटियाको काठले टाउकोमा प्रहार गरेका कारण निजको मृत्यु हुन गएको रहेछ, सो कुरा अर्को दिन बिहान मात्र मृतकको लास फेला परेपछि गाउँमा हल्ला भएकोले थाहा भएको हो । पहिला उक्त घटनाबारे जानकारी थिएन भनी बेहोरा लेखाएको पाइन्छ । मौकामा कागज गर्ने मञ्जु चौधरी, गोविन्द थारू, श्यामलाल थारू र वस्तुस्थिति मुचुल्काका सन्तराम हरिजनसमेतले प्रतिवादी कृष्णकुमार थारूले कर्तव्य गरी मारेको भनी लेखाई दिएको पाइन्छ । मृतक मेहबुब आलमको शव परीक्षण प्रतिवेदनमा समेत मृत्युको कारण Head Injury / Subdural Hematoma भन्ने देखिँदा यी प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूले घटनास्थलमा बरामद भएको खटियाको काठले टाउको जस्तो संवेदनशील भागमा प्रहार गरी कर्तव्य गरी हत्या गरेको पुष्टि हुन आउने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादीहरू रामशङ्कर थारू र छोटेलाल चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूले मृतक मेहबुब आलमलाई बरामद भई आएको काठले टाउकोमा हानी कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराध गरेको देखिँदा ऐ.१३(३) नं.अनुसार सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरु रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।०९ मा भएको फैसला मिलेकै देखिन आयो । मिति २०७५।०५।०१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) नं. बमोजिम यो ऐन प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूलाई जन्मकैदको मात्र सजाय हुने।

प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूलाई माथि ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्छ कि भनी विचार गर्दा, यी प्रतिवादीको मृतकलाई मार्ने पूर्वरिसइवी तथा पूर्वयोजनासमेत भएको नदेखिएको, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत मृतकलाई आफूले खटियाको काठले प्रहार गरेकोमा साबित रही बयान गरी न्यायिक निरूपण गर्ने काममा सहयोग पुर्‍याएको, घटना वारदातको अवस्था र परिस्थिति हेर्दा मृतककै कारणले घटना भएको, आफ्नो बुबा, आमालाई मृतकले कुटेको तथा हातपात गरेको कारण उसै मौकामा उठेको रिसको जरियाबाट घटना घटेको अवस्था रहेको, निजले मृतकलाई एकपटक मात्र प्रहार गरी हिँडेको भन्ने निजको भनाइ तथ्यत: पुष्टि भइरहेको अवस्थासमेत विद्यमान रहेको, साथै निजको तत्कालको उमेर अवस्थासमेतलाई विचार गर्दा, यी प्रतिवादीलाई ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने र निजलाई ७ वर्ष कैद सजाय गर्दासमेत ऐनको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी चिन्का भन्ने कृष्णकुमार थारूलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७(क) तथा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ (संशोधित महल) दफा १४५(१)(क) बमोजिम

७ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : उषा श्रेष्ठ

इति संवत् २०७६ साल पौष २२ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०६८-CI-११८०, फैसला बदर, सुनकुमार हयौङ्जु वि. राजकुमार हयौङ्जुसमेत*

पुनरावेदक / वादी सुनकुमार हयौङ्जुको मुख्य पुनरावेदन जिकिर विपक्षीमध्येका राजकुमार हयौङ्जुले मोही नामसारीको लागि दिएको मि.नं. १४९०/०५७/५८ र १४९२/०५७/५८ का दुईवटा मुद्दामा वादी राजकुमारको नाममा विवादित जग्गाको मोही नामसारी हुने ठहरेको र सो विवादित जग्गामा मेरोसमेत हकहित सरोकार समावेश भएकोमा सो मुद्दामा म पक्ष विपक्ष कायम नभएको हुँदा सो दुईवटा मुद्दामा राजकुमारको नाममा मोही नामसारी हुने ठहरेको निर्णयले मेरो मोही हकमाथि आघात परेको छ। भूमिसुधार कार्यालय भक्तपुरबाट मेरो हकमा अ.वं. ८६ नं. आकर्षित नहुने भनी फिराद खारेज हुने निर्णय भई पुनरावेदन अदालत पाटनबाट समेत सो निर्णय सदर भएको छ। तर म उक्त दुईवटा मुद्दामा पक्ष विपक्ष कायम नभएको हुँदा मलाई अ.बं. ८६ नं. बमोजिम फैसला बदरमा फिराद दायर गर्ने हकदैया रहन्छ भन्ने रहेको देखिने।

तत्सम्बन्धमा हेर्दा, मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८६ नं. मा **"फैसला डिसमिस, मिलापत्र, खारिज भएका मुद्दामा सो फैसला डिसमिस, मिलापत्र, खारिज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएका पैंतिस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस, खारिज, मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हकजतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनुपर्छ"** भन्ने उल्लेख भएको पाइन्छ। उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको सन्दर्भलाई हेर्दा, मि.नं. १४९०/०५७/५८ र १४९२/०५७/५८ को मुद्दामा यी पुनरावेदक पक्ष विपक्ष नै नरहेको भए तापनि उल्लिखित २ मुद्दा र यी पुनरावेदकले दायर गरेको मि.नं.१४९१/०५७/५८ को मुद्दामा दाबीको जग्गा एउटै (कि.नं. १५० बाट कित्ताकाट भई कायम कि.नं. ४२७, ४४६, ४४७, ५१४, ५१५ र ५१७ समेत) भई उक्त तीनैवटा निवेदनलाई लगाउमा राखी मिति ०५७।९।४ मा एकै दिन दाबीको जग्गाको मोही हक राजकुमार हयौङ्जुको नाममा नामसारी हुने ठहरेको हुँदा यी पुनरावेदक सुनकुमारको नाममा नामसारी नहुने ठहरी भएको फैसला अन्तिम भइरहेको देखियो। सोही तीनै निवेदनसँग सम्बन्धित फैसला बदर गरिपाउँ भनी पुनः आएका यी पुनरावेदक मि.नं. १४९०/०५७/५८ र १४९२/०५७/५८ को मुद्दामा पक्ष विपक्ष रहेको नभए तापनि निज पक्ष रहेको मि.नं. १४९१/०५७/५८ को मुद्दा र उक्त २ मुद्दा (मि.नं. १४९०/०५७/५८ र १४९२/०५७/५८) को विषयवस्तु (दाबीको जग्गा) एउटै (कि.नं. १५० बाट कित्ताकाट भई राजमार्गमा परेर बाँकी भएका कि.नं. ४२७, ४४६, ४४७, ५१४, ५१५ र ५१७ समेत) रहेको पाइयो। सुरू भूमिसुधार कार्यालयबाट तीनैवटा निवेदनसँग सम्बन्धित जग्गा एकै भई लगाउमा राखी फैसला भएको पाइयो। उल्लिखित अवस्थामा लगाउमा रहेको मि.नं. १४९१/०५७/५८ को मुद्दाबाट एउटै जग्गा यी पुनरावेदकको नाममा मोही नामसारी हुन नसक्ने ठहरेको फैसला पुनरावेदन तहबाट समेत अन्तिम भइसकेपछि मि.नं.१४९०/०५७/५८ र १४९२/०७५/५८ को मुद्दामा पक्ष विपक्ष कायम नभएको कारण सोही जग्गा अर्का व्यक्तिको नाममा मोही

नामसारी हुने ठहरेको फैसला बदर गराई पाउन यी पुनरावेदक वादीलाई अ.बं. ८६ नं. को हकदैया रहन्छ भन्न सकिने अवस्था नदेखिने ।

पुनरावेदकले आफ्नो नाउँमा मोही नामसारी गरिपाउँ भनी दिएको मुद्दामा निजको नाउँमा मोही नामसारी नहुने भनी भूमिसुधार कार्यालय भक्तपुरले निर्णय गर्दा यही जग्गा सम्बन्धमा राजकुमारले दिएको मोही नामसारी मुद्दामा निज राजकुमारको नाउँमा मोही नामसारी हुने गरी लगाउको मुद्दामा आजै निर्णय भएको भन्ने आधारमा यी पुनरावेदकको नाउँमा मोही नामसारी नहुने निर्णय गरेको पाइन्छ । यी पुनरावेदकको नाउँमा मोही नामसारी नहुने गरी भएको निर्णय पुनरावेदन अदालतबाट सदर भई मुद्दा दोहोर्‍याई पाउँ भनी परेको निवेदनमा सर्वोच्च अदालतबाट निस्सा प्रदान नभई अन्तिम भइसकेपछि मात्र राजकुमारले दिएको मोही नामसारी मुद्दामा भएको फैसला बदर गरिपाउँ भनी मिति २०५७।१२।२३ मा प्रस्तुत फिराद पर्न आएको छ । जबकि राजकुमारको नाउँमा मिति ०५७।९।४ मा मोही नामसारी हुने निर्णय भएको कुराको जानकारी यी पुनरावेदकले सोही मिति ०५७।९।४ मा नै पाइसकेकोमा अ.बं. ८६ नं. ले तोकेको हदम्यादमा थाहा पाएको मितिले ३५ दिनभित्र समेत यी पुनरावेदकको फिराद परेको देखिएन । अदालतको अन्तिम फैसलाबाट विवादित कि.नं. १५० बाट कित्ताकाट भई कायम हुन आएको कि.नं. ४२७, ४४६, ४४७, ५१४, ५१५ र ५१७ समेतका जग्गामा यी पुनरावेदकको मोही हक स्थापित नहुने निर्णय भइसकेबाट समेत दाबीको फैसलाबाट यी पुनरावेदकको अ.बं. ८६ नं. को हकमा आघात परेको अवस्था रहेन । यसरी एउटै जग्गाको मोही नामसारी गरिपाउँ भनी छुट्टाछुट्टै मुद्दाहरू लगाउमा रही प्रत्यर्थी राजकुमारका नाउँमा मोही नामसारी नहुने भनी निर्णय भएको कारणबाट यी पुनरावेदकको नाउँमा मोही नामसारी नहुने निर्णय भएको देखिँदा राजकुमारले दिएको मोही नामसारी भएको फैसलाबाट यी पुनरावेदकलाई तेस्रो पक्ष भन्न मिल्नेसमेत देखिएन । तसर्थ, यस अदालतवाट निस्सा प्रदान गर्दा लिइएको आधारसमेत पुष्टि हुन सक्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार, कारण र कानूनी व्यवस्थासमेतबाट भूमि सुधार कार्यालय, भक्तपुरबाट मिति ०५७।९।४ मा भएको मोही नामसारी मुद्दाको फैसला बदर गरिपाउँ भन्ने दाबी खारेज हुने ठहर्‍याएको निर्णय सदर हुने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको मिति ०६६।१०।७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल भदौ १० गते रोज ३ शुभम् ।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६८-CI-०२०१, लिखत बदर दर्ता बदर दर्ता कायम, काजीमान पौडेल वि. टंककुमारी खनाल (भट्टराई) समेत*

निज पुनरावेदक/प्रतिवादी काजीमान पौडेलले विपक्षीहरूमध्येकी टंककुमारी भट्टराईबाट कपाली तमसुक गरी पछि ऋण चुक्ता गरेको बखत फिर्ता गर्ने गरी मिति २०५२।१०।१७ मा रू.१,५०,०००।- ऋण लिई झापा जिल्लामा अवस्थित ज.वि. ०-०-१० धितो सोही मितिमा राजीनामा पास गरिदिएको । तोकिएको भाखाभित्र रकम बुझाउन नसक्दा मिति २०५६।४।५ मा सावाँ ब्याजसमेत जम्मा रू.३,९९,६००।- रूपैयाँ

विपक्षीलाई तिर्नुपर्नेमा रू.१,००,००१।- रूपैयाँ नगदै दिई बाँकी रू.२,९९,५९९।- रूपैयाँ ६ महिनाभित्र बुझाउने सहमति भई उल्लिखित जग्गा मिति २०५६।४।५ मा निज पुनरावेदकको एकाघरको दाजु रमेशकुमार पौडेलको नाममा विपक्षी टंककुमारीले फिर्ता पास गरी दिएकोमा बाँकी रकमसमेत समयमा तिर्न बुझाउन नसकेको हुनाले मिति २०५७।२।१८ सम्मको ब्याजसमेत जम्मा रू.४,०२,७६५।- तिर्नु बुझाउनुपर्ने भएकोले पुनरावेदक काजीमानको नाममा दर्ता स्रेस्ता कायम रहेको क्षे.फ.०-१४-० र ०-५-९ जग्गा तथा पुनरावेदकका एकाघरका दाजु रमेशकुमार पौडेलका नाममा दर्ता स्रेस्ता कायम रहेको क्षे.फ. १-०-११ जग्गासमेत जम्मा क्षे.फ.२-०-० बिगाहा जग्गाको प्रतिबिगाहा रू.२०५,०००।- मूल्य कायम गरी मिति २०५७।२।१९ मा प्रतिवादीमध्येका देवेन्द्र भट्टराईलाई राजीनामा पास गरी दिएको भनी प्रतिवादी काजीमान पौडेलको प्रत्तिउत्तर पत्र तथा पुनरावेदन पत्रको बेहोरामा उल्लेख भएको एवं उल्लिखित मितिमा पक्षहरूबिचमा जग्गा लेनदेन भएका राजीनामा पत्रका प्रतिलिपिहरू मिसिल सामेल रहेको पाइने।

मुलुकी ऐन अंशबन्डाको १९(१) नं. मा ***"पिता पुर्खाका पालाको चल अचल गैरसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, एकासगोलका छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, एकासगोलका छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन।"*** भन्ने व्यवस्था भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाबाट प्रतिवादी देवेन्द्र भट्टराईले पिता पुर्खाका पालाको चल अचल गैरसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई आफूखुस गर्न पाउने र आधाभन्दा बढीको हकमा भने लिखत पारित हुँदाको अवस्थामा २१ वर्ष नाघेका स्वास्नी, छोरा, एकासगोलका छोरीसमेतको मन्जुरी आवश्यक मानेको पाइन्छ। फिराद परेको बखत फिरादीहरूमध्ये प्रतिवादीमध्येका देवेन्द्र भट्टराईकी श्रीमती टंककुमारीको मात्र २१ वर्ष नाघेको र अन्य छोराछोरीहरूको उमेर २१ वर्ष नपुगेको अवस्था रहेको मिसिल संलग्न वादीहरूका नागरिकता तथा जन्मदर्ताको प्रमाणपत्रबाट देखिने।

मुलुकी ऐन, अंशबन्डाको १९(२) नं. मा ***"आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नीपट्टिका छोरा, एकासगोलका छोरी मात्र भएकाले वा अरू छोरा, एकासगोलका छोरी स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकोले पनि आफ्नो खुस गर्न पाउँछ। एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि बढ्ता स्वास्नीपट्टिका छोरा, एकासगोलका छोरी वा एउटा स्वास्नी र अर्को स्वास्नीपट्टिका छोरा, एकासगोलका छोरी भएकाले सो भएका अवस्थामा भने मन परेका स्वास्नी छोरा, एकासगोलका छोरीलाई दिनबाहेक आफ्नो खुस गर्न पाउँछ। मन परेका कोही स्वास्नी छोरा, एकासगोलका छोरीलाई मात्र बकससमेत केही बेहोरा गरिदिन भने हुँदैन। सबै स्वास्नी छोरा, एकासगोलका छोरीलाई ऐनले पाउने भागबमोजिम दिएको भए मात्र सदर हुन्छ।"*** भनी भएको कानूनी व्यवस्थाले आफ्नो पालामा आर्जेको चल अचल सबै सम्पत्ति एक स्वास्नी र एकास्वास्नीपट्टिका छोरा तथा एकासगोलको छोरीहरू मात्र भएको अवस्थामा आफूखुस गर्न पाउने नै देखिने।

प्रतिवादीहरू काजीमान पौडेल तथा देवेन्द्र भट्टराईका बिचमा २०५२ सालदेखि चरणवद्ध रूपमा

पटकपटक रूपैयाँ पैसा तथा सोबापत जग्गासमेतको लेनदेन भएको देखिन्छ । यिनै वादी टंककुमारी खनाल भट्टराईले यिनै प्रतिवादी काजीमान पौडेल विरूद्ध झापा जिल्ला अदालतमा दायर गरेको लेनदेन मुद्दामा निजहरूबिच २०६३।२।१६ मा मिलापत्रसमेत भएको देखिँदा सो कार्यहरूमा निज टंककुमारीको समेत प्रत्यक्ष संलग्नता रहेको भन्ने कुरा स्पष्ट नै देखिन्छ । साथै, निज पुनरावेदक प्रतिवादी काजीमान पौडेलसँग सम्पूर्ण लेनदेन व्यवहार मिलिसकेको र अब उप्रान्त कुनै लेनदेन बाँकी छैन साथै कुनै दाबी पनि गर्ने छैन भनी वादीहरूका पति तथा पिता देवेन्द्र भट्टराईले २०६३।२।२२ मा गरिदिएको कागजको प्रतिलिपिसमेत मिसिल सामेल रहेको पाइने ।

माथि प्रकरणहरूमा उल्लेख भएबमोजिम विवादित जग्गामाथिको प्रतिवादी देवेन्द्र भट्टराईको हकको स्रोत यिनै पुनरावेदक काजीमान पौडेल र निजका एकाघरका दाजु रमेश पौडेलबाट २०५७।२।१९ मा राजीनामा गरी लिएको देखिएबाट विवादको सम्पत्ति अंशबन्डाको प्रयोजनको लागि बन्डा हुने प्रकृतिको पैतृक रूपमा प्राप्त सगोलको सम्पत्ति वा सोबाट बढे बढाएको नभई अंशबन्डाको महलको १९ को देहाय २ ले व्यवस्था गरेको आफ्ना पालामा आर्जेको सम्पत्ति भन्ने देखिन आयो । यसरी राजीनामाको लिखतमार्फत हक प्राप्त गरी आफ्नो पालामा आर्जेको सम्पत्ति एक स्वास्नी र एकास्वास्नीपट्टिका छोरा भएको अवस्थामा मन परेको स्वास्नी छोरालाई दिनबाहेक आफूखुस गर्न पाउने भन्ने नै देखिँदा पुनरावेदक प्रतिवादी काजीमान पौडेललाई राजीनामा गरिदिँदा प्रत्यर्थी निज देवेन्द्र भट्टराईकी श्रीमती, छोरीहरू तथा छोराको मन्जुरी लिनुपर्ने भन्ने कानूनी व्यवस्थाको अभावमा त्यस्तो लिखत सदर हुँदैन भन्न मिल्ने अवस्था देखिन नआउने ।

अतः उल्लिखित तथ्य एवं मिसिल सामेल कागज प्रमाणको विवेचनाबाट विवादित सम्पत्ति प्रतिवादी देवेन्द्र भट्टराईको आफूखुस गर्न पाउने सम्पत्ति रहे भएको पाइएकोले पुनरावेदक प्रतिवादीलाई राजीनामा गरिदिँदा वादीहरूको मन्जुरी लिइरहनुपर्ने अवस्था विद्यमान नदेखिँदा सो राजीनामाको लिखत सदर नगरी फिराद दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको मिति २०६६।८।१० को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको २०६७।४।२६ गतेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल असोज २ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-WO-१०८०, उत्प्रेषण / परमादेश, भाइराजा राईसमेत वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निर्वाचन भनेको लोकतन्त्रको सौन्दर्य हो । निर्वाचनमार्फत जनताले मतदान गरी आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने अवसर प्राप्त गर्दछ र गर्नुपर्दछ । सार्वभौम जनताले आफ्ना प्रतिनिधिहरूको कामको मूल्याङ्कन गरी जवाफदेही बनाउने महत्त्वपूर्ण उपायको रूपमा निर्वाचन रहेको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचन नागरिकको इच्छा अभिव्यक्त गर्ने महत्त्वपूर्ण माध्यम हो । यसर्थ, नागरिकहरूले आफ्ना विचारहरू पूर्णरूपमा अभिव्यक्त गर्न पाउने आवश्यक व्यवस्था गरिनु वाञ्छनीय हुन्छ । अन्यथा संविधानमा व्यवस्था गरिएको नागरिक अधिकारसमेत आवश्यक कानूनी एवं व्यावहारिक प्रबन्धको अभावमा सङ्कुचन हुन पुग्दछ । निर्वाचनमा मतदान गर्ने अधिकार विचार

र अभिव्यक्ति स्वतन्त्रतासँग प्रत्यक्षरूपमा सम्बन्धित हुन्छ भन्ने नजिर प्रेमचन्द्र राई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०७३-WO-११४९ (ने.का.प. २०७५, नि.नं. १००३९) मा स्थापित भएको पाइने।

जसरी अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत बोल्न पाउने अधिकार (Right to Speak) को साथै चुप बस्न पाउने अधिकार (Right to Silence) पनि निहित हुन्छ, ठिक त्यसैप्रकारले मत दिन पाउने अधिकारअन्तर्गत मत नदिने वा निर्वाचनमा खडा भएका कुनै पनि उम्मेदवारलाई आफ्नो मत दिन्न भन्न पाउने अधिकार पनि पर्दैन भनेर भन्न नमिल्ने भनी विकास लकाई खड्कासमेत विरूद्ध सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०७०-WO-०३२६ (ने. का.प. २०७०, नि.नं. ९०६९) मा सिद्धान्त स्थापित भएको पाइने।

अन्तर्राष्ट्रिय स्तरमा यससम्बन्धी अधिकारको स्थान कस्तो रूपमा रहेको छ भनी यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन आउँदछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ ले हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता (Freedom of opinion or expression) प्रदान गरेको छ। यसैगरी धारा २१(३) मा निर्वाचनमार्फत व्यक्त हुने जनताको इच्छा (Will) नै सरकारको आधिकारिकताको आधार हुने भनी उल्लेख गरिएको छ। यसैगरी International Covenant on Civil and Political Rights को Article 25 ले मुलुकभित्र हुने आवधिक निर्वाचनमा प्रत्येक बालिग नागरिकहरूलाई स्वतन्त्रतापूर्वक गोप्य रूपमा मतदानमार्फत आफ्नो विचार अभिव्यक्त गर्ने सुनिश्चितता प्रदान गरेको पाइने।

नेपाल पनि सदस्य राष्ट्र भएको नाताले संयुक्त राष्ट्र सङ्घद्वारा जारी भएका घोषणा पत्र, प्रतिज्ञा पत्र, अनुबन्ध, तथा प्रस्तावहरू अनुपालना गर्नु राज्यको दायित्वभित्र पर्न आउँछ। राज्यका निर्देशक सिद्धान्तहरूको अनुशरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने छ भनी संविधानले नै व्यवस्था गरेको छ। नेपालको संविधानको प्रस्तावनाको सुरूवात नै "***हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता***" बाट भएको पाइन्छ। यसर्थ, नेपाली जनताले संविधानको व्यवस्थाअनुरूपको सार्वभौमिकताको व्यावहारिक रूपान्तरण र अभ्याससमेत गर्नको लागि नागरिकहरूलाई सम्पूर्ण रूपमा स्वतन्त्रता प्रदान गरी राजनीतिक प्रक्रियामा निर्णायक सहभागिताको लागि राज्य संवेदनशील भई आवश्यक कानूनी, संस्थागतलगायत अन्य व्यावहारिक प्रबन्ध गर्नु आवश्यक हुन्छ। जसले नागरिकहरूको संवैधानिक अधिकारलाई मूर्तता प्रदान गरी वास्तविक रूपमा सार्वभौमसत्ता सम्पन्न बनाउन मद्दत पुऱ्याउने।

कुनै पनि देशको संविधानमा व्यवस्था गरिएका जनताका लोकतान्त्रिक अधिकारहरूलाई पूर्ण रूपमा मुखरित हुन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था एवं सोअनुकूलको रचनात्मक वातावरण आवश्यक पर्दछ। लोकतान्त्रिक अधिकारहरूको प्रयोगको अवस्था जाँच्ने माध्यम भनेकै त्यहाँका जनताले प्राप्त गरेको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र यसको सैद्धान्तिक एवं व्यावहारिक प्रयोग हो। जनताको अभिव्यक्ति स्वतन्त्रताको अधिकार व्यक्त गर्ने माध्यमहरू अवरूद्ध वा कम प्रभावकारी छन् वा निर्बाधरूपले उपयोग गर्ने अवस्था छैन वा त्यो पूर्णरूपमा प्रकट हुने अवस्था नभई नियोजित प्रकृतिको मात्रै देखिन्छ भने लोकतन्त्र आफ्नो आदर्शअनुकूल मुखरित भएको होला भनी विश्वास गर्ने आधार कमै मात्र

देखा पर्ने।

अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनुपर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्वाधरूपमा उपलब्ध पनि हुनुपर्दछ। आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुराअन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। आफ्नो चयन वा रोजाई व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रियाको प्रबन्ध गरिन्छ भने सो स्वीकार वा इन्कार दुवै गर्न पाउने अधिकार व्यक्तिमा निहित रहने।

कतिपय मुलुकहरूमा Voting लाई अनिवार्य बनाई मतदान नगर्ने नागरिकलाई जरिवानाको व्यवस्थासमेत गरेको देखिँदा मतदानलाई legal obligation को रूपमा समेत व्यवस्था गर्ने गरिएको पाइन्छ। 'Right not to vote is an objection to the compulsory voting system'. कुनै पनि मुलुकको शासन व्यवस्थामा समान सहभागिता जनाउन पाउने नागरिकको संवैधानिक तथा कानूनी अधिकारको सदुपयोग नगर्दा एउटा जिम्मेवार नागरिकको रूपमा मुलुकप्रतिको आफ्नो कर्तव्यबाट विमुख भएको रूपमा लिने गरिन्छ। तर Right not to vote र Right to Reject बिचको अन्तरलाई विचार गर्दा, Right not to vote ले मतदान प्रक्रियामा सहभागिता नै नजनाउने वा मतदान नै नगर्ने भन्ने अर्थ हुन्छ भने, Right to reject भन्नाले निर्वाचनमा खडा भएका उम्मेदवारहरूमध्ये सबै अनुपयुक्त भएको कारण कसैको पक्षमा पनि मत व्यक्त नगर्ने (None of the above) भन्ने हुन्छ। यसकारण रिट निवेदकले उठान गर्नुभएको विषयवस्तु Right not to vote भन्दा पनि Right to Reject को अवधारणामा आधारित भएकोले यसले नागरिकलाई मुलुकप्रतिको आफ्नो अधिकार र कर्तव्यप्रति बढी संवेदनशील बनाउन मद्दत गर्ने अवस्था रहने।

सर्वोच्च अदालतबाट विकास लकाई खड्कासमेत विरूद्ध सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको प्रस्तुत रिट निवेदनको समान विषयवस्तुसँग सम्बन्धित रिट नं.०७०-WO-०३२६ (ने.का.प. २०७०, अङ्क १०, नि.नं. ९०६९) मा निम्न सिद्धान्त प्रतिपादन भई नजिरसमेत स्थापित भएको पाइन्छ :

- *प्रजातन्त्रमा कुनै व्यक्तिले कुनै उम्मेदवारलाई मतदान नगर्नु र कुनै पनि उम्मेदवार मन नपराएमा मतदान गर्न नै नजानुले ल्याउने निर्वाचनको परिणाममा ठूलो फरक पर्ने हुनाले मतदान गर्दा कायम रहेका उम्मेदवारहरू कोही पनि स्वीकार्य नदेखिएमा मतदाताले त्यस्तो मत पनि व्यक्त गर्ने ठाउँ दिएर उम्मेदवारहरूको सर्वोत्तम प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्ने र जनताले आत्मनिर्णय गर्ने अधिकारअनुरूप शासनमा सहभागिता जनाउन तथा वाञ्छित नियन्त्रण एवं निर्देशन गर्ने प्रयोजनको लागि विद्यमान उम्मेदवारहरूलाई समग्रमा इन्कार गर्नुपर्ने देखेमा सो गर्नसक्ने मत अभिव्यक्त गर्ने ठाउँ दिनु पनि लोकतान्त्रिक निर्वाचनको लागि आवश्यक र उचित देखिने।*
- *कायम भएका उम्मेदवारहरूप्रति असन्तुष्टि भएमा तिनलाई अस्वीकार गर्ने अधिकार जबसम्म जनतामा हुँदैन तबसम्म सरकारमा जनताको प्रतिनिधित्व भएको मान्न सकिँदैन र यस्तो सरकार साँचो अर्थमा वैधानिक सरकार (Legitimate Government) को रूपमा अस्तित्ववान् भएको नमानिने।*
- *राजनीतिक दलले उठाएका उम्मेदवारलाई छनौट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई*

अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा निहित हुने ।

- *मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार (Right to Secrecy) को रक्षार्थ उम्मेदवारलाई मन नपराएको कारण मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेदवारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुने ।*

यसैगरी छिमेकी मुलुक भारतको सर्वोच्च अदालतबाट *भारतीय मतदातालाई मतदानको क्रममा 'None of the Above' (NOTA) को विकल्पसमेत छनौट गर्न सक्ने* विषयसँग सम्बन्धित People's Union for Civil Liberties & Anr. Versus Union of India & Anr. भएको मुद्दामा २७ सेप्टेम्बर २०१३ मा भएको फैसलाका केही अंशहरू यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ-

- *Democracy is all about choice. This choice can be better expressed by giving the voters an opportunity to verbalize themselves unreservedly and by imposing least restrictions on their ability to make such a choice. By providing 'None of the Above' (NOTA) button in the EVMs, it will accelerate the effective political participation in the present state of democratic system and the voters in fact will be empowered. We are of the considered view that in bringing out this right to cast negative vote at a time when electioneering is in full swing, it will foster the purity of the electoral process and also fulfill one of its objective, namely, wide participation of people.*
- *Such an option gives the voter the right to express his disapproval with the kind of candidates that are being put up by the political parties. When the political parties will realize that a large number of people are expressing their disapproval with the candidates being put up by them, gradually there will be a systemic change and the political parties will be forced to accept the will of the people and field candidates who are known for their integrity.*
- *A provision of negative voting would be in the interest of promoting democracy as it would send clear signals to political parties and their candidates as to what the electorate think about them.*
- *Free and fair elections would alone guarantee the growth of a healthy democracy in the country. The 'Fair' denotes equal opportunity to all people. Universal adult suffrage conferred on the citizens of India by the Constitution has made it possible for these millions of individual voters to go to the polls and thus*

participate in the governance of our country. For democracy to survive, it is essential that the best available men should be chosen as people's representatives for proper governance of the country. This can be best achieved through men of high moral and ethical values, who win the elections on a positive vote. Thus in a vibrant democracy, the voter must be given an opportunity to choose none of the above (NOTA) button, which will indeed compel the political parties to nominate a sound candidate. This situation palpably tells us the dire need of negative voting. भनी उल्लेख गरिएको भारतीय सर्वोच्च अदालतको फैसलामा निम्न विषयलाई जोड दिएको देखिन्छ - लोकतान्त्रिक शासन व्यवस्थालाई सशक्त एवं प्रभावकारी बनाई राजनीतिमा नागरिक सहभागितालाई अझ बढाउन तथा मतदातालाई नि:सर्त रूपमा छनौटको पूर्ण अवसर उपलब्ध गराउनु पर्दछ । चुनावमा नकारात्मक मत अभिव्यक्त गर्न सक्ने व्यवस्था भएको खण्डमा प्रत्येक राजनीतिक दलहरूले चुनावमा उम्मेदवार छान्ने क्रममा आफ्ना उम्मेदवारहरूको असल सामाजिक छवि, उच्च नैतिकता, अनुकरणीय आचरण जस्ता विषयमा अत्यन्तै सजग हुनुपर्ने अवस्था सिर्जना हुन जान्छ । अन्यथा, बढीभन्दा बढी मतदाताले निर्वाचनमा खडा भएका उम्मेदवारहरूलाई ***'नकारात्मक मत'*** *को सुविधा प्रयोग गरी अस्वीकार गरिदिने खतरा कायम रहन्छ । सोसम्बन्धी व्यवस्थाको अभावमा राजनीतिक दल र निर्वाचनमा खडा भएका तिनका उम्मेदवार एवं स्वतन्त्र उम्मेदवारमध्ये जति नै कमसल भए पनि कुनै न कुनै उम्मेदवारको पक्षमा मतदान गर्नैपर्ने बाध्यता रहन्छ । जसले मतदाताको छनौटको अधिकारलाई सीमित गर्दछ भने नागरिकहरू पूर्ण लोकतन्त्रको अभ्यासबाट समेत सङ्कुचित हुनुपर्ने अवस्था रहन्छ । 'Best of the best' को छनौट गरी उनीहरूबाट शासित हुन पाउने नागरिक अधिकार* ***'नकारात्मक मतदान'*** *को अभावमा 'Best among the worst' को छनौट गर्नुपर्ने अवस्था विद्यमान देखिन्छ । समग्रतामा नकारात्मक मतदानको व्यवस्थाले राजनीतिक प्रणालीको स्वच्छता र पवित्रतालाई प्रवर्द्धन गर्न सघाउ पुर्‍याउँदछ । यसले लोकतन्त्रको अभ्यासलाई थप समृद्ध बनाई राजनीतिक व्यवस्थामा संरचनात्मक परिवर्तन गर्न ठुलो सघाउ पुग्ने ।*

प्रजातान्त्रिक शासन व्यवस्थाको प्राण भनेको राजनीतिक प्रक्रियामा नागरिकको सार्थक सहभागिता हो । जुन आवधिक निर्वाचनमा अभिव्यक्त हुने मतबाट प्रकट हुने गर्दछ । मतपत्रमा 'नकारात्मक मत' व्यक्त गर्ने अवसरले आमजनताको नजरमा राजनीतिक पार्टी, तिनले निर्वाचनमा खडा गरेका उम्मेदवारप्रतिको दृष्टिकोणसमेत निर्वाचनको माध्यमबाट जाहेर हुने र निर्वाचन प्रक्रियामा आमनागरिकको सहभागितामा समेत गुणात्मक अभिवृद्धि हुने भएकोले अन्ततोगत्वा मुलुकको राजनीतिक प्रणालीको शुद्धीकरणमा

ठुलो सघाउ पुऱ्याउँदछ । जनताको संविधानप्रदत्त सार्वभौमसत्ताको अभ्यासलाई फराकिलो बनाउने ।

नेपालको संविधानको धारा **२४६**(१) मा *"निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने छ ।"* भन्ने संवैधानिक व्यवस्थाले निर्वाचनको समग्र व्यवस्थापकीय जिम्मेवारी निर्वाचन आयोगलाई रहेको देखिन्छ। विपक्षी निर्वाचन आयोगको लिखित जवाफसाथ संलग्न **स्थानीय निकाय निर्वाचन (कार्यविधि) ऐन, २०४८** मा संशोधन प्रयोजनार्थ निर्वाचन आयोगबाट स्वीकृत गरी नेपाल सरकारसमक्ष पेस गरिएको **निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक**को मस्यौदाको दफा ३२(२) र ३४क. मा गरिएको व्यवस्थाले मतदाताले मतदान गर्दा कुनै उम्मेदवारप्रति समर्थन नभएको भनी सङ्केत गर्न सक्ने गरी मतपत्रको ढाँचा तोकेको देखिँदा कानूनको मस्यौदामा समावेश भएको भए तापनि विधायिकाबाट पारित भएको सो कानूनमा उल्लिखित व्यवस्थाहरू नसमेटिएको अवस्था रहेको देखिने ।

नेपालको संविधानको धारा १२६(२) मा *"मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने छ ।"* साथै धारा १२६(४) मा *"मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नुपर्ने छ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्नसक्ने छ ।"* भनी भएको व्यवस्थाले मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले जारी गरेका आदेशहरू तथा प्रतिपादन गरेको कानूनी सिद्धान्त पालना गर्नु सबैको लागि बाध्यकारी रहेको संवैधानिक व्यवस्था रहेकोतर्फ समेत स्मरण गराउँदै अब उप्रान्त नेपालमा सम्पन्न हुने सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनहरूमा Right to Reject को अधिकारको अभ्यास गर्न मिल्ने गरी विपक्षीहरूबाट आवश्यक प्रबन्ध हुने विषयमा यस अदालतले अन्यथा अनुमान गर्न नमिल्ने ।

रिट निवेदनको मागअनुसार स्थानीय तह तथा सङ्घ र प्रदेशसमेतको निर्वाचन सम्पन्न भएर उक्त सभाहरूको गठन भइसकेको वर्तमान अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्नेतर्फ हेर्दा २०७४ साल वैशाख ३१ गते सम्पन्न हुने स्थानीय तहको निर्वाचन र सङ्घ तथा प्रदेशको निर्वाचनमा Electronic Voting Machine (EVM) तथा मतपत्रमा Right to Reject को आवश्यक व्यवस्था नगरी निर्वाचन गराउने गरी विपक्षीहरूबाट भएको निर्णयले सर्वोच्च अदालतको मिति २०७०।९।२१ को निर्देशनात्मक आदेशको उल्लङ्घन भएको हुँदा चुनावको मिति तोक्ने मन्त्रिपरिषद्को निर्णयसमेतका कार्य उत्प्रेषणको आदेशले बदर गरी मतपत्रमा Right to Reject को व्यवस्था गर्नु गराउनु भनी परमादेशसमेतको माग गरी रिट निवेदन दायर भएको देखियो। निर्वाचन आयोगबाट उल्लिखित निर्वाचनहरू २०७४ सालमा नै सम्पन्न भई प्राप्त भएको निर्वाचनको परिणामअनुसार मुलुकमा तीनै तहका सरकारहरू गठन भई कार्यरत रहेको अवस्थामा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएकोले मागबमोजिम आदेश जारी गर्नु प्रयोजनहीन हुन जाने भएकोले कुनै आदेश जारी गरिरहनुपर्ने नदेखिने ।

रिट निवेदनमा उठाएको विषय लोकतान्त्रिक शासन व्यवस्थालाई अझ बढी समृद्ध, प्रभावकारी

र परिष्कृत बनाई मुलुकमा सुशासन कायम गर्ने कार्यमा जनताको सार्वभौम अधिकारको सार्थक अभ्याससँग सम्बन्धित रहेको देखिन्छ । Right to Reject ले मतदातालाई निर्वाचन प्रक्रियाबाट कुनै पनि उम्मेदवारलाई मत नदिने विकल्पमा जान दिई निर्वाचनमा उपस्थित भई कुनै पनि उम्मेदवारप्रति समर्थन छैन (None of the above) भन्ने अवसर पनि सिर्जना गर्दछ । जनताले कस्ता उम्मेदवार चाहन्छन् भन्ने अभिव्यक्ति प्रकट गर्ने अवसर पनि दिलाउँछ । तर, सोही विषयमा मिति २०७०।९।२१ मा यस अदालतबाट (रिट नं. ०७०–WO–०३२६) निर्देशनात्मक आदेश जारी भएकोमा हालसम्म पनि कार्यान्वयन नभएको कुरा विपक्षीहरूको लिखित जवाफमा नै उल्लेख भएको अवस्था देखिन्छ । यसर्थ, मुलुकमा अब उप्रान्त सम्पन्न हुने सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनहरूमा प्रयोग गरिने Electronic Voting Machine (EVM) / मतपत्रमा समेत कायम उम्मेदवारहरूमध्ये कसैप्रति पनि समर्थन छैन (None of the Above) भनी मत जाहेर गर्न मिल्ने गरी आवश्यक व्यवस्था गरी निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि उपयुक्त कानूनी, प्रशासनिक र आर्थिक व्यवस्थापनलाई मध्यनजर राखी निर्वाचन आयोग, राजनीतिक दलहरू तथा नागरिक समाजसँग समेत छलफल गरी उपयुक्त तरिका र व्यवस्थापनका विकल्पहरू खोजी गरी वर्तमान राजनीतिक र सामाजिक परिप्रेक्ष्यमा कसैप्रति पनि समर्थन छैन भन्ने व्यवस्थाको प्रबन्ध गरी कार्यान्वयन गर्न गराउन विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: विकास बस्नेत

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७४-CI-००६५, पुनः मतगणना गरिपाऊँ, भिमबहादुर साउद वि. हर्कबहादुर साउदसमेत*

पुनरावेदक / वादी भिमबहादुर साउदले विपक्षी निर्वाचन अधिकृत प्रेमप्रसाद न्यौपानेले प्रचलित निर्वाचन कानूनको पालना नगरी आफूखुसी मतगणना कार्यविधिको अवलम्बन गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा १४१ सँग सम्बद्ध अनुसूची ६१ लाई पूर्णरूपमा मिची म र मेरो मतगणना प्रतिनिधिलाई एउटा प्रयोजनको मुचुल्का भनी सही गराई पछि आफूखुसी त्यसमा उल्लिखित प्रारम्भ भन्ने शब्दलाई केरमेट गरी समाप्त भन्ने शब्द लेखी झुक्याई मतगणना कार्य गरेको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा ऐ. निर्देशिकाको दफा १२४ सम्बद्ध अनुसूची ४९ अनुसारको मतगणना प्रारम्भ गरेको मुचुल्कामा नै प्रारम्भ भन्ने शब्दलाई केरमेट गरी समाप्त भन्ने शब्द लेखी सहीछाप गरी सबै वडाको मतगणना समाप्त भएको मुचुल्का तयार गरेको अवस्थासम्म देखिए पनि सोबमोजिमको मतगणना समाप्त भएको मुचुल्काहरूमा लेखिएको मतगणना समाप्त भएको मिति, समय र स्थान एवं उपस्थित प्रतिनिधिहरूको नामावली कहीँकतै केरमेट गरेको नदेखिएको, मतगणना समाप्त भएको समय मतगणना समाप्त भएको मुचुल्कामा फरकफरक उल्लेख भएको र प्रत्येक वडाका अलगअलग मुचुल्काहरूमा उपस्थित पुनरावेदक / वादी भिमबहादुर साउद वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि, कर्मचारीहरू एवं निर्वाचन अधिकृतसमेत गरी ७ जना वा सोभन्दा बढी व्यक्तिहरूको हस्ताक्षरबाट प्रमाणित भएको देखिएकोले पुनरावेदक / वादी भिमबहादुर

साउदले म र मेरो मतगणना प्रतिनिधिलाई एउटा प्रयोजनको मुचुल्का भनी सही गराई पछि आफूखुसी त्यसमा उल्लिखित प्रारम्भ भन्ने शब्दलाई केरमेट गरी समाप्त भन्ने शब्द लेखी झुक्याई प्रमाणपत्र दिएको भन्ने दाबी पुग्न सक्ने आधार नदेखिने।

सम्बन्धित उम्मेदवारले आफूले बढी मत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरिकाले बढी मत प्राप्त गरी विजयी भएको, बदर हुने मतपत्र बदर नगरेको वा कानूनबमोजिम सदर हुने मतपत्र सदर नगरेको र कानूनबमोजिम मतगणना गर्नुपर्नेमा त्यसबमोजिम नगरी मतगणना गरेको कुराको आधारमा मतगणना कार्य बदर गरी दोहोऱ्याई मतगणना पाउँ भनी आरोप लगाई उजुर गर्दैमा दोहोऱ्याई मतगणना गर्नु हुँदैन। तथ्यगत आधार र प्रमाणबाट आरोप पुष्टि पनि हुनु पर्दछ। आरोप लगाउँदैमा पुन: मतगणना हुने हो भने झिनो मतको अन्तर हुनासाथ अदालतमा उजुरी लिएर जाने प्रवृत्ति बढ्दै जाने हुन्छ। वडा नं. १ देखि ७ सम्मको मतगणना गर्दा मतगणना कार्य कानूनविपरीत भएको भए कुन वडामा पुनः मतगणना गर्नुपर्ने हो तत्कालै पुनः मतगणनाको लागि तत्कालै चित्त नबुझ्ने पक्षले निर्वाचन अधिकृतसमक्ष स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा १३७ र अनुसूची ५७ को ढाँचामा पुनःमतगणना गर्नुपर्ने आधार र कारण खोली निवेदन दिनुपर्ने हुन्छ। उजुरीकर्ता पुनरावेदक / वादी भिमबहादुर साउद वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले १ वडादेखि ७ वडासम्म मतगणना गर्दा सहमति जनाई मतगणनाको समयमा मतगणनासम्बन्धी सबै मुचुल्कामा सही गरी आफू १ मतले विपक्षीबाट पराजित भएपछि मात्र सम्पूर्ण गाउँपालिका अर्थात् १ देखि ७ वडासम्मको मतगणना पुनः गराइपाउँ भनी निवेदन दिएको कुरा उच्च अदालत दिपायलमा दर्ता गरेको उजुरीपत्रको बेहोराबाट देखिन्छ। १ देखि ७ वडासम्मको पुनः मतगणना गर्न निवेदन दिनुपर्दा स्थानीय तह निर्वाचन निर्देशिका,२०७३ को दफा १३७ बमोजिम अनुसूची ५७ को ढाँचामा पुनः मतगणना गर्नुपर्ने आधार र कारण खुलाई मतगणनाको समयमा तत्कालै निर्वाचन अधिकृतसमक्ष निवेदन दिनुपर्ने कानूनी व्यवस्थालाई उजुरीकर्ताले पालना गरेको पाइँदैन। अत: निवेदकले उजुरीपत्रसाथ पेस गरेको मिति २०७४/३/१८ को निवेदन विपक्षी निर्वाचन अधिकृतसमक्ष सोही मितिमा मतगणना समाप्त नहुँदै वा मतगणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले पेस भएको थियो भन्ने कुरा तथ्यगत रूपमा शङ्कारहित तवरबाट पुष्टि हुन सकेको अवस्था देखिन नदेखिने।

पुनरावेदक / वादी भिमबहादुर साउदले मैले प्राप्त गरेको मतलाई सुनियोजित तरिकाले घटी पारी विभिन्न तवर तरिका अपनाई छलछाम गरी सहमतिविपरीत जबरजस्ती रूपमा दबाब र प्रभावमा परी विपक्षी निर्वाचन अधिकृत प्रेमप्रसाद न्यौपानेले मैले पाएको ३१४० मतलाई घटाई ३१३७ मत देखाई विपक्षी हर्कबहादुर साउदलाई ३१३८ मत प्राप्त गरेको देखाई १ मतले मलाई पराजय गराई विपक्षी हर्कबहादुर साउदलाई गैरकानूनी तरिकाबाट विजयी घोषित गरेको भन्ने आरोप लगाएको देखिन्छ। उजुरीकर्ताले आरोप लगाउँदैमा सोहीअनुसार काम भए गरेको थियो भनी मान्न सकिँदैन। तथ्यगत आधार र प्रमाणबाट आरोप पुष्टि पनि हुनु पर्दछ। उल्लिखित विषयहरू तथ्यगत रूपमा पुष्टि हुन सकेको पनि देखिँदैन। उजुरीकर्ताले बढी मत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरिकाले बढी मत प्राप्त गरी विजयी भएको तथा बदर हुने मतपत्र बदर नगरेको वा कानूनबमोजिम सदर हुने मतपत्र सदर नगरेको वा कानूनबमोजिम मतगणना गर्नुपर्नेमा नगरी मतगणना गर्नुपर्ने निर्वाचन

अधिकृतलाई के कस्तो बाध्यता र अवस्था थियो भन्ने उजुरीमा उल्लेखसम्म पनि गर्न सकेको पाइँदैन। यस अवस्थामा निर्वाचन अधिकृत उजुरीकर्तालाई हराउन र विपक्षी हर्कबहादुर साउदलाई जिताउनको लागि क्रियाशील थिए वा अन्य कुनै अनुचित प्रभावमा परेका थिए भन्ने कुरा तथ्यगत रूपमा शङ्कारहित तवरबाट पुष्टि हुन सकेको नदेखिने।

तसर्थ, दोहोऱ्याई मतगणना गराउन पाउने अधिकार उल्लिखित निर्वाचनसम्बन्धी कानूनले उजुरी कर्तालाई प्रदान गरे तापनि त्यस्तो अधिकार माग्न आउँदा कानूनले निर्दिष्ट गरेको पूर्वसर्तहरूको पनि पालना गर्नु अनिवार्य हुन्छ। मतगणनासमेत निर्वाचनको सम्पूर्ण प्रक्रियामा उजुरीकर्ता वा निजको प्रतिनिधि समावेश भएको संलग्न कागजातहरूबाट देखिन्छ । उजुरी आरोप तथ्यगत आधार र प्रमाणबाट पुष्टि पनि हुनु पर्दछ । आरोप लगाउँदैमा पुन: मतगणना हुने हो भने झिनो मतको अन्तर हुनासाथ अदालतमा उजुरी लिएर जाने प्रवृत्ति बढ्दै जाने हुन्छ । उजुरीकर्ताले उजुरीसाथ संलग्न राखेको मिति २०७४/३/१८ को निवेदन विपक्षी निर्वाचन अधिकृतसमक्ष मतगणना समाप्त नहुँदै वा मतगणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले पेस भएको थियो भन्ने कुरा तथ्यगत रूपमा शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा निर्वाचन परिणामबाट आफ्नो हार भएपछि परिणाम अस्वीकार गरी निर्वाचनमा संलग्न निर्वाचन अधिकृतसमेतका विपक्षीहरूमाथि लगाइएको आरोप पुष्टि हुने पर्याप्त आधार प्रमाण उजुरीकर्ताले पेस गरी दाबी पुष्टि गर्न नसकेको हुँदा उजुरीकर्ता पुनरावेदक / वादी भिमबहादुर साउदको मागअनुसार पुनः मतगणना हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा उजुरी दाबी नपुग्ने ठहर गरी मिति २०७४/०४/०८ मा उच्च अदालत दिपायलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल आषाढ ६ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CI-००१४, राजीनामा लिखत बदर, थमनबहादुर पुर्जासमेत वि. ज्ञानु पुर्जा*

विपक्षीले प्रतिउत्तरपत्रको नक्कल सारी लिएको मितिले ३५ दिनको हदम्याद नाघी दर्ता हुन आएको राजीनामा लिखत बदर मुद्दाको सुनुवाइ गरी सुरू अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालतको फैसला बदरभागी छ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी लेककुमार पुर्जाले मिति २०७०।०१।२३ मा दर्ता गराएको प्रतिउत्तरपत्र प्रत्यर्थी वादी ज्ञानु पुर्जाले मिति २०७०।०२।१६ मा नक्कल सारी लिएको देखिएको छ । उक्त प्रतिउत्तरपत्रको प्रकरण ६ मा वादीले लगाएको ..."ऋणले धान्नै नसक्ने भई बेनीबजार मंगलाघाटको घरजग्गा केही समयअघि ऋण तिर्नका खातिर बेचबिक्री भइसकेको छ । "....मेरो आफ्नो सामाजिक प्रतिष्ठा, ईज्जत र आफन्तजनहरूसँगको सौहार्द्र सम्बन्धका खातिर अरबको मरूभूमिमा बगाएको पसिना र घरबसोबासको बेचबिक्रीबाट ऋण चुक्ता गरेको छु।....." भन्ने बेहोरा उल्लेख भएको देखिएको छ। प्रमाणको लागि पेस भएको सम्बन्ध विच्छेद मुद्दाको मिसिलबाट यी पुनरावेदक प्रतिवादीमध्येका थमनबहादुर पुर्जा र लेककुमार पुर्जासमेत तथा वादी ज्ञानु पुर्जाको अन्यत्र पनि घर जग्गा, बसोबास रहेको भन्ने देखिएको छ। बिक्री गरेको भनिएको घर र सो घर रहेको जग्गाको २ वटा कित्ता रहेको देखिएको छ । दुवै कित्ताको जग्गासहितको घर बिक्री भएको हो वा के कुन कित्ता नं.को के कति

क्षेत्रफलमा रहेको कस्तो घर कुन मितिमा कसलाई कति मूल्यमा के बेहोराबाट बेचबिक्री भएको हो ? सो सम्बन्धमा उक्त प्रतिउत्तरपत्रको बेहोराबाट स्पष्ट खुलेको देखिँदैन । उक्त सम्बन्ध विच्छेद मुद्दामा विवादित राजीनामा लिखतको प्रतिलिपि पेस भएकोसमेत देखिएन। घरजग्गा बिक्रीबाट प्राप्त रकम कति हो ? र उक्त रकम कस कसलाई ऋण तिरेको हो ? भन्नेलगायतका पर्याप्त जानकारीसमेत उक्त प्रतिउत्तरपत्रमा उल्लेख गरेको देखिएन। उल्लिखित घरजग्गा बिक्रीबाट आफ्नो अंशहकमा पर्न गएको असरबारे प्रत्यर्थी वादीलाई प्राप्त सो सूचना वा जानकारीको आधारमा मुद्दा मामिला गर्ने वा नगर्ने कुनै निर्णयमा पुग्न र सोको कानूनी उपचारमा जानको लागि पर्याप्त रहेको भन्ने देखिएन । अपर्याप्त सूचना वा जानकारीको आधारमा कानूनबमोजिम प्राप्त हकमा आघात पुग्ने गरी व्याख्या गर्न नमिल्ने।

लेनदेन व्यवहारको १० नं. लाई हेर्दा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखूसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरी दिएको भए मात्र पक्का ठहर्छ। साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतिस दिनभित्र उजुर गर्‍यो र निजको मन्जुरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता गराइदिनुपर्छ । सोबमोजिम फिर्ता भएकोमा साहुको थैली परेको भए फिर्ता भएजतिको थैली र ऐनबमोजिमको ब्याज लिखत रजिस्ट्रेसन दस्तुरसमेत सो सम्पत्ति बेचबिखन गरी वा अरू कुनै किसिमले हक छाडिदिनेबाट साहुले कपालीसरह असुल गरी लिन पाउँछ । आफ्नो निजी आर्जनको भए सँग बस्नेको मन्जुरी लिनु पर्दैन । बेचबिखनसमेत गैह्र गर्न हुन्छ ।" भन्ने व्यवस्था रहेको छ । उक्त र.नं.१६९९ मिति २०७०।०१।१९ को राजीनामा लिखतको प्रस्तुत मुद्दाका प्रत्यर्थी वादी ज्ञानु पुर्जाले मालपोत कार्यालय म्याग्दीबाट मिति २०७०।०५।१९ मा प्रतिलिपि लिई मिति २०७०।०६।१० मा राजीनामा लिखत बदर र जालसाज मुद्दा दर्ता गरेको देखिएकोले फिरादपत्र मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को म्याद नाघी दर्ता भएको भन्ने देखिँदैन भनी नक्कल लिएको मितिले थाहा पाएको मिति कायम गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब रहेको देखिँदा यस विषयमा अन्यथा विवेचना गरिरहनुपर्ने नदेखिने।

प्रस्तुत मुद्दाको फिराद हदम्यादभित्रै परेको देखिएपछि सो लिखत बदर हुने नहुने सम्बन्धमा विचार गर्दा प्रत्यर्थी ज्ञानु पुर्जाले आफ्ना पति लेककुमार पुर्जाउपर अंशसमेतको दाबी लिई सम्बन्ध विच्छेद मुद्दाको फिराद मिति २०७०।१।१५ मा म्याग्दी जिल्ला अदालतमा दर्ता गराएको मिसिलबाट देखिन्छ। लिखत बदर हुनुपर्ने होइन भनी पुनरावेदन जिकिर लिएको म्याग्दी अर्थुङ्गे २(ख) कि.नं.१०४३ को ज.रो.०-१-३-१ र ऐजन कि.नं.१०४५ को ज.रो.०-२-२-० जग्गा र सोमा भएको आर.सी.सी.पक्की घरसमेतको मूल्य रू.३०,००,०००।- कायम गरी मिति २०७०।०१।१९ गते दिने थमनबहादुर पुर्जा लिने मेकदेवी गौचन भई र.नं.१६९९ को राजीनामा लिखतबाट हकहस्तान्तरण भएको देखिएको छ । प्रमाणका लागि झिकाइएका ०७०-CP-००१२ को राजीनामा लिखत बदर, ०७०-CG-००२५ को जालसाज र ०६९-CG-००६७ को सम्बन्ध विच्छेद मुद्दाको मिसिलमा पेस भएको नागरिकताको प्रतिलिपिसमेतबाट प्रतिवादीहरू थमनबहादुर पुर्जा, लेककुमार पुर्जा र मेकदेवी

गौचनबिच क्रमशः बाबुछोरा, बाबुछोरी तथा दाजुबहिनी नाता देखिएको छ । अंशसमेत दाबी गरी अदालतमा प्रत्यर्थी वादीको सम्बन्ध विच्छेदको मुद्दा दायर भइसकेपछि वादीको समेत अंशहक लाग्ने घरजग्गा बिक्री / हकहस्तान्तरण गरेको कार्यमा प्रत्यर्थी वादी ज्ञानु पुर्जाको साक्षी सनाखत भएको वा मन्जुरी सहमति रहेको नदेखिएबाट व्यवहार चलाउनकै लागि घरजग्गा बिक्री गरेको भन्ने पुनरावेदन जिकिर पुष्टि हुन सकेको देखिएन । उक्त र.नं.१६९९ को राजीनामा लिखतको पेटबोलीमा "जग्गा किन्न" भन्ने प्रयोजन उल्लेख भएको देखिएको र मुद्दा परेपछि घरजग्गा बिक्री गरेको देखिएकोले ऋण तिर्न बिक्री गरेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर आफैँमा खण्डित भएको देखिएको छ । "अंश मुद्दा परेपछि वादीसमेतका अंशियारको अंशहक पुग्ने विवादित जग्गा वादीहरूको मन्जुरी नलिई प्रतिवादीहरू दिने र लिने भई पारित भएको हा.ब. लिखत कायम रहन सक्ने नदेखिने ।" भनी हकमा समेत सुनिल सिवाकोटीसमेत पुनरावेदक प्रतिवादी विरूद्ध विपक्षी वादी प्रान्जल सिवाकोटीसमेत भएको ०६७-CI-०९०३ को हालैदेखिको बकसपत्र लिखत बदर (ने.का.प.२०७१, अङ्क १२, नि.नं.९३१७, फैसला मिति २०७१।७।१९।४) मुद्दामा सिद्धान्तसमेत प्रतिपादन भएको देखिएकोले लिखत सदर कायम हुनुपर्छ भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने ।

मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नम्बरबमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ भन्ने कानूनी व्यवस्थाअनुसार प्रत्यर्थी वादीले लगाएको ऋण तिर्न मुलुकी ऐन अंशबन्डाको १९(१) नं. अन्तर्गत घरको मुख्य व्यक्तिलाई प्राप्त अधिकारबमोजिम घरजग्गा बिक्री गरेको कार्यलाई उक्त कानूनी प्रावधानविपरीत वादी दाबीबमोजिम लिखत बदर गरेको भन्ने पुनरावेदन जिकिर रहेको देखिएकोमा कुन कुन ऋण वा धन भाग लाग्ने वा नलाग्ने हो भन्ने सम्बन्धमा यस मुद्दाका प्रत्यर्थी वादी ज्ञानु पुर्जा प्रतिवादी लेककुमार पुर्जा भएको ०६९-CG-००६७ को सम्बन्ध विच्छेद मुद्दाको पुनरावेदनको रोहबाट इन्साफ हुने विषय देखिएको हुँदा सोतर्फ यहाँ विवेचना गरिरहनुपर्ने नदेखिने ।

जहाँसम्म मुलुकी ऐनको अंशबन्डाको १९ नं.को देहाय १ नं. बमोजिम घरमूलीले व्यवहार चलाउन घर जग्गा बिक्री गरेकोले लिखत बदर हुने होइन भन्ने पुनरावेदन जिकिर सम्बन्धमा पुनरावेदक थमनबहादुर पुर्जाले आफ्नी छोरी मेकदेवी गौचनलाई उक्त घरजग्गा बिक्री गर्दा लेनदेन व्यवहारको १० नं.बमोजिम अंशियारा प्रत्यर्थी वादी ज्ञानु पुर्जासमेतलाई साक्षी सनाखत गराएको र मन्जुरी लिएकोसमेत देखिएन। यस सन्दर्भमा ''पारिवारिक मनमुटाव भइरहेको स्थितिमा नाबालिग अंशियारको अंशहकमा नै असर पुग्ने गरी बिक्री भएको सम्पत्तिबाट वादीहरूको हकहितमा प्रयोग भएको अवस्था पुष्टि हुन नसक्दासम्म घर व्यवहार चलाउने नाममा सगोलको अचल सम्पत्ति राजीनामा पारित गरी गरेको हकहस्तान्तरणलाई नाबालिग एवं परित्यक्त परिवारको हकमा न्यायसङ्गत नहुने ।" समेत भन्ने पुनरावेदक प्रतिवादी केदार श्रेष्ठको श्रीमती चितवन जिल्ला, भरतपुर नगरपालिका, वडा नं.५ बस्ने लक्ष्मी श्रेष्ठ विरूद्ध विपक्षी वादी प्रल्हाद श्रेष्ठको छोरा चितवन जिल्ला, भरतपुर नगरपालिका, वडा नं.१२ घर भई हाल ऐजन वडा नं.५ बस्ने प्रवेग श्रेष्ठसमेत भएको ०६८-CR-०३१४ र ०६८-CR-०४७० को जालसाजी मुद्दा (ने.का.प.२०७६, भाग ६१, अङ्क ३, नि.नं.१०२२१) मा तथा सोहीबमोजिमको यिनै

पुनरावेदक प्रतिवादी र विपक्षी वादी भएको ०६८-CI-०३३० र ०६८-CI-०४८१ को लिखत दर्ता दाखिल खारेज बदर दर्ता हक कायम मुद्दा (ने.का.प. २०७६, भाग ६१, अङ्क ४, नि.नं.१०२५१) मा न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको देखिएकोले पुनरावेदकहरूको पुनरावेदन जिकिरबमोजिम साबिक पुनरावेदन अदालतको मिति २०७२।०२।११।२ को फैसला बदर गरी म्याग्दी जिल्ला अदालतको मिति २०७१।०९।२१ को फैसला सदर हुने अवस्था देखिन नआउने।

अतः अंशहकको समेत दाबी लिई सम्बन्ध विच्छेद मुद्दा दर्ता भइसकेपछि वादीको समेत अंशहक रहेको विवादको घरजग्गाको बिक्री हकहस्तान्तरण गर्दा निजको मन्जुरी लिएको नदेखिएको, घर व्यवहार चलाउनको लागि बिक्री गरेको भनिएकोमा सो प्रमाणित हुन नसकेको तथा प्रत्यर्थी वादीले राजीनामा लिखतको नक्कल सारेको मितिले ३५ दिनभित्रै प्रस्तुत राजीनामा लिखत बदरको मुद्दा दर्ता गराएकोसमेतबाट साबिक पुनरावेदन अदालत बागलुङको मिति २०७२।०२।११।२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल जेठ ३ गते रोज ६ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०६९-CR-०२४७, ०३४६, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबाबुप्रसाद साह कानू, सन्तोषकुमार साह वि. नेपाल सरकार*

अब प्रतिवादी सन्तोषकुमार साहको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादी रमेशप्रसाद यादवले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मेरो साथी लालविहारीप्रसाद यादवले मेरो साथीको बहिनी अरू केटासँग लागेकी छन् निजलाई आज तर्साउने, धम्काउने र केटीले रोजेको केटासँग छुटाई बाबु आमाले रोजेको केटासँग बिहे गर्ने भनी सम्झाउने कुरा भएको र सोही योजनाबमोजिम मिति २०६६।२।१२ का दिन बेलुका ९:३० बजेको समयमा केटीको घरमा म, वृजलालप्रसाद यादव, लालविहारीप्रसाद यादव र निजको मामा केटीको घरनजिक रहेको अर्को गोठ घरमा बसेको र उक्त राति आफूहरू ४ जना उठी केटीको कान्छो दाइले केटी सुतिरहेको ठाउँमा लगेर देखाई एउटा बन्दुक र एउटा कटुवा बन्दुक दिएका थिए, लालविहारीप्रसाद र निज मामाले केटीलाई समाते, वृजलालले केटीको छेउमा सुतेको बुबा रामबाबुप्रसाद साहलाई हतियार देखाएजस्तो गरे र केटीलाई समाती मससमेतका ४ जना भई घटनास्थलमा लगी वृजलाल र लालविहारीले गोली प्रहार गरी कर्तव्य गरी मारेका हौं भनी उल्लेख गरेको देखियो। मृतक मेनुकाकुमारीलाई मार्ने योजनामा यी प्रतिवादी सन्तोषको संलग्नता प्रतिवादी लालविहारीले भनेपछि थाहा पाएको हुँ भनी अनुसन्धान अधिकारीसमक्षको बयानमा उल्लेख गरेको पाइन्छ भने प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएका सन्तोषकुमार साहसमेतका मानिसहरूलाई चिन्दिन वारदातमा मेरो संलग्नता छैन भनी अदालतमा भएको बयानमा उल्लेख गरेको पाइन्छ । अदालतमा नै सहअभियुक्तले पोल गरेकोमा अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएको अवस्थामा सहअभियुक्तको पोललाई ग्रहण गर्न सकिँदैन भने अनुसन्धानको क्रममा गरेको बयानलाई मात्र प्रमाणमा ग्रहण गरी दोषी ठहर गर्नु न्यायोचित हुँदैन । यी प्रतिवादी रमेशको उक्त पोल स्वतन्त्र तवरबाट पुष्टि हुन सकेको पाइँदैन । यस सम्बन्धमा पुनरावेदक प्रतिवादी रामशरण महतसमेत विरुद्ध अनिल श्रेष्ठको जाहेरीले नेपाल सरकार भएको

कर्तव्य ज्यान मुद्दामा (ने.का.प.२०६३, अङ्क ८, नि.नं.७७४९, पृष्ठ १०२४) **"सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन यो त केवल न्याय निक्यौंल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अरू बल प्रयोग गर्ने एउटा थप आधार मात्र हुने"** भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता छ भनी मिति २०६६।२।२८ मा प्र.स.नि. मोतीप्रसाद साहले पेस गरेको प्रतिवेदनमा उल्लेख गरेको तर उक्त प्रतिवेदनलाई समर्थन हुने गरी निज प्रतिवेदक अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको नदेखिँदा केवल उक्त प्रतिवेदनमा मात्र उल्लेख भएको भनाइलाई प्रमाणमा लिन मिलेन । यस सम्बन्धमा सुनिता अधिकारीको जाहेरीले श्री ५ को सरकार वादी विरूद्ध प्रत्यर्थी प्रतिवादी दिवाकर पण्डित भएको ज्यान मार्ने उद्योग मुद्दामा (ने.का.प.२०६०, अङ्क १, नि.नं.७१६७) **"प्रमाण ऐन, २०३१ को दफा १८ मा कुनै आम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकातबाट जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ"** भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ र प्रस्तुत मुद्दामा यी प्रतिवेदक मोतीप्रसाद साह अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिन आएन । यसरी अदालतमा नै आई बकपत्र नगरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रतिवादीको विरूद्धमा प्रमाण ग्रहण गर्न सक्ने देखिएन । मिति २०६६।२।२० मा प्र.स.नि. वैद्यनाथ दासको प्रतिवेदनमा मृतकको मृत्युमा यी प्रतिवादीहरूको संलग्नता छ भनी उल्लेख गर्न सकेको छैन । यसरी सुरूमा दिएको प्रहरी प्रतिवेदनमा नाम नै उल्लेख गर्न नसकेकोमा पछि प्रतिवेदन दिने प्र.स.नि.मोतीप्रसाद साहले यी व्यक्तिहरूको वारदातमा संलग्नताको सम्बन्धमा कुनै स्रोतको अभावमा नामसम्म उल्लेख गरेको पाइएको तर उक्त प्रतिवेदनलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको नदेखिएबाट उक्त प्रतिवेदनमा उल्लेख भएको भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन नमिल्ने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १७(३) नं.को कानूनी व्यवस्था हेर्दा **"अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखिबाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि ३ वर्षसम्म कैद गर्नुपर्छ"** भन्ने उल्लेख भएको पाइन्छ । उपर्युक्तबमोजिमको वारदात हुनका लागि कुनै वारदात घटना घटाउनको लागि मतसल्लाहमा बसेको हुनुपर्दछ भने प्रस्तुत मुद्दामा यी प्रतिवादी सन्तोषकुमार साहले वारदात भएको भनिएको समयभन्दा पहिलादेखि वीरगञ्जमा डेरा गरी परिवारसहित बस्ने गरेको, उक्त वारदातको समयमा पनि म वीरगञ्जमा नै थिएँ भनी आफ्नो बयान बेहोरामा उल्लेख गरेको देखिन्छ भने उक्त बयान बेहोरालाई पुष्टि हुने गरी वारदात भएको भनिएको मिति र समयमा मेरै घरमा डेरा लिई बस्दै आएका थिए भनी निजका साक्षी लक्ष्मणप्रसाद साहले अदालतमा गरेको बकपत्रबाट देखिन्छ । यी प्रतिवादी यो यस किसिमबाट मतसल्लाहमा पसेको थियो भनी किटानीपूर्वक उल्लेख गर्न र प्रमाणबाट पुष्टि गर्न सकेको देखिन नआउने।

अर्का प्रतिवादी रामबाबुप्रसाद साहको हकमा अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार

गर्दा यी प्रतिवादी रामबाबुप्रसाद साहले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा मिति २०६६।२।१२ गते राति हामी सब परिवारहरू खाना खाई आफ्नो कोठामा सुतिरहेको अवस्थामा रातको करिब १:४५ बजेको समयमा म तथा मेरो छोरी मेनुकाकुमारी सुतिरहेको कोठामा अपराधीहरू आई हतियार देखाई मलाई कुटपिट गरी मेनुकालाई समाती लगी गोली हानी हत्या गरेका हुन् । मेनुका कुमारीलाई मार्न लगाएको होइन भनी कसुरमा इन्कार रही बयान गरेको र यी प्रतिवादीका साक्षी राजेशप्रसाद साहले वारदातमा यी प्रतिवादीको संलग्नता थिएन भनी बकपत्र गरेको पाइन्छ भने यी प्रतिवादीउपर जाहेरीसमेत परेको अवस्था छैन । सहअभियुक्त रमेशप्रसाद यादवको अनुसन्धानको बयानबाहेक अन्य मिसिल संलग्न प्रमाणबाट रामबाबुको आफ्नै छोरीको हत्यामा संलग्नता रहेको थियो भन्ने पुष्टि हुन सकेको नपाइने।

यसर्थ विवेचित प्रतिवादी रमेशप्रसाद यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा गरेको पोललाई अन्य प्रमाणहरूबाट पुष्टि नभएको, यी प्रतिवादी सन्तोषकुमार साह र रामबाबुप्रसाद साहको वारदातमा संलग्नता छ भनी प्र.स.नि. मोतीलाल साहले मिति २०६६।२।२८ मा दिएको प्रतिवेदन, निज प्रतिवेदक अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको नदेखिएबाट उक्त प्रतिवेदन स्वतन्त्र तवरले पुष्टि हुन नसकेको, यी प्रतिवादीहरूको वारदातमा संलग्नता पुष्टि हुने अन्य स्वतन्त्र र ठोस प्रमाण वादी नेपाल सरकारबाट पेस हुन नसकेकोसमेतबाट यी प्रतिवादी सन्तोषकुमार साहलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म मिलेको देखिन आएन भने अर्का प्रतिवादी रामबाबुप्रसाद साहलाई सफाइ दिने गरी भएको फैसला मनासिब नै रहेको हुँदा अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः यी प्रतिवादी रामबाबुप्रसाद साहलाई अभियोग दाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ भने अर्का प्रतिवादी सन्तोषकुमार साहलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम १(एक) वर्ष कैद हुने ठहराई गरेको मिति २०६९।२।३० को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी सन्तोषकुमार साहले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा

इति संवत् २०७६ साल असोज ६ गते रोज २ शुभम्।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६९-CI-०५४३, उत्प्रेषण, मखमली डंगोल वि. भूमिसुधार कार्यालय, काठमाडौंसमेत*

प्रस्तुत मुद्दामा निवेदिका मखमली डंगोलले मिति ०६५।४।२८ मा दर्ता गराएको निवेदनमा विवादित जग्गाको मूल्य २०६३ सालमा मूल्याङ्कन भएअनुसारको प्रतिआना रू.६०,०००।- कायम हुनुपर्ने भनी दाबी लिएको भए तापनि निजले भूमिसुधार कार्यालयको मिति २०६३।९।३ को निर्णय बदर गरिपाउँ भनी सर्वोच्च अदालतमा दर्ता गराएको २०६३ सालको रिट नं. ६७९ को रिटसँग सम्बन्धित निवेदनमा जग्गाको मूल्याङ्कन २०६३ सालमा कायम भएको दरले नै हुनुपर्ने भन्ने जिकिर नलिई प्रचलित

दरभाउअनुसार आफ्नो आधा हकबापतको रकम जग्गाधनीलाई दिई पूरै जग्गा मेरा नाउँमा एकलौटी कायम गरिदिनु भन्ने आदेश गरिपाउँ भन्ने मागदाबी लिएको देखिन्छ । उक्त जग्गाको मूल्यका सम्बन्धमा जग्गाधनी ग्यूर्मे गुरूङले भूमिसुधार कार्यालयमा दिएको निवेदनमा विवादित कित्ता नं. ४४४ को जग्गाको प्रचलित मूल्य प्रतिआना रू. ८,५०,०००।– पर्ने भएकोले उक्त जग्गा पनि सोही मूल्यमा आफ्नो हक हिस्सा लिन र दिनसमेत आफू मन्जुर रहेको भनी बेहोरा उल्लेख गरेको देखिँदा उक्त जग्गाका मोही निवेदक मखमली डंगोललाई सो रकम लिएर जग्गा छाड्ने विकल्पसमेत रहेकोमा सो प्रतिदाबीतर्फ निजले कुनै प्रतिक्रिया नदिएको, केवल पुरानो मूल्याङ्कन नै कायम हुन दाबी लिएपछि रजिस्ट्रेसन प्रयोजनको लागि कायम भएको मूल्य तथा सो जग्गाको तत्कालीन गाउँ विकास समितिको मूल्य सिफारिससमेतलाई मध्यनजर गरी जग्गाको तत्कालीन मूल्य कायम गरी भूमिसुधार कार्यालयले निर्णय गरेको देखिने।

भूमिसुधार कार्यालयले गरेको मूल्याङ्कन कानूनसम्मत रहेन रहेकोतर्फ विचार गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ज ले त्यस्ता जग्गाहरूको मूल्य कायम गर्न मूल्य निर्धारण समिति गठनसम्बन्धी कानूनी व्यवस्था गरेको देखिन्छ । सो कानूनी व्यवस्थालाई हेर्दा **दफा २६ङ को प्रयोजनको निमित्त जग्गाको मूल्य निर्धारण गर्न प्रत्येक जिल्लामा देहायका सदस्यहरू रहेको एक मूल्य निर्धारण समिति रहने छः–**

क. भूमिसुधार अधिकारी वा भूमिसुधार अधिकारी नरहेको जिल्लामा मालपोत अधिकृत -------------------------- संयोजक

ख. जग्गा रहेको गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा निजहरूले तोकेको सोही गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष, उपप्रमुख वा सदस्य ------------------------------- सदस्य

ग. जग्गा रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा सदस्य ------------------------------- सदस्य

घ. जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -------- सदस्य

ङ. भूमिसुधार कार्यालय रहेको जिल्लामा मालपोत अधिकृत -------------------सदस्य

उपर्युक्त कानूनी व्यवस्थाबमोजिम मूल्य निर्धारण समितिको गठन भई सोही समितिको सिफारिसबमोजिम मूल्य कायम हुने कानूनी व्यवस्था रहेको देखियो । यसरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ङ ले जग्गावाला र मोहीमध्ये एकजनाको नाउँमा जग्गाको हक कायम गर्न र सो जग्गाको प्रचलित मूल्य कायम गर्न भूमिसूधार कार्यालयलाई कानूनले नै अख्तियारी दिएको देखियो। सोही कानूनी व्यवस्थालाई अवलम्बन गर्दै पक्षहरूले जग्गाको मूल्यका सम्बन्धमा दिएका निवेदनहरू, मालपोत कार्यालयले रजिस्ट्रेसन प्रयोजनको लागि कायम गरेको मूल्य तथा सम्बन्धित गाउँ विकास समितिले जग्गाको प्रचलित मूल्य सम्बन्धमा गरेको सिफारिससमेतको आधारमा मूल्य निर्धारण समितिले गरेको मूल्य निर्धारणलाई विवेकपूर्ण नभएको भन्ने देखिँदैन। विवेकपूर्ण नभएको भन्ने पक्षले सो सम्बन्धमा कुनै ठोस आधार र कारणसमेत प्रस्तुत गर्न नसकेको अवस्थामा केवल पुनरावेदन जिकिर लिएकै आधारमा मात्र अन्यथा भएको भनी मान्न सकिएन । त्यसमा पनि जग्गाधनी पेमा ग्यूर्मे गुरूङले विवादित जग्गा प्रतिआना रू.५,५०,०००।– मोहीलाई

दिई जग्गा आफू लिन वा सोही मूल्य लिन मन्जुर गरी मालपोत कार्यालयमा निवेदन दिएको देखिएको अवस्थामा मोही मखमली डंगोललाई उक्त रूपैयाँ लिएर जग्गा छोड्ने विकल्प रहिरहेको देखिएकोमा सोसमेत यी पुनरावेदक मखमली डंगोलले अस्वीकार गरेबाट जग्गाको मूल्याङ्कन अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिने।

अतः निवेदिका स्वयंले जग्गाधनीलाई प्रचलित दरभाउअनुसारको रकम दिई जग्गा आफ्नो कायम गरिपाउँ भनी माग गरेको, मोही रहेको जग्गाको बाँडफाँट गर्दा जग्गाको खण्डीकरण हुने भई उपयोगविहीन हुने र समयान्तरमा जग्गाको मूल्यसमेत घटबढ हुनसक्नेतर्फ विचार पुर्‍याई जग्गाको प्रचलित मूल्य कायम गरी कुनै एक पक्षको नाउँमा जग्गाको बाँडफाँट गर्न भूमिसुधार कार्यालय सक्षम नै रहेको देखियो। यसरी बाँडफाँट गर्दा भूमिसुधार कार्यालयबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ज बमोजिम जग्गाको रजिस्ट्रेसन प्रयोजनको लागि कायम भएको मूल्याङ्कन तथा तत्कालीन गाउँ विकास समितिको मूल्य सिफारिससमेतलाई मध्यनजर गरी मूल्य निर्धारण समितिबाट विवादित जग्गाको तत्काल प्रचलित मूल्य प्रतिआना रू.५,५५,०००।- निर्धारण गरी जग्गाको मूल्याङ्कन गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तीर्थराज भट्टराई

इति संवत् २०७६ साल भाद्र २२ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-००७५, उत्प्रेषण, पेमा ग्यूर्मे गुरूङ वि. मखमली डंगोलसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७४-CR-०६४४, हाडनातामा जबरजस्ती करणी, निसन भन्ने बुद्धिबहादुर लिम्बू वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीलाई जबरजस्ती करणी महलको १ र ३(२) नं. र हाडनाता करणी गर्नेको महलको १ नं. को कसुर अपराधमा हाडानाताको महलको १ नं. र जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम सजाय गरी ऐ.को १० नं. बमोजिम क्षतिपूर्ति र थप सजाय गरिपाउँ भन्ने अभियोग दाबी देखिन्छ । अदालतमा बयान गर्दा घर छाडी बेपत्ता भएकोमा हप्काई दिएको कारण सो रिसइवीले झुठा उजुर गरेको भनी अभियोग दाबीमा इन्कार रही बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्षको बयानमा मोबाइलमा अश्लील दृश्य फिल्महरू देखाई निजलाई फकाई जबरजस्ती करणी गरेको हो भनी जाहेरी दरखास्त, घटना विवरण कागज गर्ने प्रतिवादीकै बाबुको कथनबाट समर्थित भएको देखिन आउँछ । निजले अदालतमा गरेको इन्कारी बयानलाई समर्थन गर्ने कुनै प्रमाण जुटाएको वा पेस गरेको देखिन्न । अदालतको बयानमा सन्त लिम्बू र सुखमाया लिम्बूलाई साक्षी राखेकोमा निजहरूलाई उपस्थित गराई आफ्नो बयान बेहोरालाई पुष्टि गराउन सकेको नपाइने।

मिति २०७०।१२।४ को वारदातको दिन पीडितालाई अश्लील फिल्म देखाउन प्रतिवादीले प्रयोग गरेको मोबाइल बरामद भएको देखिन्छ। सो बरामदित मोबाइल आफ्नै हो भनी अनुसन्धानको क्रममा सनाखत गरेको पाइन्छ। वारदातको दिन पीडितकै घर

कोठामा आफ्नै बाबुबाट जन्मिएकी सौतेनी आमाको छोरी बहिनी नाता पर्नेलाई मोबाइलबाट अश्लील फिल्म देखाई मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती करणी गरेको भनी परेको जाहेरी दरखास्तलाई पुष्टि हुने गरी मौकामा पीडिताले लेटाङ (क) ले अनुसन्धान अधिकारीसमक्ष कागज गरेको पाइन्छ। सो कागजलाई समर्थन गरी अदालतमा बकपत्र गरेकी छन्। निजको सो कथन समर्थन हुने गरी अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादीले बयान गरेको पाइन्छ। पीडिताको सो बकपत्रलाई पुष्टि हुने गरी पीडितको बुबा चन्द्रबहादुर लिम्बूले पनि बकपत्र गरिदिएको पाइन्छ। पीडिताको कथन र चन्द्रबहादुर लिम्बूको बकपत्रलाई घटनास्थल प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्काकी मानिस शान्ता लिम्बूको कागज र जाहेरवाली परिवर्तित नाम (ग) लेटाङले गरेको बकपत्रबाट समर्थन भएको पाइन्छ। पीडिताको स्वास्थ्य परीक्षणबाट पनि हाइमन (Hymen) पुरानो च्यातिएको भन्ने रहेकोमा पीडकले नै अनुसन्धानको क्रममा वारदातको दिनभन्दा अगाडि पनि पीडितलाई पटक-पटक करणी गरेको भनी गरिदिएको स्वीकारोक्ति बयानबाट पीडित लेटाङ (क) बहिनीलाई जबरजस्ती करणी गरेका रहेछन् भन्ने देखिने।

प्रतिवादी र पीडिता एकै बाबुको छोराछोरी र आमा फरक रहेको देखिन्छ। पीडिताकी आमा लाटी रहेको भन्ने पनि तथ्य रहेको छ। पीडिता र प्रतिवादी छुट्टी भिन्न भई अलगअलग खाने बस्ने गरेको अवस्थामा छुट्टी भिन्न भएकी सौतेनी बहिनी कहाँ जान्छिन् के गर्छिन् भन्ने खासै सरोकार यी प्रतिवादीलाई भएको भन्ने खुल्दैन। यस अवस्थामा घर छोडेर हिँडिरहने भएकीले घरमा बसभन्दा सो रिसइवीले जबरजस्ती करणीमा फसाउन जाहेरी दिएका हुन् भन्ने प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान विश्वासलायक देखिएन। छुट्टी भिन्न भएर बसेको सौतेनी नालमा पारिवारिक रिसइवीले सो झुट्टा कथन गरेकी हुन् कि भन्नलाई पनि पीडिताकै जस्तो कथन आफ्नो बाबुले पनि गर्नुपर्ने विश्वासयोग्य आधार देखिन्न। आफ्नो छोरालाई सामाजिक कलंक लाग्ने आधारमा दोषी करार गराउनुपर्ने विश्वसनीय खास आधार पनि नदेखिँदा प्रतिवादीकै बाबुको कथनलाई पनि अविश्वास गर्नुपर्ने आधार देखिएन। एउटै बाबुबाट जन्म भएका दाजु बहिनीको नाता सम्बन्ध भएका प्रतिवादीलाई पीडिताले बिनाआधार र कारण आफ्नो सतित्वमा आघात पुर्‍याई प्रतिवादीलाई जबरजस्ती करणी जस्तो सामाजिक कलंक लाग्नेसम्मको घृणित अपराधमा आरोप लगाई सजाय गर्नुपर्नेसम्मको रिसइवी भएको पनि मिसिल संलग्न प्रमाण कागजबाट खुलेको नपाइने।

तसर्थ, माथि उल्लिखित आधार कारणबाट प्रतिवादी निसन भन्ने बुद्धिबहादुर लिम्बूले एकै बाबुबाट जन्मिएकी सौतेनी बहिनी वर्ष ११ महिना ४ की पीडिता परिवर्तित नाम लेटाङ (क) लाई जबरजस्ती करणी गरेको अभियोग दाबी पुष्टि भएकाले सो कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र हाडानाता करणीको महलको १ नं. को कसुरमा १०(दश) वर्ष कैदसमेत १८(अठार) वर्ष कैद र जबरजस्ती करणी महलको १० नं. बमोजिम रू. ५०,०००।– (पचास हजार) क्षतिपूर्ति पीडितलाई भराइदिने ठहर्‍याई भएको मोरङ जिल्ला अदालतको फैसला मनासिब ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७१।९।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७५ साल कार्तिक १८ गते रोज १ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CR-११३९, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सलामत मन्सुरीसमेत*

फौजदारी मुद्दामा कसुर ठहर गर्न वा सोको खण्डन गर्नको लागि भौतिक प्रमाण तथा सो घटना देख्ने प्रत्यक्षदर्शीहरू महत्त्वपूर्ण प्रमाणको रूपमा रहेको हुन्छ । ती प्रत्यक्षदर्शीहरूको भनाइ तथ्यसँग मिल्दो हुनुपर्छ । तथ्य एउटै भएकोमा सो तथ्यको विश्लेषण गर्दा पनि सोको तरिका अलग-अलग भए तापनि सार भने समान रूपमा हुनुपर्छ । प्रस्तुत मुद्दाका साक्षी भनेका व्यक्तिहरूमध्ये वादीका साक्षी अमित अंसारी सबैजनाको हातमा रिभल्वर थियो भनेका छन् भने यी साक्षीसँगै रहेका अर्का साक्षी अमित अंसारीले मैनुदीन घटनास्थलमा भई निजबाट पेस्तोल र गोली बरामद भएको हो भनेका छन् । त्यस्तै जाहेरवाला उस्मान अंसारीले अहियाले पीडितको कन्चटमा पेस्तोल हानेको थियो भनेका छन् । सबैको साथमा गोली थियो भनी बकपत्र गर्ने वादी पक्षका साक्षीहरूको भनाइबमोजिम गोली र पेस्तोल बरामद भएको पाइन्न । प्रतिवादी ऐनुल अंसारी र सलामत मन्सुरीका साक्षी रजुफ अंसारीले घटनाको बेला यी प्रतिवादीहरू मिलादमा थिएँ भनेका छन् भने प्रतिवादीका अर्का साक्षी जलाउद्दिन अंसारीले मसँगै मिलादमा थिएँ भनी रजुफ अंसारीले भनेको कुरासँग यी साक्षीको भनाइ मेल खान आयो । यसबाट यी प्रतिवादीहरूउपरको आरोपित कसुर शंकारहित तवरबाट पुष्टि हुन नआउने ।

तसर्थ, माथि उल्लिखित तथ्य, गरिएको विवेचनाको आधार कारणबाट सहप्रतिवादी अहिया अंसारीले आरोपित कसुर आफू र मैनुदीन भई गरेको, यी प्रतिवादीहरूले वारदात स्थलमा उपस्थित नरहेको भनी गरेको बयान र यी प्रतिवादीहरूको घटनास्थलमा उपस्थित थिएनन् भन्ने साक्षीहरूको एक रूपताको बकपत्रसमेतबाट पुनरावेदन जिकिरबमोजिमको कसुरमा यी प्रतिवादीको संलग्नता शंकारहित तवरले पुष्टि हुन नआएकोले यी प्रतिवादीहरूउपर अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुरमा ऐ. को १५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहर्‍याई महोत्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।२।२१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७५ साल फागुन १४ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६९-RB-००१७, करारको यथावत् परिपालन गरिपाऊँ, दिपक नेपाल वि. औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय बालाजुसमेत*

पुनरावेदक कोहिनुर कोल्ड स्टोरेज प्रा.लि. र बालाजु औद्योगिक क्षेत्र व्यवस्थापनबिच सम्झौता भएपश्चात् दिव्या इन्टेरियर्सका प्रो. रघु शाहले बालाजु औद्योगिक क्षेत्र व्यवस्थापनको विरूद्धमा करारको दायित्व पूरा गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा मुद्दा परेको कारण पुनरावेदकलाई सम्झौताबमोजिमको जग्गा उपलब्ध गराउन नसकेको देखिन्छ । बालाजु औद्योगिक क्षेत्र व्यवस्थापनले दिव्या इन्टेरियर्सको सम्झौता रद्द गरेपश्चात् परेको मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।३ मा फैसला हुँदा दिव्या इन्टेरियर्सको पक्षमा फिराद दाबीबमोजिम करारको दायित्व वहन गर्नुपर्ने र भाडा बुझी लिनुपर्ने ठहरी फैसला भई सो फैसला अन्तिम भएर बसेको

देखिन्छ । उक्त फैसलाबमोजिम यी पुनरावेदकलाई सम्झौताबमोजिमको जग्गा उपलब्ध गराउन नसकेको देखिने।

दिव्या इन्टेरियर्सका प्रो. रघु शाह र बालाजु औद्योगिक क्षेत्र व्यवस्थापनबिच मिति २०५२।९।१७ मा २० वर्षको लागि उल्लिखित घर जग्गा करार गरी प्रयोग गर्दै आएको अवस्थामा यी पुनरावेदक र विपक्षीका बिच मिति २०६५।६।१९ मा करार गरे पनि सो मितिभन्दा अघि मिति २०५२।९।१७ मा भएको करारले मान्यता पाउने गरी फैसला भएको देखिन्छ । यस अवस्थामा यी पुनरावेदक र विपक्षी बालाजु औद्योगिक क्षेत्र व्यवस्थापनबिचको मिति २०६५।६।१९ को सम्झौतालाई मान्यता दिँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।३ मा फैसला भई अन्तिम भएर बसेको फैसला निरर्थक तथा प्रयोजनहीन हुन जाने देखिने।

अतः माथि उल्लिखित तथ्य, आधार, कारणबाट मिति २०५२।९।१७ को करारले निरन्तरता पाइरहेको अवस्थामा मिति २०६५।६।१९ को करारलाई मान्यता दिँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।३ मा भएको फैसला प्रयोजनहीन हुने जाने भएकाले निवेदन दाबी खारेज गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६९-CI-०४४८, जग्गा खिचोला घर उठाई चलन, चन्द्रकला देवी यादवनी वि. सुकल यादवसमेत*

पुनरावेदक वादी चन्द्रकला देवी यादवनीले सुरू अदालतमा दिएको फिरादमा आफ्नो हक भोग चलनको मिन्ही घरबासको ०-०-११ र ०-१-१० समेत गरी जम्मा ०-२-१ जग्गा विपक्षी प्रतिवादी विन्देश्वर यादवसमेतको सा.कि.नं. ३८६, ३८७ र लक्षन यादवसमेतको बाबु रवि यादवको मिन्ही घरबाससमेतको नाप नक्सा गरी खिचोला मेटाइपाउँ भनी फिराद दाबी रहेको पाइन्छ । सुरू अदालतबाट मिति २०६५।३।३१ मा भएको आदेशबमोजिम मिति २०६५।८।२८ मा भएको नक्सा मुचुल्का हेर्दा नक्सा नं. ५ मा वादीको निर्विवाद भोग रहेको ०-१-१८.७८ जग्गा रहेको देखिन्छ । विवादित न.नं. १० मा ०-०-३.८३, न.नं. ११ मा ०-०-८.४१ र न.नं. १२ मा ०-०-४.१३ समेत गरी जम्मा क्षे.फ. १६.४० धुर देखिन आउँछ । यी जग्गाहरू ब्लक नं. २६५ कै वादीको हक भोगको जग्गाको रूपमा देखिन्छ । नक्सा मुचुल्कामा न.नं.१० गाउँ ब्लक नं.२६५ भित्रैको जग्गा भई सो जग्गा प्रतिवादी विन्देश्वर यादव, आनन्दी देवी यादवले भोग गरेका छौं भनी स्वीकार गरेको पाइन्छ । वादीको जग्गा क्षे.फ.०-२-१ भएकोमा विवाद नभएको अवस्थामा न.नं. ५ गाउँ ब्लकको नं. २६५ को क्षे.फ. ०-१-१८.७८ समेत निर्विवाद भइरहेको देखियो । सुरू अदालतको आदेशबमोजिम भई आएको नाप नक्साबमोजिम न.नं. १०, ११, १२ को गरी जम्मा विवादित क्षे.फ. १६.४० धुर देखिन्छ। वादीले आफ्नो फिराद दाबीबमोजिम आफ्नो हक भोगको भनी लिएको जम्मा क्षेत्रफल नै ०-२-१ रहेको अवस्थामा फिराद दाबीभन्दा बढी ०-०-९ जग्गा वादीको हक भोगको हुने स्वाभाविक अवस्था नदेखिने।

तसर्थ, माथि उल्लिखित तथ्य, जिल्ला अदालतबाट भई आएको मिति २०६५।८।२८ को नक्सा मुचुल्काको आधारमा विवादित न.नं. १०, ११,

१२ मा रहेको जम्मा क्षे.फ. मध्ये वादीको नपुग क्षे.फ.०-०-२.२२ को जग्गामा सम्म वादीको हक रहने भई सो जग्गाबाट घरसमेत उठाई चलनसमेत चलाउने हदसम्म मात्र प्रतिवादीले खिचोला गरेको ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६८।९।२६ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७१-CI-०२६५, उत्प्रेषण, सत्यनारायण सुतिहार शर्मा वि. निजामती किताबखानासमेत*

निवेदक सत्यनारायण सुतिहार शर्माको नियुक्ति हुँदाको समयमा नै आफ्नो सिटरोल फाराममा स्पष्ट रूपमा जन्ममिति उल्लेख गरी विवरण भरेको निजले निजामती किताबखानामा पेस गरेको सिटरोल फारामबाट देखिन्छ । निजले आफ्नो उमेर ढाँटी, छली तथ्य लुकाएर अवकाश हुने समयभन्दा बढी समय नोकरीमा बहाल रहेको भन्ने तथ्य मिसिलबाट देखिँदैन। कानूनले नै प्रत्येक निकाय वा अधिकारीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तोकिदिएको हुन्छ। त्यस्तो निकायले कानूनतः आफ्नो दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्दछ। निजामती किताबखाना कर्मचारीको अभिलेख राख्ने, अद्यावधिक गर्ने, सम्बन्धित कर्मचारीलाई निजको अवकाश हुने मिति र समयको विषयमा जानकारी दिनुपर्ने हुन्छ तर सोबमोजिम जानकारी दिएको नदेखिने।

निवेदक पुण्यप्रसाद खरेल विरूद्ध विद्यालय शिक्षक किताबखानासमेत भएको ने.का.प. २०६९, अङ्क ४, नि.नं. ८८१० को उत्प्रेषणसमेतको निवेदनमा "आधिकारिक निकायबाट अवकाश पत्र नदिई साबिकबमोजिम नै नियमित रूपमा काम गरेको अवधिको तलब भत्ता नपाउने भन्न नमिल्ने हुन्छ । अविच्छिन्न रूपमा आफू कार्यरत विद्यालयमा रूजु हाजिर भई अध्यापन गरी आएको अवधिको नियमानुसार पाउने तलब भत्तालगायतको अन्य सुविधासमेत पाउने नै हुँदा काम गरेको अवधिको खाइपाई सकेको तलब भत्ता एवं सञ्चयकोष कट्टी रकम निवेदकलाई प्राप्त हुने औषधी उपचारको रकमबाट कट्टा गरी असुल गर्ने कार्य कानूनसम्मत र न्यायपूर्ण देखिन नआउने" भनी यस अदालतबाट व्याख्यासमेत भइसकेको देखिने।

श्रमसम्बन्धी विधिशास्त्रको अवधारणाअनुसार काम गरेबापत पारिश्रमिक दिनु न्यायोचित ठानिन्छ । निवेदक सत्यनारायण सुतिहार शर्माले अवकाशको जानकारी प्राप्त नगरून्जेल काम गरेको देखियो । पुनरावेदकलाई अनिवार्य अवकाशको जानकारी नगराएको वा जानकारी नपाएको कारणले निजले नियमित रूपमा काम गरेको देखिन्छ। काम गरेको अवधिको पारिश्रमिक पाउँदैन भन्नु न्यायोचित हुँदैन । गरिसकेको कामको पारिश्रमिक पाउनु स्वाभाविक कुरा हो । वस्तुत: निजले काम गरेको अवधिको तलब भत्ता र पारिश्रमिक पाउनुपर्ने देखिँदा निवेदकले काम गरेबापत खाइपाई सकेको तलब, भत्ता फिर्ता गर्न लगाउनु मनासिब नदेखिने।

तसर्थ, पुनरावेदक सत्यनारायण सुतिहार शर्माले छलकपट गरेर, ढाँटेर बढी समय सेवामा बहाल रहेको नदेखिएको, जानकारी दिनुपर्ने निकाय निजामती किताबखानाले निजलाई अवकाश हुने विषयको जानकारी समयमा नदिएको, निज निवेदकले काम गरेको अवधिको पारिश्रमिक पाउने नै देखिएकोसमेतका

माथि विवेचित आधार प्रमाणबाट पुनरावेदन अदालत पाटनको मिति २०७०।११।२१ को आदेश (फैसला) उल्टी भई मिति २०६८।१०।२३ देखि २०६९।११।३० सम्म बढी तलब भत्ता खाएको भनी रू.२,३१,६८६।७८ कट्टा गर्ने गरी भएको निजामती किताबखानाको मिति २०७०।३।१८ को निर्णय र सोसम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर हुन्छ । पेन्सन पट्टाको हकमा निजले भुक्तानी लिएको रकम कट्टा नगरी नियमानुसार ५८ वर्ष पूरा भएको मितिअनुसार अवकाश मिति कायम हुने गरी पेन्सन पट्टा बनाइदिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WH-०२३९, बन्दीप्रत्यक्षीकरण, खिमबहादुर कार्की वि. जिल्ला प्रहरी कार्यालय, पर्वतसमेत*

निवेदक खिमबहादुर कार्कीलाई जिल्ला शिक्षा समन्वय इकाई बगर पोखराको हाताबाट मिति २०७६/३/४ मा पक्राउ गरी राज्य विरूद्धको कसुरमा कास्की जिल्ला अदालतमा मुद्दा चलेको र सो मुद्दामा भएको थुनछेक आदेशबमोजिम रू. १५,०००/- धरौटी मिति २०७६/९/१३ मा राखी तारेखमा छुटेको, निजलाई पुन: कारागार कार्यालय कास्कीबाटै पक्राउ गरी तनहुँ लगिएको, त्यसपछि यस अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन परेको, तत् पश्चात जिल्ला प्रशासन कार्यालय तनहुँबाट रू. १०००/- धरौट माग गरिएको, सो धरौट दाखिल गर्नासाथ पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय स्याङ्जा पुऱ्याई मिति २०७६/१०/९ मा स्याङ्जाबाट छुटेपछि पुन: पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पर्वतको गैरकानूनी हिरासतमा राखिएको भन्नेसमेत निवेदन दाबी रहेको देखिन्छ । निजलाई जरूरी पक्राउ पुर्जी दिएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम मिति २०७६/१०/९ देखि लागु हुने गरी पहिलोपटक १० दिन र मिति २०७६/१०/१९ देखि लागु हुने गरी दोस्रो पटक १० दिन जिल्ला प्रशासन कार्यालय पर्वतबाट म्याद थपको अनुमति लिएको देखियो । जरूरी पक्राउ-पुर्जी जारी गर्नुपर्नेसम्मको पूर्वावस्था रहेको थियो भन्ने कुनै उचित कारण र आधार प्रस्तुत हुन आएको देखिएन । थुनामा राख्न अनुमति माग गर्दा तथा अनुमति प्रदान गर्दा कुनै मनासिब कारण खुलाएको पनि पाइएन । निवेदकलाई क्रमशः कास्कीमा थुनाबाट छुटेपछि तनहुँमा, त्यसपछि स्याङ्जामा र स्याङ्जाबाट छुटेपछि पर्वतमा पुऱ्याई थुनामा राखेको पाइने ।

कुनै पनि नागरिकलाई प्रवृत्त धारणा राखी पटकपटक बन्दी बनाउने कार्य अनुचित र कानून प्रतिकूल हुन जान्छ । त्यसप्रकारको प्रवृत्तिबाट नेपालको संविधान तथा फौजदारी कार्यविधि संहिता, २०७४ मा व्यवस्थित प्रावधानको भावना र मर्म प्रतिकूल हुन जान्छ । यस अदालतबाट कुनै प्रकारको मुद्दामा कारबाही चलाएको भन्ने देखाएको आधारमा प्रवृत्त धारणा राखी थुनामा राखिएको कार्यलाई गैरकानूनी ठहर गर्दै पटकपटक रिट आदेशहरू जारी भएकासमेत देखिन्छन् । कुनै फौजदारी कानून प्रतिकूल कार्य भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ । तर यसको तात्पर्य कुनै वारदातको परिकल्पना गरेर पक्राउ गर्ने वा बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कानूनी

प्रक्रिया पूरा नगरी बन्दी बनाउने कार्यलाई उचित ठान्न नसकिने । यस अदालतबाट वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्य रूपमा अनुशरण गर्नुपर्ने, राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्न नहुने, प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न नसकिने, एउटा मुद्दामा थुनामुक्त गर्नासाथ तत्कालै पक्राउ गरी निरन्तर थुनामा राख्ने कार्यबाट निवेदकहरूउपर प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको देखिने भनी सिद्धान्त[1] प्रतिपादन भएकोसमेत देखिने ।

निवेदक खिमबहादुर कार्कीको सम्बन्धमा हेर्दा निजलाई एकपछि अर्को जिल्लामा अभद्र व्यवहारसम्बन्धी कसुर देखाई मुद्दा चलाएको, यसरी काम कारबाही गर्दा स्वच्छ सुनुवाइसम्बन्धी मान्यता तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९, दफा १४ समेतमा व्यवस्थित कानूनी प्रावधानहरूको समुचित रूपमा अनुशरण नगरिएको र प्रवृत्त धारणा राखी आस्थाको विषयलाई लिएर जसरी पनि थुनामा राख्ने गरी विपक्षीहरूले कार्य तथा व्यवहार गरेको देखियो । तसर्थ, प्रवृत्त धारणा राखी थुनामा राखेको देखिँदा निवेदक खिमबहादुर कार्कीलाई पर्वत जिल्ला अदालतका जिल्ला न्यायाधीशको रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ समेतबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः डल्लुराम चौधरी, सृजना गौतम (शा.अ.)

इति संवत् २०७६ साल माघ २६ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७६-WH-०२२५, बन्दीप्रत्यक्षीकरण, खिमबहादुर कार्की वि. जिल्ला प्रहरी कार्यालय स्याङ्जासमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७४-WO-०४९५, उत्प्रेषण, शम्भुकुमार प्रसाई वि. सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबारसमेत*

गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८ अनुसार सञ्चालक समितिमा पाँच जना सञ्चालकहरू रहने व्यवस्था रहेको देखियो । सञ्चालक समितिमा पाँचजना सञ्चालकहरूमध्ये ऐ. ऐनको दफा ८(१)(घ) बमोजिम पत्रकारिता प्रकाशन वा साहित्य क्षेत्रमा ख्याति प्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले एक जना सदस्य मनोनयन गर्न सक्ने व्यवस्था रहेको र त्यसरी मनोनित सञ्चालक सदस्यको कार्यावधि चार वर्षको हुने छ भन्ने ऐ. दफा ८(३क) मा कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसैगरी ऐ. दफा ८(४) मा **"उपदफा (३क) मा जनुसुकै कुरा लेखिएको भए तापनि उपदफा (१)को खण्ड (ग) र (घ) अन्तर्गत मनोनित सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने छ"** भन्ने कानूनी व्यवस्था रहेको पाइयो । उपर्युक्त कानूनी व्यवस्थाअनुसार ऐनको दफा ८(१)(घ) अन्तर्गत मनोनित सञ्चालक सदस्यको पदावधि ४ वर्षको भए पनि सो कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने नै देखियो । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा रिट निवेदक शम्भुकुमार प्रसाई नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०७३।८।१० को निर्णयानुसार गोरखापत्र संस्थानको सञ्चालक समितिको सदस्य पदमा ४

1 *ने.का.प. २०७६ , अङ्क ३, भाग ६१, नि.नं. १०२२२*

वर्षको लागि मनोनयन भएको सूचना तथा सञ्चार मन्त्रालयको च.नं. २६४ मिति २०७३।८।१२ को पत्रबाट देखिन्छ । रिट निवेदक शम्भुकुमार प्रसाईको ४ वर्षे पदावधि बाँकी छँदै उक्त सदस्य पदमा मिति २०७४।१०।११ मा राधिका ढकाललाई नियुक्ति गरेको पाइयो । गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८(४) बमोजिम ऐ. दफा ८(घ) बमोजिम नियुक्त (मनोनित) सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्ने नै देखियो । निवेदक पनि साबिकमा सोही व्यवस्थाबमोजिम मनोनयन भएका व्यक्ति हुन् । यी निवेदक नियुक्त हुनुअगावै नियुक्त भएका नवराज सुवेदी मिति ०७२।१०।२८ मा उक्त पदमा नियुक्त भएकोमा निजको ४ वर्ष पदावधि पूरा हुन करिब ३ वर्ष ४ महिना बाँकी छँदै निजलाई हटाई यी निवेदक शम्भुकुमार प्रसाईलाई नियुक्त गरेको देखिएबाट समेत निवेदकको निवेदन न्यायोचित मान्न मिल्ने नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट गोरखापत्र संस्थानको सञ्चालक समितिको सदस्य पदमा राधिका ढकाललाई नेपाल सरकारको मिति २०७४।१०।११ को निर्णयअनुसार मनोनयन गरिएको कार्य कानूनसम्मत नै देखिन आयो । उक्त निर्णयबाट निवेदकको संविधान र कानून प्रदत्त हक अधिकारमा आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७१-CR-०९५२, डाँका, नेपाल सरकार वि. सुरेश तामाङ लामा*

मिति २०६७/९/१५ गते दिनको १४:०० बजेको समयमा प्रतिवादीहरू सुरेश तामाङसमेतका ५/६ जनाको समूहले मैले चलाई आएको मोटरसाइकल रोकी मलाई खुकुरी देखाई डर त्रासमा पारी मेरो साथमा रहेको नगद रू.२५०००।–, मोबाइल सेट १, ब्लु बुक, लाइसेन्स र मोटरसाइकलपछाडि बस्ने मुना सापकोटाको १ जोर टप र १ तोलाको सुनको सिक्रीसमेत डाँका गरी लगेको हुँदा निजहरूलाई पक्राउ गरी कारबाही गरिपाउँ भनी रूद्रबहादुर गेलालले दिएको जाहेरी दरखास्तका आधारमा प्रस्तुत मुद्दाको उठान भएको देखियो । प्रतिवादीहरू सुरेश तामाङ र भीमबहादुर तामाङले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा हामीहरू ५ जनाले मोटरसाइकल चालक र मोटर साइकलपछाडि बस्ने महिलाको सिक्री, मोबाइल, पर्ससमेत लुटी भागेका हौं भनी बयान गरे तापनि यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा डाँका गर्न नगएको, आफूहरूबाट कुनै समान बरामद नभएको, अनुसन्धान अधिकारीसमक्ष भएको बयान आफ्नो नभएको, कुटपिट गरी पहिले नै लेखिएको बयानमा सहीछाप गराएको भनी कसुरमा इन्कारी भई बयान गरेको पाइयो । प्रतिवादीहरूको उक्त इन्कारी बयानलाई पुष्टि हुने गरी प्रतिवादी सुरेश तामाङ तथा भीमबहादुर तामाङका साक्षीहरूले यी प्रतिवादी सुरेश तामाङ र भीमबहादुर तामाङले डाँका गरेका छैनन्, निजहरू काम गरेर खाने मानिस हुन् भनी बकपत्र गरेको देखिन्छ । भीमबहादुर तामाङसमेतले लुटेको भन्ने मैले देखिन । कसले लुट्यो मलाई थाहा भएन भनी बुझिएका मानिस लक्ष्मण गिरीले अदालतमा आई बकपत्र गरेकोसमेत पाइयो । प्रतिवादीहरूबाट बरामद भएको भनिएको सुनको टपको बरामदी मुचुल्काको रोहबरमा बस्ने मानिसहरू अदालतमा उपस्थित भई बरामदी

मुचुल्कालाई समर्थन हुने गरी बकपत्र गर्न सकेको देखिएन। मोबाइल र सवारी चालक प्रमाणपत्रसमेतको बरामदी मुचुल्का गर्दा कुनै साक्षीसमेत राखेको नदेखिँदा त्यस्तो बरामदी मुचुल्कालाई रीतपूर्वक भएको मान्न मिल्ने अवस्था नदेखिने।

जाहेरवाला रूद्रबहादुर गेलालले यी प्रतिवादीहरूउपर जाहेरी दिए पनि आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेको पाइएन। जाहेरवालाको अदालतमा भएको बकपत्र हेर्दा डाँका गर्ने मानिसहरूलाई म चिन्दिन। प्रतिवादीहरूले कसुर गरेका होइनन् भनी प्रतिवादीहरूको निर्दोषिताको पक्षमा बकपत्र गरेको पाइयो। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ। प्रस्तुत डाँका चोरीको वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ भन्ने वादी पक्षबाट वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गरेको पाइएन। ठोस सबुद प्रमाणको अभाव देखिँदा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिने।

अत: माथि विवेचित आधार, कारणबाट प्रतिवादी भीमबहादुर तामाङ र सुरेश तामाङलाई सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१/१/२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- सृजना गौतम

इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम्।

इजलास नं.८

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०७१-CR-१०५४, ठगी, नेपाल सरकार वि. घिउकुमारी बस्नेतसमेत*

पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादीहरूमध्येका सूर्यबहादुर बस्नेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा निज प्रत्यर्थी प्रतिवादी सूर्यबहादुर बस्नेतले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत आफूलाई प्रतिवादी घिउकुमारी बस्नेतले गरेको कारोबारको विषयमा केही थाहा जानकारी नभएको र सो कार्यमा आफ्नो संलग्नता छैन भनी आरोपित कसुरमा इन्कारी बयान गरेको पाइन्छ। प्रतिवादीहरू घिउकुमारी बस्नेत र सूर्यबहादुर बस्नेतले मिति २०६९।६।८ मा विवाह गरेको हो भनी आफ्नो बयानमा लेखाएको र जाहेरवालाहरूबाट प्रतिवादी घिउकुमारी बस्नेतले उक्त मितिभन्दा अगावै नगद तथा सुनका गहना लिएको भन्ने जाहेरी दरखास्त र निज प्रतिवादी घिउकुमारी बस्नेतको बयानसमेतबाट देखिन्छ। प्रतिवादी घिउकुमारी बस्नेतले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानको स.ज. १६ मा "... मेरोबाहेक अरू कोही-कसैको संलग्नता छैन, श्रीमान् सूर्यबहादुर बस्नेतको पनि संलग्नता छैन" भनी र अदालतमा गरेको बयानको स.ज. ६ मा "...मैले पहिलाको श्रीमान् दलजित रानासँग हुँदाकै समयमा होटल व्यवसाय गर्न गरेको कारोबार हो। हालको श्रीमान् सूर्यबहादुर बस्नेतलाई यी कारोबारको सम्बन्धमा केही थाहा छैन, निजको संलग्नता छैन" भनी लेखाएको र निज प्रतिवादी सूर्यबहादुर बस्नेतउपर जाहेरवालाहरूले किटानीसाथ यो-यस किसिमबाट रकम लिई खाई ठगी गरेको भनी भन्न र लेखाउन सकेको पाइँदैन। जाहेरवालाहरूले निजलाई प्रतिवादी घिउकुमारी बस्नेतको श्रीमान् भएकै नाताले मात्र जाहेरी दिएको देखिन्छ। फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने ठोस र स्पष्ट प्रमाण

पेस नभएको अवस्थामा कसुरदार ठहर गर्न कानून र न्यायसङ्गतसमेत नदेखिँदा प्रतिवादी सूर्यबहादुर बस्नेतलाई ठगीको कसुर अपराधबाट सफाइ दिने गरी भएको सुरू पाल्पा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेकै देखिने।

अब, प्रतिवादी घिउकुमारी बस्नेतलाई ठगीको कसुर अपराधमा ठहर गरी अभियोग दाबीभन्दा घटी बिगो कायम गरी जाहेरवालाहरूको सुनको सम्बन्धमा केही नबोलेको पुनरावेदन अदालत बुटवलको फैसला बदर गरी अभियोग दाबीबमोजिम बिगो कायम गरी बिगोबमोजिमको जरिवाना र जाहेरवालाहरूलाई बिगो भराइपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, मिति २०६९।६।२८ मा जाहेरवालाहरूले दिएको किटानी जाहेरीमा निज प्रतिवादीले लालु भन्ने भिमकुमारी मल्ल ठकुरीको १ १/२ तोला, माया जि.सी. को ३ १/२ तोला, अम्बिका खातीको ३ १/२ तोला र गीता भन्ने गिरीश्वरी पराजुलीको २ १/२ तोला सुनका गहनाहरू तथा नगदसमेत ठगी गरेको भनी उल्लेख भएको देखिनुका साथै निज जाहेरवालाहरूले अदालतमा आई आफ्नो किटानी जाहेरीलाई समर्थन हुने गरी बकपत्रसमेत गरेको देखिन्छ । प्रतिवादी घिउकुमारी बस्नेतले अनुसन्धान अधिकारीसमक्ष जाहेरवालाहरूलाई ठगी गरेको नभई निश्चित ब्याजदरमा ब्याजसमेत दिने गरी नगद तथा सुनका गहना लेनदेन गरेको र सुनका गहना सन्जिप कालिकोटासमेतको सुनपसलमा गहना राखी नगद लिएकी हुँ भनी सुनका गहना तथा नगद लिएको स्वीकार गरी बयान गरेको र सोही बेहोरालाई समर्थन हुने गरी अदालतमा बयान गरेको देखिन्छ। निज प्रतिवादीको अदालतको बयानको स.ज. ३ मा "...लालु भन्ने भिमकुमारी मल्ल ठकुरीको १ १/२ तोला, माया जि.सी. को ३ तोला १२ लाल, अम्बिका खातीको ३ तोला ३० लाल, र गीता भन्ने गिरीश्वरी पराजुलीको २ १/२ तोला नभई २ तोलाको सुनको गहनाहरू लिएकी हुँ..." भनी जाहेरवालाहरूको सुनको गहना लिएकोमा स्वीकार गरी बयान बेहोरा लेखाएको पाइन्छ । जाहेरवालाहरूको किटानी जाहेरी, सोलाई समर्थन हुने गरी निजहरूले अदालतमा आई गरेको बकपत्र, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत सुनको गहना लिएको विषयमा स्वीकार गरी बयान गरेकोसमेतका आधारमा नेपाल सुन चाँदी व्यवसायी सङ्घ पाल्पाको मिति २०६९।७।२० को पत्रानुसार कायम भएको सुनको दरभाउबमोजिम अदालतमा आई बकपत्र गर्ने जाहेरवालाहरू लालु भन्ने भिमकुमारी मल्ल ठकुरीको १ १/२ तोला सुनको रू. ८५,६५०।-, माया जि.सी. को ३ तोला १२ लाल सुनको रू.१,९१,८८०।-, अम्बिका खातीको ३ तोला ३० लाल सुनको रू.१,७७,७०५।- र गीता भन्ने गिरीश्वरी पराजुलीको २ तोला सुनको रू.१,१६,५००।- गरी जम्मा रू.५,७१,७३५।- थप बिगोसमेत ठगी गरेको देखिँदा प्रतिवादी घिउकुमारी बस्नेतलाई अभियोग दाबीबाट सफाइ हुने ठहराएको सुरू पाल्पा जिल्ला अदालतको मिति २०७०।१०।१३ को फैसलामा केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन ठगीको महलको १ नं. को कसुर अपराधमा सोही महलको ४ नं. बमोजिम सजाय हुने ठहर गरी मिति २०७१।७।१० मा पुनरावेदन अदालत बुटवलबाट भएको फैसलामा जाहेरवालाहरूको सुनको सम्बन्धमा बिगो कायम नगरेको सो हदसम्म मिलेको देखिन नआउने।

अतः प्रतिवादी घिउकुमारी बस्नेतलाई अभियोग दाबीबाट सफाइ हुने ठहराएको सुरू पाल्पा जिल्ला अदालतको मिति २०७०।१०।१३ को फैसलामा केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी

ऐन ठगीको महलको १ नं. को कसुर अपराधमा सोही महलको ४ नं. बमोजिम सजाय हुने ठहर गरी मिति २०७१।७।१० मा पुनरावेदन अदालत बुटवलबाट भएको फैसलामा जाहेरवालाहरूको सुनको सम्बन्धमा बिगो कायम नगरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी घिउकुमारी बस्नेतले अदालतमा आई बकपत्र गर्ने जाहेरवालाहरू लालु भन्ने भिमकुमारी मल्ल ठकुरीको ११/२ तोला सुनको रू.८५,६५०।- माया जि.सी. को ३ तोला १२ लाल सुनको रू. १,९१,८८०।-, अम्बिका खातीको ३ तोला ३० लाल सुनको रू.१,७७,७०५।- र गीता भन्ने गिरीश्वरी पराजुलीको २ तोला सुनको रू. १,१६,५००।- गरी जम्मा रू. ५,७१,७३५।- समेत ठगी गरेको देखिँदा निज प्रतिवादी घिउकुमारी बस्नेतलाई साबिक मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम थप रू. ५,७१,७३५।- समेत जम्मा रू. २२,९४,२३५।- बिगो कायम भई सोहीबमोजिम रू. २२,९४,२३५।- जरिवाना हुने भए तापनि **मुलुकी अपराध संहिता, २०७४ उक्त संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (ग) मा** *"खण्ड (क) वा (ख) मा लेखिएदेखिबाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना"* भन्ने व्यवस्था गरेको पाइन्छ । **फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा** *"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ ।"* भन्ने उल्लेख भएको र **केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा** *"...तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"* भन्ने कानूनी व्यवस्था भएको तथा उक्त ऐनहरू मिति २०७५।५।१ गतेदेखि र संशोधित व्यवस्था मिति २०७६।१।२ देखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा पनि प्रतिवादी घिउकुमारी बस्नेतलाई रू. ७०,०००।- (अक्षेरूपी सत्तरी हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाहरूले बिगोबमोजिमको रकम भरी पाउनेसमेत ठहर्छ । सोबाहेक अरू कुरामा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल आषाढ ७ गते रोज १ शुभम् ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-CR-१६११, लागु औषध, नेपाल सरकार वि. विश्वराज गिरीसमेत*

प्रतिवादी विश्वराज गिरी उपस्थित रहेको होटलको कोठा नं. २०४ बाट डाइजेपाम १९ थान, नुर्फीन १९ थान र फेनारगन १९ गरी जम्मा ५७ थान अर्थात् १९ सेट र प्रतिवादी समीर श्रेष्ठको साथबाट डाइजेपाम ३ थान, फेनारगन ३ थान, नुर्फिन ३ थान गरी जम्मा ९ वटा ३ सेट बरामद भएको कुरा मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादी समीर श्रेष्ठको हकमा हेर्दा प्रस्तुत मुद्दा पर्नुभन्दा अगाडि पनि लागु औषध सेवनको कसुरमा सजाय पाइसकेकोले प्रस्तुत मुद्दामा पटके कायम गरी सजाय भएको अवस्था छ । प्रस्तुत मुद्दामा निजको साथबाट बरामद भएको लागु औषधको परिमाण हेर्दा ९ सेट देखिन्छ । एउटा कुलतमा फसिसकेका व्यक्तिको साथबाट सो परिमाणमा लागु औषध बरामद हुनुलाई अस्वाभाविक पनि भनिहाल्न मिल्ने देखिँदैन । त्यसैगरी अर्का प्रतिवादी विश्वराज

गिरीको हकमा हेर्दा निज प्रतिवादीको साथबाट बरामद नभई निजसमेतले भाडामा लिएको होटलको कोठा नं. २०४ बाट बरामद भएको देखिन्छ । यी दुवै प्रतिवादीहरूको बयानबाट उक्त कोठा निजहरूलगायत अन्य साथीभाइ भेला भई लागु औषध सेवन गर्ने प्रयोजनको लागि भाडामा लिएको भन्ने खुल्न आएको र निजहरूको सो बयानलाई सेवन गरी फालिएको अवस्थामा फेला परेको "**डाइजेपाम १० वटा, नर्फिन १० वटा, फेनारगन १० वटासमेत गरी ३० वटा फुटी क्षति भइसकेको**" भन्ने बरामदी मुचुल्काले समेत समर्थन गरेको पाइन्छ । यसबाट उक्त होटलको कोठा नं. २०४ विश्वराज गिरी एक्लैले भाडामा नलिई सहप्रतिवादी समीर श्रेष्ठसमेतका साथीहरूले संयुक्त रूपमा लिएको भन्ने देखिँदा सो कोठामा बरामद भएको लागु औषधमा यी प्रतिवादी विश्वराज गिरीको मात्र स्वामित्व रहेको भनी अर्थ लगाउन मिल्ने देखिँदैन । यसरी दुई वा सोभन्दा बढी व्यक्तिहरूले आपसमा भेला भई लुकीछिपी लागु औषध सेवन गर्ने उद्देश्यले भाडामा लिएको कोठामा १९ सेट लागु औषध बरामद हुनुलाई पनि सेवन प्रयोजनको लागि राखिने परिमाणभन्दा अस्वाभाविक भन्न मिल्ने नदेखिने ।

अब यी प्रतिवादीहरूले भारतबाट सस्तोमा खरिद गरी महङ्गोमा बिक्री गर्ने गरेको कुरालाई स्वीकार गरेको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी दुवै प्रत्यर्थी / प्रतिवादीहरूले मौकाको बयानमा आफूहरूलगायत प्रशान्त गुरूङसमेत ३ जना भई बराबर लगानी गरी भारतबाट लागु औषध खरिद गरी ल्याई आफूले सेवन गर्नुका साथै नाफा लिई बिक्री गर्ने, सोही रकमले कोठा भाडा पनि तिर्ने गरेको भनी आरोपित कसुर गरेकोमा स्वीकार गरेको पाइए पनि अदालतमा बयान गर्दा निजहरू दुवै जना प्रतिवादीले लागु औषधको सञ्चय एवम् बिक्री वितरणमा अस्वीकार गर्दै आफूहरू सेवनकर्ता भएको र सेवनसम्मको कसुरमा सजाय भोग्न तयार रहेको भनी लेखाई दिएको पाइयो । त्यसैगरी बिक्री गर्ने उद्देश्यले सञ्चित गरी राखेको र बिक्रीको लागि हिँडिरहेको अवस्थामा पक्राउ परेको भन्ने अर्को पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा यी प्रतिवादीहरूले सो कुरालाई अस्वीकार गरी अदालतमा बयान गरिरहेको अवस्थामा आफ्नो दाबी जिकिरलाई शंकारहित तरिकाले पुष्टि गर्ने दायित्व वादी पक्षमा जाने हुन्छ । तर प्रस्तुत मुद्दामा न त वादी पक्षको साक्षीको रूपमा बकपत्र गर्ने प्रतिवेदकले यी प्रतिवादीहरूले को कसलाई बिक्री गर्ने गरेको वा बिक्रीको लागि सम्पर्क गरेको वा यो यसलाई यस किसिमले बिक्री गरिरहेको अवस्थामा पक्राउ परेको हो भनी खुलाउन सकेको देखिन्छ न त प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयानलाई खण्डन गर्ने किसिमको कुनै सबुद प्रमाण नै पेस गरेको पाइने ।

लागु औषधको ओसारपसारको **"कारोबार"** भन्ने **शब्द रचना**ले नै लागु औषधको व्यापारिक प्रयोजन देखिनुपर्ने हुन्छ । व्यापार गर्ने उद्देश्यले लागु औषधको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा मात्र खरिद बिक्रीतर्फको कसुर स्थापित हुन सक्ने स्थिति हुन्छ । त्यस प्रकारको स्थिति नदेखिएसम्म केवल सेवन प्रयोजनका लागि केही लागु औषध खरिद गरी कुनै निश्चित स्थानमा राखेको वा बोकी हिँडेको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसुर ठहर गर्नु मनासिब हुँदैन । यसै सन्दर्भमा **"लागु औषधको सेवन तथा ओसारपसार एउटै अपराध नभई भिन्न प्रकृतिका अपराध हुन् । सेवन गर्ने गरेको तथ्य स्थापित भएको भन्ने आधारमा ओसारपसार, बिक्री वितरणको कसुर स्थापित हुने होइन । व्यापारिक कारोबार प्रकृतिको बिक्री वितरणको उद्देश्य प्रमाणित**

हुन आवश्यक हुने" (ने.का.प.२०७६, अङ्क २, नि.नं.१०२०२) भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

त्यसैगरी **"कानूनको व्याख्या गर्दा त्यसबाट पर्न जाने प्रभावप्रति न्यायकर्ता सदैव गम्भीर रहनुपर्ने देखिन्छ। कानूनको यान्त्रिक व्याख्या गर्दा त्यसबाट अनपेक्षित परिणाम निस्कन गई न्यायबाट वञ्चित हुनुपर्ने अवस्थातर्फ पनि न्यायकर्ताले ध्यान पुऱ्याउन जरूरी हुन्छ। कानून र न्यायको समायोजन हुन नसके प्रतिवादीले न्याय प्राप्त गर्ने अवस्था नै रहन्न। अतः न्यायकर्ताले यस विषयमा गम्भीर भई न्याय सम्पादन गर्न वाञ्छनीय हुन्छ। तथ्यगत रूपबाट लागु औषधको कुलतमा लागेकालाई लागु औषधको कारोबारीको रूपमा सजाय गर्दा न्यायको भावना नै मर्न जाने हुँदा विवेकशील भई न्याय गर्नु न्यायकर्ताको मूलभूत र अन्तरनिहित कर्तव्य भएकोमा द्विविधा हुन नसक्ने"** (ने.का.प.२०७४, अङ्क ४, नि.नं.९७९२) भनी प्रतिपादित सिद्धान्तसमेतको आधारमा उच्च अदालत पोखराले यी प्रत्यर्थी / प्रतिवादीहरूको उल्लिखित कार्यलाई सेवनको कसुर ठहर गरी कम सजाय गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, विश्वराज गिरी र समिर श्रेष्ठलाई लागु औषध बिक्री वितरण तथा ओसारपसारको कसुरमा जनही २ वर्ष कैद र रू. एक लाख जरिवाना हुने ठहर गर्दै प्रतिवादी समिर श्रेष्ठका हकमा सोही ऐनको दफा १६ अनुसार पटकेमा थप २ वर्ष र जरिवाना रू. एक लाख हुने भनी कास्की जिल्ला अदालतले गरेको फैसलामा सजायको हकमा केही उल्टी गरी सेवनको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम जनही २ महिना कैद र रू.२,०००।- जरिवाना हुने र प्रतिवादी समिर श्रेष्ठलाई सोही ऐनको दफा १६ बमोजिम थप ३ (तीन) महिना कैद र रू.५,०००।– जरिवाना हुने ठहराएको उच्च अदालत पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७७ साल जेठ २० गते रोज ३ शुभम्।

इजलास नं.९

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-१३२१, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामकुमार खत्रीसमेत*

काका नाता पर्ने रामकुमार खत्रीको गर्भ धारण गरी नमुना खत्रीले आफ्नै ट्वाइलेटमा बच्चा जन्माई घाँटी थिची मारेको भनी प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। शौचालयको प्यानको छेउमा बच्चाको टाउको रही उत्तानो अवस्थामा थियो, बच्चा रोएको थिएन, तत्काल मैले सालनाल काट्दा बच्चाको चालमाल मात्र थियो भनी घटना विवरण कागज गरिदिने धनकुमारी खत्रीले मौकाको कागजमा उल्लेख गरेको देखिन्छ, सो तथ्यलाई अदालतमा बकपत्र गर्दासमेत निज धनकुमारीले उक्त मौकाको बयानलाई समर्थन हुने गरी बेहोरा उल्लेख गरेको देखिन्छ। जाहेरवाला विदुर खत्रीले जाहेरीमा लेखिएको बेहोरा मेरो होइन, जन्मदा बच्चा जिउँदो थियो, दुई घण्टापछि मात्र आफैँ मरेको हो भनी अदालतमा बकपत्र गरेको देखिन्छ। आमा र गाउँलेहरूले बच्चा र मलाई बाहिर निकाल्नुभयो र बच्चाको सालनाल काटिसकेपछि बच्चालाई नुहाइदिनुपऱ्यो भनी आमा पानी तताउन जानु भयो, सोही बेला बच्चा मऱ्यो भनी प्रतिवादी नमुना खत्रीले अदालतमा बयान गरेकी छिन्। वस्तुस्थिति मुचुल्कामा

बेहोरा लेखाउने नातीकाजी विष्टले ट्वाइलेटमा बच्चा जन्मिएको थियो, बच्चा जीवित थियो । बच्चा कसरी मऱ्यो थाहा भएन भनी मौकामा कागज गरेको देखिन्छ । प्रतिवादी नमुना खत्रीलाई उद्धार गर्दाका अवस्थामा अचेत थिइन नवजात शिशुको मृत्युमा प्रतिवादी नमुना खत्रीको कुनै प्रकारको संलग्नता छ भन्ने लाग्दैन भनी घटना विवरण कागज गर्ने हरिप्रसाद नेपालले अदालतमा बकपत्र गर्दा लेखाई दिएको पाइन्छ । शव परीक्षण प्रतिवेदनमा मास पूरा भएको जिउँदो जन्मिएको बच्चा Asphyxia को कारण मरेको भन्ने उल्लेख भएको देखिने।

अवैध गर्भ धारण गर्नु डरले ट्वाइलेटमा बच्चा जन्माउनु नै कर्तव्यको प्रमाण हुन सक्ने देखिँदैन । जन्मिएपश्चात् बच्चा पानीमा देखेपछि आफूले लिनु, तत्काल आमा र बच्चाको संरक्षणमा मानिस जुटी बच्चाको सालनाल काट्नेलगायत तातो पानीले नुहाइदिन पानी तताउँदासम्म बच्चा जिउँदो रहेका अवस्थालाई प्रतिवादीहरू नमुना खत्री र रामकुमार खत्रीको कर्तव्य मान्न मिल्ने देखिएन । जनुसुकै कारणबाट गर्भधारण भई बच्चा जन्मेको भए पनि बच्चा जन्माई प्रतिवादी नमुना खत्रीले प्रतिवादी रामकुमार खत्रीको निर्देशनमा बच्चा मारेको हो भन्ने परिस्थितिजन्य कुनै पनि प्रमाणले पुष्टि गर्न सकेको देखिएन । जिउँदो जन्मेको बच्चा दुई घण्टापछि मात्र मरेको हो भनी जाहेरवाला, घटना विवरण कागज गर्ने व्यक्तिहरू, वस्तुस्थिति मुचुल्का मानिसहरू एवम् प्रतिवादीहरूका साक्षीहरूसमेतले जिउँदै जन्मेको बच्चा आफ्नै कालगतिले मरेको भनी लेखाई दिएको स्थितिमा बच्चाको मृत्युमा प्रतिवादीहरू नमुना खत्री र रामकुमार खत्रीको संलग्नता रहेको थियो भन्न सकिने अवस्था नहुँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१३ मा भएको फैसलालाई अन्यथा मान्न नसकिने।

अतः विवेचित आधार र कारणबाट पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

इति संवत् २०७७ साल जेठ ८ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-CR-०५४०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. रामलोचनप्रसाद शाहसमेत*

मिसिल संलग्न प्रमाणहरूबाट पीडित र प्रतिवादीहरूबिच ज्यान नै लिनुपर्नेसम्मको रिसइवी रहेको देखिन आएको छैन । प्रतिवादीहरूउपर ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको ज्यान मार्ने उद्योगको कसुर आरोपित गरिएको छ। सो कसुर स्थापित हुन "मनसाय तत्त्व" आपराधिक मनसायको विद्यमानता हुन आवश्यक हुन्छ। ज्यान मार्ने मनसायले ज्यान मर्नेसम्मको कार्य गरेको अर्थात् मनसायलाई कार्यरूप दिन आपराधिक कार्य गरेको तर तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपको कारणले ज्यान मर्न नपाएको हुनुपर्छ। प्रतिवादीहरूको यो यस कारणले ज्यान मार्ने मनसाय रहेको तथा ज्यान मार्ने मनसायले प्रहार गरिएको तर यो कारणले ज्यान मर्न नपाएको बाधक तत्त्वको विद्यमानता थियो भनी प्रमाणित गर्ने अभिभारा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादीमा निहित हुने हुँदा वादी पक्षबाट सो देखाउन सकेको अवस्था छैन । वारदातमा प्रतिवादीहरूले पीडिलाई मार्नुपर्नेसम्मको रिसइवी मिसिल संलग्न तथ्यबाट देखिएन भने पीडित तेस्रो पक्षको अप्रत्यासित हस्तक्षेपबाट बच्न गएको भन्ने पनि देखिँदैन। पीडितको घाउ जाँच केस फाराम हेर्दा May be fatal भन्ने उल्लेख भएको तथा पीडित भनिएकी तारादेवी साह र

राजेन्द्रप्रसाद साहको घाउ जाँच केस फाराम हेर्दा धारिलो हतियारको प्रयोग भएको नदेखिएको, मार्नुपर्नेसम्मको पूर्वरिसइवी मिसिल संलग्न प्रमाणबाट नदेखिएकोले प्रतिवादीहरूउपरको ज्यान मार्ने उद्योगको कसुर पुष्टि हुन आएको देखिएन । तसर्थ, रामलोचन साहसमेतका प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी उच्च अदातल जनकपुर, राजविराज इजलासबाट मिति २०७४।१।१३ मा भएको फैसलालाई अन्यथा मान्न नसकिने ।

अतः विवेचित आधार र कारणबाट उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।१।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल जेष्ठ ८ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-CR-१४३४, ०७४-CR-०९६९, कर्तव्य ज्यान, भानुभक्त गिरी वि. नेपाल सरकार, नेपाल सरकार वि. भानुभक्त गिरी*

मृतकसँग झगडा भएको बेहोरालाई समर्थन हुने गरी म रक्सीले मातेको अवस्थामा मृतकसँग झगडा भएको सत्य हो भनी प्रतिवादीले अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । त्यस्तै प्रतिवादीले गरेको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भनी जाहेरी बेहोरामा किटान गरी उल्लेख गरेको देखिन्छ । मृतक तथा प्रतिवादीबिच विवाद हुँदा अन्य कुनै व्यक्तिको पनि संलग्नता थियो भनी यी पुनरावेदक प्रतिवादीले भन्न सकेको अवस्था पनि छैन । उजुरी चौधरीले सञ्चालन गरेको होटेल र किराना पसलमा यी दुवै पहिलेदेखि जाने आउने गर्ने गरेको र वारदातको दिन पनि त्यहाँ पुगी दुवैले थप रक्सी खाई सँगै हिँडेको तथ्यमा विवाद छैन । वस्तुस्थिति मुचुल्काका गंगाप्रसाद गुरागाई, पुण्यप्रसाद गुरागाईसमेतले रक्सीको नसाले पूरै मातेपछि घटनास्थलमा आइपुग्दा प्रतिवादीले मृतकलाई ढुङ्गा, लात्ती, मुड्कीसमेतले कुटपिट गरी घाइते बनाएको र उपचार गराइरहेको अवस्थामा मृत्यु भएको हो भनी लेखाइ दिएको देखिन्छ । त्यस्तै छातीको दायाँतर्फ सानो चोट रहेको, घाँटी, छातीमा नीलो डाम रहेको, दाहिने कम्मरको भागमा खोस्रिएको घाउ रहेको, बायाँ आँखामाथि चोट रहेको भन्ने घटनास्थल लास जाँच मुचुल्का रहेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Multiple blunt injury (frontal head injury peritonitis) भन्ने उल्लेख छ जसबाट यी प्रतिवादी र नोर्गप्रसाद गौतमबिच झगडा भएको र सो झगडा हुँदा प्रतिवादी भानुभक्त गिरीले नोर्गप्रसादलाई कुटपिट गर्दा घाइते भएको र घाइतेको उपचारकै क्रममा सोही चोटपीरको कारणबाट मृत्यु भएको तथ्य मालाकार रूपमा आएका तथ्य प्रमाणहरूबाट पुष्टि हुन आएको देखियो । यिनै प्रतिवादी मात्रको प्रहारबाट मृतक घाइते भएको र पाँच दिनपछि मृत्यु भएको हुँदा मैले हिर्काएको कारणबाट नोर्गप्रसाद गौतमको मृत्यु भएको होइन अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी प्रतिवादीले पुनरावेदन गर्दा लिएको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले अनुसन्धानमा बयान गर्दा नै २ जनाले ३/४ बोतल रक्सी खाएकोले मातेको सुरमा अचानक झगडा भएको हो भनी स्वीकार गरी बयान गरेका छन् । रूखको हाँगा माग्न गएका प्रतिवादी र मृतकबिच मादक पदार्थ खाएको सुरमा झगडा भएको अवस्था मृतकको मौकाको कागज बेहोरासमेतबाट देखिन्छ । अदालतमा बयान गर्दासमेत प्रतिवादीले रक्सीले मातेको अवस्थामा मृतकसँग झगडा भएको

सत्य हो मैले निजलाई मार्छु भन्ने मेरो इवी थिएन भनी बयान गरेको देखिने।

मृतक र प्रतिवादीबिच कुनै पूर्वरिसइवी भएको भन्ने जाहेरी बेहोरा एवं मिसिल प्रमाणबाट समेत खुल्न आएको देखिँदैन । यसरी मृतक र प्रतिवादीबिच पूर्वरिसइवी नभएको र मृतकलाई मार्ने पूर्वयोजना बनाएको वा जोखिमी हतियार प्रयोग गरेको वा लुकीछिपी हिर्काएको अवस्थामा लागेको चोटबाट मृत्यु भएको भन्ने पनि कुनै तथ्य प्रमाणहरूबाट पुष्टि हुन सकेको अवस्था नहुँदा प्रतिवादी भानुभक्त गिरीले नोर्गप्रसाद गौतमलाई मार्नुपर्ने मनसाय राखी कुटपिट गरेको अवस्था देखिएन। कर्तव्य ज्यान जस्तो गम्भीर कसुरमा सजाय गर्दा मनसाय तत्त्वलाई महत्त्वपूर्ण रूपमा हेर्नुपर्ने हुन्छ। त्यसरी ज्यान मार्ने रिसइवी तथा ज्यान लिनुपर्ने इवीसमेत नरहेको अवस्थामा प्रतिवादीलाई हुने सजायमा कमी हुने कानूनी व्यवस्था रहेको देखिन्छ। सो सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्थाले पनि ज्यान मार्ने मनसाय नरहेको अवस्थामा कसैले कुनै काम गर्दा कसैको ज्यान मर्न गएमा छुट्टै सजायको व्यवस्था गरेको हुँदा सँगसँगै रक्सी खाई हिँडेका यी दुई व्यक्तिमध्ये प्रतिवादी भानुभक्त गिरीले नोर्गप्रसाद गौतमलाई मार्नुपर्ने मनसाय रहेको नदेखिएको र कुनै हतियारको प्रयोगसमेत नदेखिएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीलाई सजाय गर्नु न्यायसङ्गत हुने नदेखिने।

प्रतिवादी भानुभक्त गिरीको कुटपिटबाट नोर्गप्रसाद गौतमको मृत्यु भएको देखिए पनि मृतक र प्रतिवादीको पूर्वरिसइवी नरहेको, प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारण नभएको, मादक पदार्थ सेवन गरेको सुरमा आपसमा परस्पर विवाद हुँदा उठेको रिस थाम्न नसकी प्रतिवादीले मृतकलाई ढुङ्गा तथा लात्ता, हातले छाडेको चोटको कारण मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.को कसुर ठहर गरी १०(दश) वर्ष कैद हुने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।३।२२ मा भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।८।२२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CR- ०२४८, ०७६-RC-०००१, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिनेश राय, नेपाल सरकार वि. राजेन्द्र चौधरी*

प्रतिवादीहरूको कसुरमा संलग्नताका सम्बन्धमा हेर्दा प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरी अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा गरेको बयानमा आरोपित कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ। निजले अनुसन्धानका क्रममा गरेको बयानमा मृतकको पति शम्भु चौधरी विदेश गएदेखि मृतकलाई घरायसी काममा सहयोग गरी आएको, शम्भु चौधरीले विदेशबाट पठाएको रूपैयाँ निजलाई दिने गरेको, सामानहरू मेरो पसलबाट दिने गरेको, मोबाइल किनी दिएको भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । मिति २०७१।४।१४ गतेदेखि ऐ.२८ गतेसम्म १५ दिनमा मृतक सविता चौधरीको मोबाइल नं.९८०१६०४६५२ तथा प्रतिवादी राजेन्द्र चौधरीबिच ५३९ पटक कुरा भएको वादी पक्षबाट प्रस्तुत Call detail बाट देखिन आएको छ । यी प्रतिवादीले आफ्नो कुनै पनि बयानमा त्यति पटक

कुरा गर्नुको कारण स्पष्ट रूपमा खुलाएको देखिँदैन । जाहेरवालाहरू प्रभु चौधरी, शम्भु चौधरीले अदालतमा गरेको बकपत्रमा प्रतिवादी राजेन्द्र चौधरीउपर मृतक सविता चौधरीलाई कर्तव्य गरी मारेकोमा किटानी पोल गरेको देखिन्छ । मृतक र प्रतिवादी राजेन्द्रबिच झै-झगडा भएको कुरा मृतकले आफ्नो श्रीमान् शम्भु चौधरीलाई फोनमा भनेको भनी लेखाएका छन् । प्रभु चौधरी र शम्भु चौधरीले गरेको बकपत्रमा मृतक र प्रतिवादी राजेन्द्रबिच अनैतिक सम्बन्ध रहेकोसमेत बेहोरा लेखाएको पाइन्छ । यसमा प्रत्यक्षदर्शी गवाह मानिएका ५ वर्षका जाहेरवाला शम्भु चौधरी र मृतक सविता चौधरीका छोरा काले भन्ने रेशम चौधरीले अदालतमा गरेको बकपत्रमा म मम्मीसँगै सुतेको बेला गोनु अङ्कल आई मम्मीलाई मारेको हो, गोनु अङ्कल कपाल समातेर घिसार्दै खुट्टा पक्रँदै तानेर मारेको हो, गोनु अङ्कलसँग एकजना अर्को व्यक्ति पनि थियो भन्ने वाक्यांश लेखाएको छ । यसरी कल डिटेल, पोष्टमार्टम रिपोर्ट, जाहेरवालाहरू शम्भु चौधरी र प्रभु चौधरीको बकपत्र, नाबालक रेशम चौधरीको बकपत्रसमेतका आधार प्रमाणहरूबाट मृतक गुडिया भन्ने सविता चौधरीको मृत्यु प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरीको कर्तव्यबाट भएको पुष्टि भएको देखिने ।

प्रतिवादी दिनेश रायको हकमा हेर्दा, निजलाई सर्लाही जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर ठहर भई फैसला भएको भए पनि पुनरावेदन अदालत जनकपुरबाट निजले सफाइ पाएको देखिन्छ । प्रतिवादी दिनेश राय अदालतमा गरेको बयानमा आरोपित कसुरमा इन्कार रहेको, जाहेरवाला शम्भु चौधरीले जाहेरी दरखास्तमा कर्तव्य गरी मृतकलाई मार्न प्रतिवादी शम्भु चौधरीलाई सघाएको भनी पोल गरे तापनि निज जाहेरवाला शम्भु चौधरीले अदालतमा गरेको बकपत्रमा मैले शंकाको आधारमा गल्तीले प्रतिवादी दिनेश रायको नाउँमा जाहेरी दिएको थिएँ, दिनेश भन्ने व्यक्ति निर्दोष हो भन्ने मेरो विश्वास छ भनी लेखाएको पाइन्छ । नाबालक रेशम चौधरीले गरेको बकपत्रमा गोनु अङ्कलसँग एकजना अरू भएको भनी लेखाए तापनि निजले प्रतिवादी दिनेश रायको नाम खुलाई वा अन्य कुनै तरिकाबाट परिचय खुलाउन नसकेको, प्रभु चौधरीले गरेको बकपत्रमा मृतक र प्रतिवादी दिनेश रायबिच अनैतिक सम्बन्ध रहेको बेहोरा लेखाए तापनि निजले दिएको जाहेरी दरखास्तमा कसैउपर पोल गर्न सकेको वा अन्य कसैको कागज, बकपत्र वा अप्रत्यक्ष प्रमाणबाट समेत निज दिनेश रायको संलग्नता पुष्टि हुन सकेको नदेखिँदा त्यो बकपत्रलाई आधारयुक्त मान्न सकिने अवस्था देखिएन। यसरी सङ्कलित सबुद प्रमाणहरूबाट प्रतिवादी दिनेश रायउपरको ज्यानसम्बन्धीको महलको १३(३) नं.को सजायको मागदाबी पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादी दिनेश रायलाई अभियोग मागदाबीबमोजिम सजाय होस् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सुरू सर्लाही जिल्ला अदालतबाट प्रतिवादीहरू गोनु भन्ने राजेन्द्र चौधरी र दिनेश रायलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको फैसला केही उल्टी भई प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरीलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी दिनेश रायले अभियोग मागदाबीबाट सफाइ पाउने गरी भएको उच्च अदालत जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ, पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरीको हकमा उच्च अदालत जनकपुरको साधक सदर हुने ।

प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. सदर भए पनि मुलुकी अपराध संहिता, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा रहेको व्यवस्था तथा उक्त ऐनहरू २०७५।५।१ गतेदेखि र संशोधित व्यवस्था मिति २०७६।१।२ देखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी गोनु भन्ने राजेन्द्र चौधरीलाई सर्वस्वसहित जन्मकैद सजाय नहुने भई निजलाई जन्मकैदसम्म सजाय हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

इति संवत् २०७६ साल फागुन ७ गते रोज ४ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-CR-१३८५, जबरजस्ती करणी उद्योग र ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. रूदल सहनी मलाह*

उच्च अदालत जनकपुरबाट प्रतिवादी रूदल सहनीलाई जबरजस्ती करणीको उद्योगतर्फ अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा सोही महलको ३(५) नं. बमोजिम तीन वर्ष एक महिना कैद हुने ठहरी फैसला भएको र सो फैसलाउपर प्रतिवादी रूदल सहनीको पुनरावेदन परेको नदेखिँदा जबरजस्ती करणीको उद्योग ठहर भएतर्फ थप विवेचना गर्नु नपर्ने।

वारदात भएको भनिएको मिति २०७१।११।२२ को दिन नै यी पीडिता जाहेरवाली स्वयंले इलाका प्रहरी कार्यालय बरहथवा, सर्लाहीमा जबरजस्ती करणी गर्ने उद्योग गरेको सम्बन्धमा स्वास्थ्य परीक्षण गरी आवश्यक अनुसन्धान गरिपाउँ भनी निवेदन दिएको र मिति २०७१।११।२३ मा सोही बेहोराको जाहेरी दिएको देखिन्छ भने मिति २०७१।१२।७ मा घटना विवरण कागज गर्दा ज्यान मार्ने उद्देश्यले कुटपिट गरेको भनी बेहोरा लेखाएको पाइन्छ । अदालतमा आई बकपत्र गर्दा होली पर्वमा रङ खेल्दा म आफ्नो घरतर्फ जाँदै गर्दा बाटोमा रूदल सहनी भेट भई मैले रङले रूदललाई छ्याप्दा रूदलले मलाई गाली गरी पञ्जाले दुई थप्पड हिर्काएपछि म भुइँ गिट्टीमा लडी आँखा मुखमा चोट लाग्न पुग्यो, अरू चोट लागेन, घाँटीको घाउ पहिलेको हो, तिघ्राको घाउ थाहा भएन, दाँतले टोकेको होइन, मैले लगाएको साडी चोलो साया प्रहरीले मागेपछि दिएको हो, साडी, चोलो, साया च्यातिएको थिएन, प्रतिवादीले जबरजस्ती करणी र ज्यान मार्ने उद्योगको घटना घटाएको छैन भनी अदालतमा आई जाहेरवालीले जाहेरी बेहोराको प्रतिकूल बकपत्र गरेको।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम प्रतिवादीले ज्यान मार्ने मनसायले पीडिता जाहेरवालीलाई जोखिमी हतियारले प्रहार गरेको नभई जबरजस्ती करणी गर्न सामान्य लछार पछार गरेकोसम्म देखिने।

प्रतिवादीले पीडिताको ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको भन्ने तथ्य मिसिलबाट देखिँदैन भने पीडिता जाहेरवालीउपर यी प्रतिवादीले ज्यान लिने उद्देश्यले कुनै धारिलो वा जोखिमी हतियारले प्रहार गरेको भन्नेसमेत मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन । प्रतिवादीले पीडिता जाहेरवालीलाई जबरजस्ती करणी गर्ने उद्देश्यले केही लछार पछारसम्म गरेको निज जाहेरवालीको शरीरमा

सामान्य घाउ चोटहरूसम्म रहेको भन्ने घाउ जाँच प्रतिवेदनबाट देखिने।

वारदात भएको भनिएको मितिमा नै यी पीडिताले आफैँ प्रहरी कार्यालयमा उपस्थित भई घटनाका सम्बन्धमा निवेदन दिएको, सुरूमा निवेदन दिँदा ज्यान मार्ने उद्योगको कसुरका सम्बन्धमा कुनै बेहोरा उल्लेख नगरेको, अदालतमा बकपत्र गर्दा, जाहेरी बेहोराको प्रतिकूल बकपत्र गरेको, प्रतिवादी मौकामा तथा अदालतमा समेत कसुरमा इन्कार रहेको, पूर्वरिसइवी रहेको नदेखिएको, कुनै जोखिमी हतियारले प्रहार गरेको भन्ने नदेखिएको र पीडिता जाहेरवालीको शरीरमा सामान्य घाउ चोट रहेको भन्ने देखिएको अवस्थामा ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नहुने।

प्रतिवादी रूदल सहनी मलाहले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू सर्लाही जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी रूदल सहनीलाई जबरजस्ती करणीको उद्योगतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा सोही महलको ३(५) नं. बमोजिम तीन वर्ष एक महिना कैद हुने र ज्यान मार्ने उद्योगतर्फको दाबीमा प्रतिवादीले सफाइ पाउने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७४।७।१७ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल जेठ १६ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०४५८, ०७४-CR-०६८०, जबरजस्ती करणी, सर्वजित वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. सर्वजित वि.क.समेत*

पीडिता जाहेरवालीले दिएको जाहेरी दरखास्तको अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया भन्ने महलमा प्रतिवादीहरू मोहनसिंह थापा, खड्कबहादुर सुनार र ओमप्रकाश वि.क. समेतको नाम उल्लेख भएको भए तापनि जाहेरी बेहोरामा अन्य प्रतिवादीहरूले समेत जबरजस्ती करणी गरेको भनी उल्लेख भएको तर यी प्रतिवादीहरू मोहन सिंह थापा, खड्कबहादुर सुनार र ओमप्रकाश वि.क.को नाम किटान गरी उल्लेख गर्न सकेको नपाइएको, जाहेरवालीको जाहेरी बेहोरा, मौकामा गरेको घटना विवरण कागज र अदालतमा आई गरेको बकपत्रमा फरकफरक तथ्य उल्लेख गरी निजको भनाइ नै विरोधाभाषपूर्ण देखिन आई अभियोग दाबी प्रमाणद्वारा पुष्टि प्रमाणित हुन नसके र प्रतिवादीहरू मोहनसिंह थापा र खड्कबहादुर सुनार मौकामा तथा अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेका, मौकामा पक्राउ हुन नसकी म्यादमा अदालतमा उपस्थित भएका प्रतिवादी ओमप्रकाश वि.क.ले कसुरमा इन्कार रही अदालतमा बयान गरेका र प्रतिवादीहरूको उक्त इन्कारी बयानलाई पुष्टि हुने गरी साक्षीहरूले अदालतमा आई बकपत्र गरिदिएको समेतका आधारमा यी प्रतिवादीहरू मोहनसिंह थापा, खड्कबहादुर सुनार र ओमप्रकाश वि.क. उपरको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नहुँदा यी प्रतिवादीहरू मोहन सिंह थापा, खड्कबहादुर सुनार र ओमप्रकाश वि.क.समेतलाई कसुरदार ठहर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान्

उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत मुद्दाका आरोपीहरूमध्येका फरार रहेका प्रतिवादी गुरताल कान्छो भन्ने लोकबहादुर सुनारका हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुलतबीमा रहने ठहरी निजका हकमा हाल कसुर स्थापित भइसकेको अवस्था नभएको र प्रतिवादीहरू मोहनसिंह थापा, खड्कबहादुर सुनार र ओम प्रकाश वि.क.ले अभियोगदाबीबाट सफाइ पाउने ठहरी निजहरूउपर कसुर स्थापित नभएको र प्रतिवादी सर्वजित वि.क.ले मात्र अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको ठहरेको हुँदा सफाइ पाएका प्रतिवादीका हकमा जबरजस्ती करणी गरेको नै नठहरेको अवस्थामा सामूहिक जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी मनासिब नदेखिने र हाल प्रतिवादी सर्वजित वि.क.उपर मात्र कसुर स्थापित भई निज एक जनालाई मात्र जबरजस्ती करणीको अभियोगको कसुरदार ठहरेको अवस्थामा गुरताल कान्छो भन्ने लोकबहादुर सुनारका हकमा कसुर स्थापित नभई प्रतिवादी सर्वजित वि.क.लाई मात्र हाललाई जबरजस्ती करणीको महलको ३क नं. बमोजिम सामूहिक जबरजस्ती करणीमा सजाय गर्न मिल्ने अवस्था नहुँदा प्रतिवादीहरूलाई सामूहिक जबरजस्ती करणीमा समेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पनि मनासिब नदेखिने।

प्रतिवादीहरूले जोरजुलुमसँग खगी पुलामी मगरको गहुँबारीमा लगी त्यही बारीमा लडाई प्रतिवादीमध्येका सर्वजित वि.क.ले मैले लगाएको सुरूवाल जबरजस्ती च्यात्ने खोल्ने र अन्य प्रतिवादीहरूले हातखुट्टा अँठ्याई मुख थुनेपछि पहिले सर्वजितले त्यसपछि गुरताल कान्छाले र अन्य प्रतिवादीहरूले मलाई पालैपालो जबरजस्ती करणी गरेका हुन् भनी यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र मौकामा कागज गर्दा गहुँबारीमा पुऱ्याइसकेपछि गुरताल कान्छा भन्ने लोकबहादुर सुनारले हातखुट्टा समाती अँठ्याई मुख थुनेको र सर्वजित वि.क.ले सुरूवाल जबरजस्ती च्याती खोली पहिलो पटक सर्वजित वि.क.ले मलाई जबरजस्ती करणी गरे भनी बेहोरा लेखाएको पाइन्छ भने अदालतमा बकपत्र गर्दा जाहेरी बेहोरा तथा मौकाको कागजको बेहोरा र सहीछाप आफ्नै हो भनी जाहेरी बेहोरा तथा मौकाको कागजलाई पुष्टि हुने गरी बेहोरा लेखाएको।

प्रतिवादी सर्वजित वि.क.उपरको किटानी जाहेरी, जाहेरवालीको मौकाको कागज, जाहेरवालीको बकपत्र, पीडित जाहेरवालीको स्वास्थ्य परीक्षण प्रतिवेदन, मौकामा बुझिएका परिवर्तित नाम शर्मिला शाही, शान्ति नेपालीले मौकामा गरेको कागज र सो कागजलाई समर्थित गरी अदालतमा गरिदिएको बकपत्र, सहप्रतिवादी मोहन सिंह थापाले मौकामा तथा अदालतमा समेत यी प्रतिवादी सर्वजित वि.क.लाई पोल गरी यी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको र यी प्रतिवादी स्वयंले अदालतमा गरेको बयानमा वारदात भएको भनिएको मिति समयमा जाहेरवालीसँग भेट भएको तथ्य स्वीकार गरेकोसमेतका आधारमा पीडितउपर यी प्रतिवादीले आरोपित वारदात घटाएको तथ्य स्थापित भई यी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको।

प्रतिवादी सर्वजित वि.क.ले जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको र निजले आफ्नो निर्दोषिता पुष्टि गर्न नसकेको तथा प्रतिवादीहरू मोहनसिंह थापा, खड्कबहादुर सुनार र ओमप्रकाश वि.क.उपरको अभियोग दाबी वादी नेपाल सरकारले पुष्टि प्रमाणित गर्न नसकेको तथा निजहरूको

इन्कारी बयान निजहरूका साक्षीको बकपत्रबाट पुष्टि भएको हुँदा क्षतिपूर्ति नभराएको हकमा सुरू फैसला केही उल्टी भई प्रतिवादी सर्वजित वि.क.बाट पीडिताले रू.१०,०००।- (दश हजार) क्षतिपूर्ति भराई पाउने र प्रतिवादी सर्वजित वि.क.लाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने तथा प्रतिवादीहरू मोहनसिंह थापा, खड्कबहादुर सुनार, ओमप्रकाश वि.क.लाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७२।१२।२ मा भएको फैसला सो हदसम्म सदर हुने ठहऱ्याई उच्च अदालत सुर्खेतबाट मिति २०७४।२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल असार ११ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-WO-०६३१, उत्प्रेषण, कृतिका गोल्छा वि. हेमनारायण माझी थारूसमेत*

हेमनारायण माझी थारूले आफू हुलास वायर इन्डष्ट्रिज लिमिटेडमा २०६० सालदेखि काम गर्दै आएको जिकिर लिएकोमा विपक्षीले निजको जिकिरलाई अन्यथा भन्न नसकी केवल ज्यालादारीमा काम गर्दै आएको भनी उल्लेख गरेको पाइन्छ। साथै प्रतिष्ठानले यी हेमनारायण माझी थारूलाई विगतमा खराब आचरण गरेको भनी सजायस्वरूप सचेतसमेत गराएको देखिँदा स्वयं प्रतिष्ठानको आचरण र व्यवहारबाट नै निज हेमनारायण माझी थारू स्थायी प्रकृतिको काम गर्ने कर्मचारी रहेको तथ्य प्रमाणित भएको देखिने।

श्रम ऐन, २०४८ को दफा ५३ मा प्रतिष्ठानको कुनै पनि स्थायी कामदार कर्मचारीलाई खराब आचरण सम्बन्धमा कारबाही र सजाय गर्दा अपनाउनुपर्ने कार्यविधि स्पष्टरूपमा व्यवस्था गरिएको छ । सो प्रावधानबमोजिम कारबाही गर्नुपूर्व स्पष्टीकरण पेस गर्न ७ दिनको म्याद दिनुपर्ने व्यवस्था रहेको पाइन्छ तर हुलास वायर ई.लि.ले सजाय गर्नुपूर्व ऐनको दफा ५३ मा भएको व्यवस्थाबमोजिम आरोप सम्बन्धमा स्पष्टीकरण पेस गर्ने अवसरसमेत प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हेमनारायण माझी थारूलाई सेवाबाट अवकाश दिने गरी मिति २०७३|११|१३ मा निर्णय गरेको पाइन्छ। यसरी कानूनविपरीत रहेको प्रतिष्ठानको सो निर्णयलाई बदर गर्ने गरी श्रम अदालतबाट मिति २०७४।११।९ मा भएको फैसलामा कुनै कानूनी त्रुटि नदेखिने।

हेमनारायण माझी चौधरीलाई सेवाबाट हटाउने गरी हुलास वायर इन्डष्ट्री लिमिटेडबाट मिति २०७३।११।१३ मा भएको निर्णय बदर गर्ने गरी श्रम अदालतबाट मिति २०७४।११।९ गते भएको फैसला कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।

इजलास नं.११

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-०९०८, जालसाजी, कमलापती कलवार वि. बृजे लोनिया

मुलुकी ऐन, जग्गा मिच्नेको ९ नं. ले कानूनबमोजिम रोक्का भएको जग्गा फुकुवा नभई आफ्नो हक पुग्ने भए पनि अर्कोलाई केही बेहोराले दिन र लिनेले पनि जानी जानी लिनु हुँदैन। दिए लिएको भए

बदर हुन्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। वादी बृजे लोनिया र प्रतिवादी कोइला लोनिया भएको २०४८ सालको दे.नं.१६५० को जग्गा हक कायम नामसारी मुद्दामा कपिलवस्तु जिल्ला अदालतबाट वादीको आधा हक कायम हुने ठहरी मिति २०५१।११।४ मा भएको फैसला पुनरावेदन अदालत बुटवलबाट सदर भई अन्तिम भएको देखिन्छ । तसर्थ, उल्लिखित कित्ता जग्गा प्रतिवादीले वादीको हक मेट्ने नियतले अर्को प्रतिवादी कमलापती कलवारलाई राजीनामा गरेको विषयमा सो कार्यलाई जालसाजी घोषित गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अदालत व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी केही नेपाल संशोधन गर्ने ऐन, २०५८ को दफा २ को उपदफा (३) ले तत्कालीन प्रचलित मुलुकी ऐन किर्ते कागजको महलको १८ नं. मा रहेको "सो काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र" भन्ने राखेकोमा वादी बृज लोनियाको आधा हक लाग्ने कि.नं. ४४७ र ४५३ को जग्गा प्रतिवादी कोइला लोनियाले प्रतिवादी कमलापती कलवारलाई २०५८।३।१२ मा राजीनामा गरिदिएको देखिँदा उक्त कार्यको नक्कल मिति २०६६।८।९ मा नक्कल सारी थाहा पाई किर्ते कागजको १८ नं. को कानूनी व्यवस्थाभित्र मिति २०६६।१०।२८ मा वादीले फिराद दाबी गरेको र उक्त दाबी २०५८ को संशोधनपश्चात् नै गरेको देखिँदा उक्त दाबीलाई हदम्यादभित्रको नै मान्नुपर्ने देखिने।

प्रतिवादी कमलापतीले जुन दाताबाट जग्गा प्राप्त गरेको छ उक्त जग्गा मिति २०५८।३।१२ मा प्राप्त गरेको उक्त जग्गामा दाताको आधा हक मिति २०५१।११।४ को यिनै वादी प्रतिवादी भएको जग्गा हक कायम नामसारी मुद्दाबाट र हक कायम भएपछि उक्त मुद्दा पुनरावेदन अदालत बुटवलबाट मिति २०५२।११।२९ मा सदर फैसला भइसकेपछि मात्र राजीनामा लिखत गरिदिएको देखिन्छ। उक्त जग्गा सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०४८।३।१९ को आदेशले आधा जग्गा रोक्का कायम भइरहेको र रोक्का फुकुवाका लागि वादीले मिति २०७०।१०।२ मा निवेदन दिएको अवस्थामा कानूनबमोजिम अधिकार नै नभएको जग्गा रजिस्ट्रेसन पारित गरिदिएको स्रोत नै दूषित देखिन्छ। हक नपुगेको जग्गा पारित गरिदिने दूषित दर्ताको यस्तो अवस्थामा हदम्याद नलाग्ने भनी यस अदालतबाट *ने.का.प. २०६६, अङ्क ३, नि.नं. ८१०५* मा "कानूनबमोजिम हुनै नसक्ने तथ्य र बेहोरा ढाटेर वा झुट्ठा बेहोरा उल्लेख गरेर अर्काको हकको जग्गा आफ्नो भनी वा अर्काको हकमा जानुपर्ने घर जग्गा सम्पत्ति आफ्नो हकमा आउनुपर्ने भनी जुनसुकै बेहोराले गरे गराएको दर्ता वा नामसारी दूषित हुन्छ। त्यसउपर असली हकवालाले कानूनको हदम्यादभित्र उजुर नगरेबाटै दुषित दर्ताले वैधता प्राप्त गर्न नसक्ने। दूषित क्रियाबाट भएको दर्तासमेतको कार्य प्रारम्भदेखि नै बदरभागी हुने भएकाले त्यसलाई उजुर गरी बदर गराइरहनु पर्दैन स्वयंमा गैरकानूनी, प्रभावहीन र अमान्य हुन्छ। त्यस्तो दूषित दर्तालाई विवाद उठेमा अदालतले जहिलेसुकै पनि बदर गराउन सक्ने" भन्ने सिद्धान्त प्रतिपादनसमेत भएको देखिँदा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरेको नजिर प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने नदेखिँदा उक्त आदेशसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित कित्ता नं. ४४७ र ४५३ को जग्गा प्रतिवादीले वादीको हक मेट्ने नियतले अर्को प्रतिवादी कमलापती कलवारलाई राजीनामा गरेको विषयमा सो कार्यलाई जालसाजी घोषित गरेको पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।२।३०

मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : नारायण सापकोटा
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७५ साल माघ १३ गते रोज १ शुभम् ।

इजलास नं.१२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा, *०६६-CI-०९७९, ०७०-CI-१०३७, निर्णय बदर, हक कायम, मिना मिश्र वि. आशाकाजी महर्जनसमेत, मनोहर गोपाल झासमेत वि. आशाकाजी महर्जनसमेत*

नापी शाखा, ललितपुरबाट प्राप्त फिल्डबुकमा उक्त कि.नं. ९६, १०५ र ३१२ को जोताहा महलमा बेखालाल महर्जन उल्लेख भई किसानको बेहोरामा कि.नं. ९६ मा गावाल बस्ने झा बाहुनलाई कुत तिरी जोती खाएको, कि.नं. १०५ मा गाबाहाल बस्ने माहिला झालाई कुत तिरी जोती खाएको र कि.नं. ३१२ मा गाबाहाल बस्ने माहिला बाहुनलाई कुत तिरी जोती खाएको भनी उल्लेख भएको देखिन्छ । उक्त जग्गा सम्बन्धमा पुनरावेदक वादीहरूले आफ्नी आमा कृष्णलिला ओझेनीका नाममा कुसविर्ताबाट रैकर परिणत भएको साबिक मौजा भैंसेपाटी रै.प.नं. ३३९ एवं रै.प.नं. ३८ को वेटी खलाको जग्गासँग भिड्ने भनी दाबी गरेका छन् भने प्रत्यर्थी प्रतिवादीमध्येका उपेन्द्र गोपाल श्रेष्ठले आफ्नो मावली बज्यै वाणीलक्ष्मीका नामको पा.वला ६५ नं. पोता लगतबाट भिड्ने निजी गुठीको जग्गा भन्ने दाबी रहेको छ । साथै प्रत्यर्थी प्रतिवादीमध्येका कमलेशानन्द राजोपाध्यायसमेतले पनि सोही ६५ नं. को पोता लगतको आधारमा दर्ता माग गरेको देखियो । निजहरूले एउटै लगतका आधारमा दर्ता माग गर्दा उपेन्द्र गोपालतर्फकाले आफ्ना मावली हजुर बज्यै वाणीलक्ष्मीले आफ्नी बज्यै अमृतवाणीसमेतलाई मिति १९६०।६।८।५ मा गरिदिएको शेषपछिको बकसपत्रबाट हक हुन आएको तथा मिति २०२१।११।३० मा ललितपुर दोस्रा मालमा रै.प. रकम दाखिल गरिसकेको भने तापनि हालसमेत सोही साबिक पोता लगतकै आधारमा दाबी गरेको एकातिर छ भने सो लगतबाट भिड्ने जग्गा नै विवादित कित्ताहरू हुन् भन्ने पुष्टि हुन सकेको छैन । सोही साबिक पोता लगतका आधारमा दाबी गर्ने प्रत्यर्थी प्रतिवादीमध्येका जलेशानन्द राजोपाध्यायसमेतले सो लगतमा आफ्नो के कसरी हक पुग्ने हो स्पष्ट उल्लेख गर्न सकेको अवस्था छैन । निजका कानून व्यवसायीबाट बहसमा वाणीलक्ष्मीका छोरातर्फका हकदार भनी व्यक्त भए तापनि १९६० को शे.व.मा छोराको जन्म नभएको बेहोरा लेखी छोरीहरूलाई बकसपत्र गरिदिएको भनी उल्लेख भएबाट छोरातर्फको हकदार भन्ने पुष्टि हुन सक्ने अवस्था देखिएन । साथै सो विर्ता लगत रै.प. को लागि २०२४।११।४ मा निवेदन दिई २०२४।११।६ मा रकम दाखिल गरेको भनी एउटै लगतको रै.प. को लागि फरकफरक पक्षले फरकफरक मितिमा निवेदन दिई रकम दाखिल गरेको भन्ने भनाइ नै पत्यारलायक नहुनुका साथै निजहरूले रैकर परिणत लगत पेस गर्न नसकी पोता लगतबाट दाबी गरेबाट निजहरूको दाबीसमेत यथार्थपरक नदेखिने ।

पुनरावेदक वादीहरूको दाबी जिकिर सम्बन्धमा हेर्दा साबिक सर्वनाथ झाको नाममा रहेको १९६० सालको माटो मुरी रोपनी पोता लगत रसिदको आधारमा २०१६।३।३१ गते कृष्णलिलाले ललितपुर पोता रजिस्ट्रेसन अड्डाबाट रसिद नं. ६८२ र ६८३ बाट पोता माफी कुस विर्ता सैवु खेतको तिरो तेज बहादुर गुभाजु हस्ते बुझाएको रसिद र १९६० सालको माटो मुरी २४...३ को लगत विवरणसमेत संलग्न गरी

मिति २०२६।११।१३ मा भूमि प्रशासन कार्यालय ललितपुरमा नामसारी रैकर परिणतको लागि निवेदन दिएकोमा मिति २०२६।१२।६ गते निज लगतवाला हकदार हो, होइन भन्ने सम्बन्धमा सर्जमिनसमेत गरी २०१६ देखि २०२३ सालसम्मको पोता तिरो लिने र २०२६ सालपछिको पोता तिरो जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेपछि कानूनबमोजिम लिने भनी मिति २०२६।१२।६ गते कृष्णलिलाको नाममा रैकर परिणत निर्णय भई १९६० कै विवरणमा उल्लिखित जग्गाको ११ वर्षको तिरो रसिद नं. ८३३६८ र ८३३६८७ बाट बुझाएको साबिक सैबु मौजाको रै.प.नं. ३३९।३८ वेटी खलाको जग्गा भन्ने दाबी रहेको देखियो। सोही जग्गाका सम्बन्धमा ३१८ नं. को लगतबाट भिडाई दर्ता माग गर्ने इन्दिरा झाले पनि आफ्नो दाबीको लगतबाट भिड्ने नभई कृष्णलिला ओझेनीको ३३९ लगतबाट भिड्ने हो भनी मालपोत कार्यालयमा मिति २०५८।१२।१९ मा नै दाबी छाडेकोसमेतबाट सो लगतभित्रको जग्गा नै रहेको देखिई पुनरावेदक वादीहरूकी आमा कृष्णलिला ओझेनी नै जग्गाधनी देखिने।

अब मोहीहरूका तर्फबाट परेको दाबीका सम्बन्धमा विचार गर्दा विवादित कि.नं. ९६, १०५ र ३१२ को फिल्डबुकमा उल्लिखित मोही बेखालाल महर्जनको श्रीमती र छोराहरू अष्टमाया, केशव र निरोज महर्जनले रैकर परिणत दर्ताको लागि मिति २०५३।२।२८ मा निवेदन दिएको रहेछ । कि.नं. १९ र २० का हकमा नानीमैया खड्का, कि.नं. २८ मा कुमालबहादुर थापा (मोही कृष्णबहादुरका छोरा), कि.नं. १५,१७ र २१ मा दिलबहादुर खड्का, कि.नं. १६ र १८ मा फिल्डबुकको मोही लक्ष्मण खड्काका छोराहरू चन्द्रबहादुर र अजयकुमार खड्का, कि.नं. २७ मा फिल्डबुकका मोही कान्छी थापाको छोरा ध्रुवबहादुर थापा र कि.नं. ७६ मा फिल्डबुकका मोही हाना महर्जनका छोराहरू आशाकाजी, सानुलाल र दशलालको दाबी परेको देखियो । उल्लिखित मोहीहरूले नापीमा कि.नं. ९६ मा महापाल बस्ने झा बाहुनलाई कुत तिरी जोती आएको, कि.नं. १०५ मा गावहाल बस्ने माइला झालाई कि.नं. ३१२ मा गावहाल बस्ने माहिला बाहुनलाई कुत तिरी खाएको बेहोरा लेखाएको पाइन्छ। कि.नं. १९, २०, १५, १७ र २१ मा महापाल बस्ने तिरहुते बाहुनलाई कुत तिरी आएको, कि.नं. २८ मा दौवहाल बस्ने राम झा लाई कुत तिरी जोती खाएको कि.नं. १६ मा ज.ध. नरदेवी बस्ने माइला बाजे, कि.नं. १८ मा ज.ध. पाटनढोका बस्ने ज्योति चा, कि.नं. २७ मा दौवहाल बस्ने राम झा, कि.नं. ७६ मा ज.ध. पुन्चुली बस्ने झा बाहुन भनी उल्लेख भएको पाइन्छ।

यसरी फरकफरक मोहीहरूले विवादित कित्ता जग्गाको जग्गाधनीको नाम फरकफरक उल्लेख गरेको अवस्थामा पुनरावेदक वादीहरूले सबै कित्ता आफ्नो आमा कृष्णलिला ओझेनीले रै.प. गराएको र दर्ताको लागि मिति २०५२।१२।४ मा निवेदन दिएकोमा मिति २०५३।४।६ मा आमाको परलोक भएकोले मिति २०५३।३।२ को र.नं. ६२०० को शेषपछिको बकसपत्रको आधारमा आफूहरूको हक हुन आएको भनी मिति २०५३।४।३२ मा सकार गरेको पाइयो । उक्त जग्गा आफ्नी आमाको नाममा के कसरी आएको भन्ने सम्बन्धमा साबिक कुस विर्ता सर्वनाथ झाको नाममा रहेकोमा निजको जीवनकालमा नै छोरा दुर्गानाथ झाको मृत्यु भएको कारणले बुहारी अर्थात् दुर्गानाथकी श्रीमती कृष्णलिलाको हक भई २०२६ सालमा रै.प. गराएको भन्ने दाबी रहेको छ । तिनै दुर्गानाथ झा भन्ने नै माइला बाजे माइला झा, तिरहुते बाहुन र राम झा भन्ने फरकफरक व्यक्ति नभई एकै व्यक्ति हो भनी मिति २०५५।७।१७ को

सर्जमिन मुचुल्का तथा ललितपुर उपमहानगरपालिका कार्यालय १८ वडा समितिको च.नं. २१५/०५५-५६ मिति २०५५।९।३ को सोही बेहोराको सिफारिस पत्रसमेत मिसिल सामेल रहेको देखिन्छ। यसका साथै यी विभिन्न स्थानमा बसोबास गर्ने विभिन्न नाम गरेको व्यक्ति हामीहरू हौं भनी कोही कसैको पनि निवेदन या जिकिर लिएकोसमेत पाइँदैन। विभिन्न कित्ता जग्गाका जोताहाहरूले वास्तविक जग्गाधनी यी वादीहरू होइनन् भनी जिकिर लिएको देखिए तापनि निजहरूले बाली वा कुत बुझाई आएका वास्तविक जग्गा भनी को हुन् भन्ने विषयमा खुलाएकोसमेत पाइँदैन। केवल समयमा वास्तविक जग्गाधनीहरूले रै.प. दर्ता नगरेको कारण हामी मोहीहरूको नाममा रै.प. दर्ता गरिपाउँ भनी माग गरेको देखिन्छ। मोहीहरूले बिर्ता जग्गा झा बाहुनको भनी स्वीकार गरेको देखिने।

अब, बिर्तावाल जग्गाधनीको रैकर परिणत नगरेको हुँदा मोहीका नाममा रै.प. दर्ता, हुनुपर्ने भन्ने प्रत्यर्थी प्रतिवादी मोहीहरूको दाबी जिकिर सम्बन्धमा हेर्दा बिर्ता उन्मुलन ऐन, २०१६ मा मिति २०४९।०५।२९ मा भएको तेस्रो संशोधनले थप गरेको दफा १२(क) मा "**२०४९ साल आषाढ मसान्तसम्ममा कसैको नाउँमा रैकरमा परिणत गरी दर्ता भई नसकेको "ख" श्रेणीको बिर्ता जग्गा सो जग्गा कमाउने व्यक्तिका नाउँमा मात्र दफा ७(क) बमोजिम दर्ता गरिने छ। सो अवधिपछि कुनै बिर्तावालको नाउँमा "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गरिने छैन र दर्ता भएको रहेछ भने पनि मान्यता हुने छैन**" भन्ने कानूनी व्यवस्था रहेको र सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा तर २०४९ साल आषाढ मसान्तभन्दा पहिले रैकरमा परिणत गर्ने वा दर्ता गर्ने विषयमा अदालतमा मुद्दा परी विचाराधीन रहेकोमा अदालतको निर्णयबमोजिम हुने छ र कुनै बिर्तावालाले आफ्नो नाउँमा रैकरमा परिणत गरी दर्ता गराउन वा माल वा मालपोत कार्यालयमा निवेदन दिई निरन्तर कारबाहीमा बसेको रहेछ र जग्गा कमाउने व्यक्तिले रैकरमा परिणत गरी दर्ता गराउन निवेदन दिएको रहेन छ भने मालपोत कार्यालयको निर्णयबमोजिम हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी बिर्ता उन्मूलन ऐन, २०१६ मा मिति २०४९।०५।२९ मा भएको तेस्रो संशोधनले थप गरेको दफा ७(क) मा भएको व्यवस्थालाई हेर्दा **"ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले यो दफा प्रारम्भ भएपछि नेपाल सरकारले तोकेको म्यादभित्र आफूसँग भएको वा आफूले जाने बुझेसम्मको सबुद प्रमाण र सो जग्गाको कित्ता नम्बर, चार किल्ला बिर्तावालको नाम, थर, वतन, कुतबाली, तिरोसमेत खुलाई त्यस्तो जग्गा आफ्नो नाउँमा दर्ता गर्नको लागि सम्बन्धित जिल्लाको माल वा मालपोत कार्यालयमा दरखास्त दिनुपर्ने छ"** भन्ने व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम बिर्ता उन्मूलन ऐन, २०१६ मा भएको तेस्रो संशोधनको व्यवस्थाअनुसार २०४९ साल आषाढ मसान्तसम्म कसैको नाममा रैकरमा परिणत गरी दर्ता भई नसकेको "ख" श्रेणीको बिर्ता जग्गा मात्र सो जग्गा कमाउने व्यक्तिका नाममा उक्त ऐनको दफा ७(क) बमोजिम दर्ता गर्न सकिने कानूनी व्यवस्था भएबाट प्रस्तुत विवादित जग्गाहरू वादीहरूको आमा कृष्णलिलाको नाममा रैकरमा परिणत भए, नभएको के हो ? भन्ने विषयमा समेत हेर्नुपर्ने हुन आउने।

पुनरावेदक वादीहरूकी आमा कृष्णलिला ओझेनीको ससुरा सर्वनाथ झाको नाममा रहेको १९६० सालको माटोमुरी रोपनी पोता रसिद भएको र उक्त लगत रसिदको आधारमा मिति २०१६।३।३१ मा कृष्णलिलाले ल.पु. पोता रजिस्ट्रेसन अड्डाबाट रसिद नं. ६८२ र ६८३ बाट पोतामार्फत कुस बिर्ता

सैंवु खेतको तिरो हस्ते ल.पु. गावहा बस्ने तेजबहादुर गुभाजुले सहीछाप गरी बुझाएको, २०१६ सालमा तिरो बुझाउँदा १९६० सालको जग्गाको माटो मुरी २४...३ रोपनीको लगत विवरण र २०१६ सालको तिरो बुझाएको रसिदसमेत संलग्न गरी द.नं. ४८०० मिति २०२६।११।१३ मा भूमि प्रशासन कार्यालय, ललितपुरमा नामसारी परिणत गर्न कृष्णलिला ओझेनीको नामबाट निवेदन दर्ता गरेको पाइयो। सो निवेदनउपर कारबाहीको क्रममा मालपोत कार्यालयबाट मिति २०२६।१२।६ मा हकदारको सम्बन्धमा सर्जमिनसमेत गरी २०१६ सालदेखि २०२३ सालसम्मको बालीको पोता तिरो लिने र २०२६ पछिको पोता तिरो ज.ध.प्र. पुर्जा प्राप्त गरेपछि कानूनबमोजिम लिने भनी मिति २०२६।१२।६ मा कृष्णलिलाको नाममा रैकर परिणत निर्णय भई १९६० सालकै विवरणमा उल्लिखित जग्गाको २०१६-२०२६ तक ११ वर्षको पोता तिरो भूमि प्रशासन कार्यालय, ललितपुरबाट माल तिरोको रसिद नं.८३३६८ र ८३३६७ को २ वटा रसिदबाट कुस बिर्तातर्फको भनी लगत कित्ताअनुसार तिरोसमेत बुझाएको देखिन्छ। यस अवस्थामा कृष्णलिलाले मिति २०२६।१२।६ को कुस बिर्तातर्फको पोता तिरो बुझाएको रसिद, सैवु मौजाको पोता तिरो रसिद, १९६० सालको लगत विवरणसमेतका आधारमा मिति २०२६।१२।६ मा विवादित जग्गा रैकरमा परिणत भएको देखिन्छ। फिरादी वादीहरूकी आमा कृष्णलिलाले रै.प.गरेको सैंबु भैसेपाटी रै.प.नं. ३३९ को क्षेत्रफल ५-१४-० र बेटीखला रै.नं. ३८ को क्षेत्रफल १९-०-० जग्गासँग भिडाई अन्यत्रको जग्गा दर्ताको लागि माग गरेको र सोबमोजिम जग्गा दर्ता भएको भन्नेसमेत देखिँदैन। यसका साथै विवादित जग्गाको सम्बन्धमा अनुसूची ७ मालपोत बुझेको रसिदमा जग्गाधनीको नाम, थर, वतनमा कृष्णलिला ओझेनी उल्लेख भई दाबीको जग्गा कुस बिर्ताबाट आएको भनी उल्लेख भएको देखिन्छ। यस अवस्थामा विवादित जग्गाहरू २०२६ सालमा नै रैकरमा परिणत भई जग्गा दर्ता नामसारी गर्ने प्रयोजनका लागि कृष्णलिलाले मालपोत कार्यालय, ललितपुरमा दिएको निवेदनकै निरन्तरताको लागि यी पुनरावेदक वादीहरू मिना मिश्र र जमुना झाले आमा कृष्णलिलाको मृत्युपश्चात् निवेदन सकार गरी रैकरमा परिणत भइसकेको जग्गा दर्ताको लागि माग गरेको देखिने।

दुर्गानाथ झाको श्रीमती कृष्णलिला झाले पतिको परलोक भइसकेको, छोराहरू कोही नभएका, भिन्न भई छुट्टै बसेका हकदारहरू भए तापनि हेरविचार नगरेको हुँदा विवाहित छोरीहरू मिना मिश्र र जमुना झासमेतले हेरविचार, स्याहार-संहार र पालनपोषण गरी आएकोले रिझाएबापत म मरेपछि मेरो नाममा आउने श्रीसम्पत्ति र मेरो नाममा रहेको सम्पूर्ण अष्टलोह श्रीसम्पत्ति बराबर भोग चलन गर्न पाउने गरी हक भइरहेको र हुन आउने सबै चल अचल श्रीसम्पत्ति आफ्नो गरी कानूनबमोजिम भोग गर्ने गरी र.नं. ६२०० मिति २०५३।३।२ मा शेषपछिको बकसपत्र लेखी दिएको पाइन्छ। माथि उल्लिखित विवादित १३ कित्ता जग्गा कुस बिर्ताबाट रैकर परिणत भएको कृष्णलिला ओझेनीको नामको साबिक मौजा भैसेपाटी रै.प.नं. ३३९ एवं रै.प. ३८ को वेटीखलाको जग्गासँग भिडी दर्ता हुने जग्गा दर्ता गरी प्रमाण पुर्जा पाउँ भनी कृष्णलिलाले मिति २०५२।१२।४ मा मालपोत कार्यालय, ललितपुरमा निवेदन दिएकोमा कृष्णलिलाको मिति २०५३।४।६ मा मृत्यु भएकोले उक्त शेषपछिको बकसपत्रको आधारमा निजका छोरीहरू अर्थात् वादीहरू मिना मिश्र र जमुना झाले मिति २०५३।४।३२ मा मुद्दा सकार गर्न मालपोत कार्यालय,

ललितपुरमा निवेदन दिएको देखियो । विवादित जग्गा दर्ताको लागि यी वादीहरूको तर्फबाट बिर्ता उन्मूलन ऐन, २०१६ मा २०४९ सालमा तेस्रो संशोधन हुनुभन्दा अगाडिदेखि नै वादीहरूको आमा कृष्णलिला ओझेनीको नाममा रैकरमा परिणत भइसकेको जग्गालाई दर्ता गर्ने प्रयोजनका लागि निरन्तर रूपमा कारबाहीमा बसेको देखिन्छ । यस अवस्थामा विवादित जग्गा यी प्रतिवादीहरूकी आमा कृष्णलिलाको नाममा २०२६ सालमा नै रैकरमा परिणत भई रैकर जग्गा दर्ताको लागि परेको निवेदनउपर कृष्णलिलाको मृत्युपश्चात् पनि यी वादीहरूले निवेदन सकार गरी निरन्तर रूपमा कारबाहीमा रहेको अवस्थामा बिर्तावालाले समयमा रैकरमा परिणत नगरेको भनी मोहीहरूका नाममा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) बमोजिम दर्ता गरिपाउँ भन्ने मोहीहरूको जिकिरसमेत मनासिब देखिन नआउने ।

अतः उल्लिखित आधार, कारण तथा प्रमाणबाट पुनरावेदक वादीहरूकी आमा कृष्णलिला ओझेनीले मिति २०२६।१२।६।५ मा नै कुस बिर्ता जग्गा रैकर परिणत गरी मालपोत तिरिसकेको र सोही कुस बिर्ताबाट रैकर परिणत भएको साबिक मौजा भैंसेपाटी रै.प.नं. ३३९ तथा ३८ को वेटीखलासँग भिड्ने जग्गाको पुर्जा पाउनको लागि मिति २०५२।१२।४ मा निवेदनसमेत दिएको अवस्थामा जग्गाधनीले रैकर परिणत गरी दर्ता भइसकेको प्रमाण पेस गर्न नसकेको भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६१।१२।३।४ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६५।३।२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू फिराद दाबीबमोजिम ललितपुर जिल्ला, सैबु भैंसेपाटी गा.वि.स. वडा नं. ६(क) कि.नं. २८ को १-१३-१, कि. नं. २७ को १-१३-१, कि.नं. ९६ को ०-८-०, कि.नं. १०५ को ४-०-०, कि.नं. ३१२ को ०-४-१, कि.नं. १९ को ०-११-०, कि.नं. २० को ०-१३-०, कि.नं. १५ को ०-१०-०, कि.नं. १७ को ०-११-०, कि.नं. २१ को १-१०-२, कि.नं. १६ को १-१-०, कि.नं. १८ को १-६-२ र कि.नं. ७६ को १-४-१ समेत १३ कित्ता जग्गाहरू पुनरावेदक वादीहरूका नाममा हक कायम भई दर्तासमेत हुने ।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र १३ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-CI-०९८०, ०७०-CI-१०३५, मिलापत्र बदर, मिना मिश्र वि. उपेन्द्र गोपाल श्रेष्ठसमेत, मनोहर गोपाल झासमेत वि. उपेन्द्र गोपाल श्रेष्ठसमेत
- ०६६-CI-०९८१, ०७०-CI-१०३४, हक कायम, मिना मिश्र वि. नानीमैया खड्का, मनोहर गोपाल झासमेत वि. नानीमैया खड्का
- ०६६-CI-०९८२, ०६६-CI-०९८७, १०३६, रैकर परिणात दर्ता, मिना मिश्र वि. अष्टमाया महर्जनसमेत, जतेन्द्र गोपाल श्रेष्ठसमेत वि. अष्टमाया महर्जनसमेत, अमरराज राजोपाध्यसमेत वि. अष्टमाया महर्जनसमेत
- ०६६-CI-०९८३, ०७०-CI-१०३८, हक कायम, मिना मिश्र वि. दिलबहादुर खड्का, मनोहर गोपाल झासमेत वि. दिलबहादुर खड्का
- ०६६-CI-०९८४, ०७०-CI-१०३९, हक कायम, मिना मिश्र वि. पवन थापा, मनोहर गोपाल झासमेत वि. पवन थापा

- ०६६-CI-०९८५, ०७०-CI-१०४०, हक कायम, मिना मिश्र वि. मनोज कुमार थापा, मनोहर गोपाल झासमेत वि. मनोजकुमार थापा
- ०६६-CI-११७४, हक कायमसमेत, अमरराज राजोपाध्यसमेत वि. जितेन्द्र गोपाल श्रेष्ठ
- ०६६-CI-११७३, मिलापत्र बदर, अमरराज राजोपाध्यसमेत वि. जितेन्द्र गोपाल श्रेष्ठसमेत
- ०६६-CI-०८२०, जालसाजी, अमरराज राजोपाध्यसमेत वि. जितेन्द्र गोपाल श्रेष्ठसमेत
- ०६६-CI-११७५, गुठी धर्मलोप, अमरराज राजोपाध्यसमेत वि. उपेन्द्र गोपाल श्रेष्ठसमेत
- ०६६-CI-०९८६, हक कायम, जितेन्द्र गोपाल श्रेष्ठसमेत वि. अष्टमाया महर्जनसमेत

इजलास नं.१३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७६-WH-०१६३, बन्दीप्रत्यक्षीकरण, सविता त्रिताल घिमिरे वि. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबारसमेत*

विपक्षी देवेन्द्र कार्कीले निवेदकका पति शंकर घिमिरेले गरिदिएको कागजको आधारमा मिति २०७६।८।६ मा वैदेशिक रोजगारको कसुरमा निजलाई कारबाही गरिपाउँ भनी वैदेशिक रोजगार विभागमा जाहेरी दरखास्त दिएको संलग्न अनुसन्धान मिसिलबाट देखिन्छ । यी निवेदकको पति शंकर घिमिरेलाई महानगरीय प्रहरी वृत्त बौद्धले वैदेशिक रोजगार विभागको पत्रानुसार वैदेशिक रोजगारको कसुरमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) बमोजिम जरूरी पक्राउपुर्जी जारी गरी मिति २०७६।८।११ मा पक्राउ गरी वैदेशिक रोजगार विभागमा बुझाएको देखिन्छ भने वैदेशिक रोजगार विभागले समेत देवेन्द्र कार्कीको जाहेरीले वैदेशिक रोजगारको कसुरमा प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नुपर्ने भएकोले हिरासतमा राखिएको छ भन्ने जानकारीसहित मिति २०७६।८।११ मा थुनुवा पुर्जी दिएर निवेदकका पति शंकर घिमिरेलाई थुनामा राखेको देखिन्छ । वैदेशिक रोजगार विभागबाट यी निवेदकका पति शंकर घिमिरेलाई फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम पक्राउ परेको २४ घण्टाभित्रै मुद्दा हेर्ने निकाय वैदेशिक रोजगार न्यायाधिकरणमा पेस गरी निजलाई वैदेशिक रोजगार कसुरमा अनुसन्धान तहकिकातको लागि थुनामा राख्न वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप अनुमति लिई निजलाई कानूनबमोजिम थुनामा राखी अनुसन्धान तहकिकातको कार्य भइरहेको मिसिल संलग्न कागजातबाट देखिँदा निवेदकका पति शंकर घिमिरेलाई के कुन मुद्दामा किन थुनामा राखिएको हो कुनै जानकारीसमेत नदिई विपक्षीहरूले गैरकानूनी थुनामा राखे भन्ने निवेदन दाबी सत्यतामा आधारित नदेखिने।

बन्दीप्रत्यक्षीकरणको रिटमा बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो । बन्दीप्रत्यक्षीकरणको निवेदनमा थुनाको कानूनी वैधता मात्र परीक्षण गरिने हुँदा रिट निवेदकलाई राखिएको थुना कानूनसम्मत हो वा गैरकानूनी हो भन्ने विषयमा मात्र सीमित रही आदेश गर्नुपर्ने हुन्छ । यसमा विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्यता खोजी गर्ने कार्य भने नगरिने।

यसरी वैदेशिक रोजगारको कसुरमा यी निवेदकका पति शंकर घिमिरे विरूद्ध विपक्षी देवेन्द्र कार्कीले वैदेशिक रोजगार विभागमा जाहेरी दरखास्त दर्ता गरेकोले निजलाई थुनामा राखेर अनुसन्धान तहकिकात गराउनु आवश्यक भएकोले वैदेशिक रोजगार विभागको अनुरोधमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) बमोजिम महानगरीय प्रहरी वृत्त, बौद्धले जरूरी पक्राउ पुर्जी जारी गरी यी निवेदकका पति शंकर घिमिरेलाई पक्राउ गरी वैदेशिक रोजगार विभागमा दाखिल गरेको देखिन्छ भने वैदेशिक रोजगार विभागले समेत यी निवेदकका पति शंकर घिमिरेलाई देवेन्द्र कार्कीको जाहेरीले वैदेशिक रोजगारको कसुरमा अनुसन्धान तहकिकातको लागि थुनुवा पुर्जी दिई थुनामा राखेको देखिन्छ । साथै वैदेशिक रोजगार विभागले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम यी निवेदकका पति शंकर घिमिरेलाई पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने निकाय वैदेशिक रोजगार न्यायाधिकरणमा पेस गरी वैदेशिक रोजगार कसुरमा थुनामा राखी अनुसन्धान तहकिकात गर्न वैदेशिक रोजगार न्यायाधिकरणबाट समेत म्याद थप अनुमति लिई यी निवेदकका पति शंकर घिमिरेलाई वैदेशिक रोजगारको कसुरमा कानूनबमोजिम थुनामा राखी अनुसन्धान तहकिकातको कार्य भइरहेको देखिँदा नियमित क्षेत्राधिकारअन्तर्गत साधिकार निकायबाट कानूनबमोजिम भइरहेको अनुसन्धानको कार्यलाई असर पर्ने गरी यस अदालतको रिट क्षेत्राधिकारबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था विद्यमान देखिएन । अत: प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम् ।